# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

विश्वेश्वरप्रसाद कोइराला (१९७१-२०३९) नेपाली साहित्यका कथा, उपन्यास, कविता, निबन्ध र आत्मकथा जस्ता विभिन्न विधामा कलम चलाउने स्रष्टा हुन् । कोइराला मनोवैज्ञानिक एवम् यथार्थवादी कथाकार हुन् । उनको कथायात्रा १९८७ देखि सुरु भएको हो । उनको कथायात्राको प्रारम्भ हिन्दी भाषाबाट सुरु भएको पाइन्छ । उनको पहिलो प्रकाशित कथा हिन्दी भाषामा लेखिएको 'वहाँ' हो । त्यसपछि उनका अन्य कथाहरू 'आफू जस्तै', 'भैया दाइ' र 'पथिक' प्रकाशित भएका छन् । नेपाली भाषामा लेखिएको उनको पहिलो कथा 'चन्द्रवदन' शारदा पत्रिकामा १९९२ सालमा प्रकाशित भयो । उनको यसै कथाबाट नेपाली साहित्यमा फ्रायडवादी मनोविश्लेषणात्मक कथाको प्रारम्भ भएको हो । कथाकार विश्वेश्वरप्रसाद कोइराला नेपाली साहित्यमा महत्त्वपूर्ण व्यक्तित्व मानिन्छन् । सङ्गीत र भावको सम्मिश्रणबाट जन्मिएको उच्चतम दर्शन नै साहित्य हो भन्ने कोइरालाले आफ्नो साहित्यमा अराजकतावादी सिद्धान्त रहेको धारणा प्रस्तुत गरेका छन् । उनको विचारमा साहित्यमा सम्राट पनि नाङ्गो हुन्छ । कोइरालाको साहित्यिक व्यक्तित्व निर्माणमा सिग्मन्ड फ्रायडको प्रभाव वा यौनमनोविश्लेषण, अस्तित्ववाद वा अराजकतावादी वैचारिकताले महत्त्वपूर्ण भूमिका खेलेको छ । हिन्दी, बङ्गाली, एसियाली, फ्रेन्च साहित्य र साहित्यकारको प्रभावले स्वतन्त्र साहित्यकार व्यक्तित्वको रूपमा कोइरालालाई स्थापित गरेको छ । हिन्दी भाषाका साहित्यकार शान्तिप्रिय द्विवेदीको संसर्ग र प्रेरणाबाट कोइराला औपचारिक रूपमा साहित्यिक फाँटमा प्रवेश गरेका हुन् । खासगरी आधुनिक नेपाली कथामा मानव मनका सूक्ष्मग्रन्थिको उद्घाटन, रूढिवादी धारणाले ग्रसित यौनको मनोविश्लेषण, सामाजिक कुण्ठा र विकृतिलाई सरल तथा सहज ढङ्गमा चित्रण गरी नेपाली कथा साहित्यमा युगान्तकारी परिवर्तन ल्याउने काम कोइरालाले गरेका छन् ।

विश्वेश्वरप्रसाद कोइरालाको साहित्यिक यात्रा हिन्दी भाषाबाट सुरु भई नेपाली भाषामा आइपुगेर विकसित हुन पुगेको देखिन्छ । कल्पना र बालजिज्ञासालाई समेटिएका उनका सुरुका हिन्दी कथाहरू आभ्यासिक शैलीका छन् । उनले छोटा रचनामा पनि तर्कको

कलात्मक रूप दिएर आफूलाई कथाको बाटोमा हिँड्न सक्ने गम्भीर सम्भावनाको ढोका खोलेका देखिन्छ । उनले सामाजिक विसङ्गति, मानसिक विकृति, कामवासनाको व्याख्या, मानवीय जैविक तृष्णा तथा त्यसलाई जगाउने प्रतीक योजनालाई प्रयोग गरी तिनका प्रभावलाई केलाएका छन् ।

विश्वेश्वरप्रसाद कोइरालाको कथायात्राको दोस्रो चरणमा *दोषी चश्मा* कथासङ्ग्रहमा १६ वटा कथा प्रकाशित भएका छन् । यस कथासङ्ग्रहमार्फत उनले मनोविश्लेषणको सफल चित्रण गरेको देखिन्छ । जैविक इच्छाको प्रेरणा, प्रक्रिया र प्रभावलाई उनका यी कथाहरूले निकै मार्मिक रूपमा प्रस्तुत गरेका छन् । यी कथाहरूमा उनी सामाजिक र मानसिक विसङ्गतिको विश्लेषण गर्न निकै सफल देखिन्छन् । उनले परम्परागत थोत्रा मान्यताहरूले मानिसका मनमा पारेको प्रभावलाई उत्कृष्ट शैलीमा उतारेका छन् । यौनविश्लेषणका माध्यमबाट समाजको विश्लेषण गरी मन र समाजको कुरूपतालाई उल्लेख गर्नु उनको मूल प्रवृत्ति देखिन्छ । उनले आर्थिक अभावलाई मनोविज्ञानको विश्लेषणका सन्दर्भमा संयोजन गर्ने कला प्रस्तुत गर्दै महत्त्वपूर्ण योगदान दिएका छन् । शारीरिक र मानसिक अवस्थाको सुन्दर र कुरूप पक्षका कारण उत्पन्न हीनताबोध र द्वन्द्वात्मक मनलाई प्रकाश पार्नु, मर्मस्पर्शी भावको अभिव्यक्ति संवेगात्मक आग्रहबाट परिचालित पात्रहरूको मनोदशाको उद्घाटन गर्नु उनका कथागत वैशिष्ट्य हुन् । त्यस्तै कथाकार विश्वेश्वरप्रसाद कोइरालाको कथायात्राको अन्तिम चरणमा ‘श्वेतभैरवी’ कथासङ्ग्रह प्रकाशित भएको छ । यस समयमा संख्यात्मक रूपले थोरै भए पनि गुणात्मक रूपमा बलिया कथाहरू रहेका छन् । उनका कथामा यौनमनोविज्ञान, सामान्य मनोविज्ञान, समाज मनोविज्ञान र बालमनोविज्ञानको अभिव्यक्ति पाइन्छ । उनले मानवजीवनमा जैविक इच्छाको प्रबल शक्तिलाई सूक्ष्म विश्लेषण गरेका छन् । उनका कथामा समाज र यौनको प्रभाव र त्यसका परिणतिलाई व्यक्त गरेको पाइन्छ । यौन आवेगको अनियन्त्रित रूपलाई मनोविश्लेषणात्मक ढङ्गले व्यक्त गर्ने कला र सामाजिक स्वरूपलाई व्यक्तिका मनमा पारेको असरलाई केलाउने कला उनका कथामार्फत प्रकट भएका छन् । कथाकार विश्वेश्वरप्रसाद कोइरालाका कथाहरूलाई विभिन्न सिद्धान्तका आधारमा अध्ययन गर्न सकिन्छ तर यहाँ लैङ्गिकताका आधारमा छुट्टै अध्ययन गरिएको छ ।

साहित्य समालोचनाको उत्तरआधुनिक युगमा सांस्कृतिक अध्ययनमा रहेका विभिन्न पद्धतिमध्ये लैङ्गिकता पनि एक हो । यो अङ्ग्रेजी जेन्डर स्टडिज (Gender studies) को नेपाली रूपान्तर हो । लैङ्गिक अध्ययनले समाजमा महिला र पुरुषको प्रतिनिधित्व कसरी

भएको छ भन्ने कुराको नभई सामाजिक र सांस्कृतिक पक्षको अध्ययन र विश्लेषण गर्दछ । साहित्यिक कृतिमा व्यक्त तत्कालीन समाजको लैङ्गिक धारणा र लेखकको लैङ्गिक दृष्टिकोणको विश्लेषण पुरुषवाद, सन्दिग्धतावाद, सबाल्टर्न आदि सिद्धान्तका साथै मार्क्सवाद, नारीवाद, पुरुषवाद, सन्दिग्धतावाद, सबाल्टर्न आदि सिद्धान्तका आधारमा अध्ययन गर्न सकिन्छ । प्रस्तुत शोधकार्यमा लैङ्गिक र वर्गीय शक्तिसम्बन्ध, वर्गीय र जातीय पहिचान तथा लैङ्गिक उत्पीडनसम्बन्धी मान्यताका आधारमा विश्वेश्वरप्रसाद कोइरालाका कथाहरूको अध्ययन गरिएको छ ।

लिङ्गलाई प्राकृतिक लिङ्ग र लैङ्गिकतालाई सामाजिक लिङ्ग भनिन्छ । लिङ्गकै आधारमा परिवार, समुदाय, राष्ट्र र अन्तर्राष्ट्रिय रूपमा व्यक्तिले निर्वाह गर्ने विभिन्न भूमिका तथा जिम्मेवारीहरूमा हुने विभेद र भिन्नता लैङ्गिकताभित्र पर्दछन् । घरभित्रका कार्य, शिक्षा, रोजगारी, आर्थिक स्वामित्व, आत्मसुरक्षा, सामाजिक सुरक्षा, पारिवारिक जिम्मेवारी, नेतृत्व, जाति तथा थर परिवर्तन आदि सामाजिक सम्बन्धहरू लैङ्गिकतासँग सम्बन्धित छन् । पाश्चात्य साहित्यमा सन् १९६० को दशकमा विकसित सांस्कृतिक अध्ययनमा लैङ्गिकतालाई महत्त्वका साथ उपयोग गर्ने गरिएको देखिन्छ । प्रस्तुत शोधमा लैङ्गिकताका यिनै सन्दर्भलाई आधार बनाएर कोइरालाका कथाको अध्ययन गरिएको छ । कोइराला मनोविश्लेषणवादी कथाकारका रूपमा प्रसिद्ध छन् तर लैङ्गिकताका दृष्टिले पनि उनका कथा त्यत्तिकै अध्ययनीय रहेका छन् । नेपाली समाजमा व्याप्त लैङ्गिक विभेद र उत्पीडनका साथै पितृसत्तात्मक वर्चस्वले नारी र पुरुषको सम्बन्धमा पारेको प्रभाव उनका कथामा विशिष्ट रूपले देखिन्छ । यसै कुरालाई दृष्टिगत गरी यस शोधकार्यमा कोइरालाका कथामा लैङ्गिकताको अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

प्रस्तुत शोधकार्यको मूल समस्या कोइरालाका कथामा लैङ्गिकताको अध्ययन र विश्लेषण गर्नु रहेको छ । कोइरालाका कथामा लैङ्गिकताको विश्लेषणका लागि नारी र पुरुष पात्रहरूको लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध, नारी र पुरुष पात्रको लैङ्गिक, वर्गीय र जातीय पहिचानका साथै नारी र पुरुष पात्रहरूमाथि गरिएको वर्गीय शोषण र लैङ्गिक उत्पीडनको अवस्थाको विश्लेषण गर्नु नै यसको समस्या हो । यही समस्यालाई स्पष्ट पार्नका लागि निम्नानुसारका शोधप्रश्नसँग सम्बद्ध सामग्रीको विश्लेषण गरिएको छ :

(१) विश्वेश्वरप्रसाद कोइरालाका कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध के कस्तो रहेको छ ?

(२) विश्वेश्वरप्रसाद कोइरालाका कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान के कस्तो रहेको छ ?

(३) विश्वेश्वरप्रसाद कोइरालाका कथामा वर्गीय शोषण र लैङ्गिक उत्पीडनको स्वरूप कस्तो रहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधका उद्देश्य निम्नानुसारका छन् :

(१) विश्वेश्वरप्रसाद कोइरालाका कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धको विश्लेषण गर्नु,

(२) विश्वेश्वरप्रसाद कोइरालाका कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचानको विश्लेषण गर्नु,

(३) विश्वेश्वरप्रसाद कोइरालाका कथामा वर्गीय शोषण र लैङ्गिक उत्पीडनको स्वरूपको निरूपण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधकार्यको शीर्षक 'विश्वेश्वरप्रसाद कोइरालाका कथामा लैङ्गिकता' को अध्ययन हो । विश्वेश्वरप्रसाद कोइरालाका कथाहरूको अध्ययन प्रशस्त भए पनि यस शोधकार्यको समस्यामा उल्लेख भएका प्राज्ञिक जिज्ञासाको सम्यक अध्ययन यसअघि भएको पाइँदैन । लैङ्गिक अध्ययन सांस्कृतिक अध्ययनभित्र पर्ने एउटा अंश हो । सांस्कृतिक अध्ययनको विधातात्विक दृष्टिकोणबाट कोइरालाका कथाहरूको अध्ययन प्रशस्त मात्रामा भए तापनि लैङ्गिक मान्यताका आधारमा भने विश्लेषण भएको देखिँदैन । यस सन्दर्भमा प्रस्तावित शोधको विषयसँग सम्बन्धित जे जस्ता पूर्वअध्ययनहरू उपलब्ध छन्, यहाँ तिनको कालक्रमिक रूपमा यसरी समीक्षा गरिएको छ :

मिरा मिश्र र बिन्दु पोखेलले *लैङ्गिक अध्ययन* (२०६७) नामक पुस्तकमा सङ्कलित 'सामाजिकीकरण तथा लैङ्गिकता' शीर्षकको लेखमा सामाजिकीकरण गर्ने संस्थाहरू परिवार, समुदाय, पाठशाला, राज्य, धर्म, बजार हुन् भन्ने कुराका बारेमा चर्चा गरेका छन् । समाजमा

पितृसत्ताका कारणले गर्दा पुरुषहरूको स्थान महिलाको भन्दा उच्च रहने गर्दछ। महिलाभन्दा पुरुष बढी शक्तिशाली, बढी इज्जतदार र बढी साधन स्रोतले सम्पन्न भएका हुन्छन् भन्ने कुरालाई उल्लेख गरिएको छ। नेपालको पारिवारिक प्रणाली, पितृसत्ता र लैङ्गिकता, बहुपति, बहुपत्नी प्रथा, लिङ्ग र लैङ्गिकताको परिभाषा, लैङ्गिकताको सामाजिक प्रयोग, लैङ्गिक सम्बन्ध, समता र समानता लैङ्गिकतामा आधारित हिंसा तथा महिला विरुद्धको हिंसा, पारिवारिक लैङ्गिक हिंसाको भूमिकाको बारेमा चर्चा गरेका छन्। उनका अनुसार महिला र पुरुषको भिन्नाभिन्नै सामाजिक परिचय रहेको छ, त्यो नै समाजको लैङ्गिक पहिचान हो भनेर व्यक्त गरेका छन्। घरभित्र वा घरबाहिरका काममा पनि महिला र पुरुषको काममा बाँडफाँट गरिएको हुन्छ। समाजले नै महिला र पुरुष बीचमा जन्मँदादेखि नै फरक काम छुट्याएको हुन्छ, जस्तै :- पुरुषप्रधान समाजले पुरुषलाई बाहिरी संसारसित जोडेर कमाउने, परिवार पाल्ने र परिवारको रक्षा गर्ने व्यक्तिको रूपमा परिभाषित गरेको हुन्छ भने महिलालाई घरभित्रको व्यक्तिको रूपमा हेरेको हुन्छ। जसको प्रमुख जिम्मेवारी भनेको बच्चा जन्माउने, स्याहार्ने, घरको कामको जिम्मेवारी लिने, बुढाबुढी र बिरामीको स्याहार गर्ने र लोग्नेतर्फको नातेदारहरूसँगको सम्बन्धलाई बलियो बनाउनुपर्ने हुन्छ। पितृसत्ताले महिलाको शरीरमा, श्रममा, प्रजननमा, यौनिकतामा, हिँडडुलमा र विचारधारामा समेत नियन्त्रण गर्दछ। शरीर तथा प्रजननमा नियन्त्रण भएका कारणले गर्दा छोरीहरूलाई सानै उमेरमा विवाह गरिदिएका हुन्छन्। यस्तो कुसंस्कार र कुसंस्कृतिलाई हामीले जरैदेखि हटाउनुपर्ने विचार लेखकद्वयले व्यक्त गरेका छन् भने हालको समाजमा महिलाहरू घरको कामका अतिरिक्त जागिर खाने, घरबाहिर पनि सबैसँगको सम्बन्धलाई बलियो बनाउन सक्षम भएका छन् भन्ने कुराको भने विश्लेषण गरिएको पाइँदैन। यसका साथै कुनै पनि क्षेत्रमा पुरुषभन्दा महिला पनि बढी शक्तिशाली हुन सक्ने कुराको पनि विश्लेषण गरेको देखिँदैन।

ज्ञानू पाण्डेले *नेपाली उपन्यासमा लैङ्गिकता* (२०६९) नामक पुस्तकमा लैङ्गिक सिद्धान्तका बारेमा उल्लेख गरेकी छन्। उनले आफ्नो पुस्तकमा मान्छे प्रकृतिको सर्वश्रेष्ठ सिर्जना हो र सृष्टिको वरदान पनि मान्छे नै हो भनेकी छन्। मान्छेमा अस्तित्वका दुई प्रथम स्वरूप हुन्छन्, तीमध्ये एउटा महिला मान्छे र अर्को पुरुष मान्छे ! शारीरिक बनावटका दृष्टिले यी दुई परस्परमा भिन्न छन् तापनि हैसियत र सम्मानका दृष्टिले समान रहेको कुरा उनले व्यक्त गरेकी छन्। प्रकृतिशास्त्रको मर्म र महत्त्वलाई बेवास्ता गरी यदि महिला वा

पुरुष कुनै एकले आफूलाई अर्कोभन्दा बढी शक्तिशाली ठान्छ वा कमजोर मान्छे ठान्छ भने त्यो केवल उसको परिवेशजन्य दृष्टिदोष मात्र हो । हामीले यी दुई व्यक्तिका बीचमा भिन्नता गरिनु हुँदैन भन्ने धारणा व्यक्त गरेकी छन् । उनले आफ्नो पुस्तकमा उल्लिखित *सुभद्रा बज्यै, स्वास्नी मान्छे, अनुराधा, तीन घुम्ती, तरुणी खेती, उसको लोग्ने र बिरालो, सामानान्तर आकाश, मानसी, सुमन चण्डिका, सिक्काका दुई पाटा, बदलिँदो क्षितिज* र *अनावृत* गरी जम्मा बाह्रवटा उपन्यासमा देखिएका सामाजिक, आर्थिक, सांस्कृतिक, पारिवारिक र राजनीतिक कारणले गर्दा ती उपन्यासमा देखापरेका पात्रहरूलाई लैङ्गिक कोणबाट व्याख्या र विश्लेषण गरेकी छन् । त्यसैले यो कार्य सैद्धान्तिक तथा व्यावहारिक दुवै तवरले उपयोगी रहेको छ ।

टङ्क पन्तद्वारा लिखित 'कोइरालाका कथाका पात्रमा निहित मानसिक द्वन्द्व' (२०७१) शीर्षकको लेखमा कोइरालाका विभिन्न कथामा पात्रहरूको मानसिक द्वन्द्वलाई विश्लेषण गरिएको छ । उक्त लेखमा कोइरालाको साहित्यिक तथा राजनीतिक परिचय दिँदै कोइरालाका मनोवैज्ञानिक, सामाजिक द्वन्द्व, सामाजिक यथार्थको चित्रण, चरित्रचित्रणमा विविधता र सूक्ष्मता, संवादात्मक प्रस्तुति, प्रतीक विधान, भाषशैली जस्ता प्रवृत्तिका बारेमा विश्लेषण गरिएको छ । त्यसैगरी कोइरालाका कथामा निहित मानसिक द्वन्द्वको विश्लेषण गर्ने क्रममा चन्द्रवदन, 'सिपाही', 'मधेसतिर', दोषी चश्मा, 'हरिदत्त', महाराजको सवारी, कर्नेलको घोडा, 'पवित्रा', स्कूलमास्टर, 'स्वेटर', 'बौलाहा', 'रिक्सा तान्ने', श्वेतभैरवी, एक रात कथाका पात्रका दमित कुण्ठा, घृणा, पीडा, खुल्दुली जस्ता आन्तरिक र बाह्य द्वन्द्वको चित्रण गरिएको छ । पन्तको यस समीक्षात्मक अध्ययनबाट विश्वेश्वरप्रसाद कोइरालाका कथामा प्रतिनिधित्व गरेका पितृसत्तात्मक समाजका कारण लैङ्गिक उत्पीडनमा परेका पात्रहरूको अध्ययन गर्न सहयोग पुगेको छ ।

दीपककुमार पोखरेलले 'रूपमती उपन्यासको लैङ्गिक अध्ययन' (२०७१) शीर्षकको अप्रकाशित दर्शनाचार्य तहको शोधकार्यमा लैङ्गिक अध्ययनको सैद्धान्तिक आधार, परिभाषामा केन्द्रित रहेर लैङ्गिक अध्ययनको विकास के कसरी भएको छ भन्ने बारेमा उल्लेख गरेका छन् । उनले लैङ्गिक अध्ययनका मान्यताका रूपमा पुरुषवादी लैङ्गिक अध्ययन र सांस्कृतिक अध्ययनको सम्बन्धका बारेमा पनि स्पष्ट विचार व्यक्त गरेका छन् । उनले *रूपमती* उपन्यासको लैङ्गिक विश्लेषण गर्ने क्रममा उपन्यासमा देखापरेका पात्रहरूको शक्तिसम्बन्ध, लैङ्गिक उत्पीडन, प्रभुत्वशाली वर्ग, प्रतिनिधित्व र पहिचानका आधारमा विश्लेषण गरेका

छन् । उनले यस शोधकार्यमा फान्सेली चिन्तक मिसेल फुकोको शक्तिसम्बन्धी मान्यतालाई लैङ्गिकताका आधारमा विश्लेषण गरेको देखिन्छ तर जातीय र राजनीतिक शक्तिका कारणले गर्दा पनि समाजलाई प्रभाव पार्न सक्ने कुरालाई भने व्यक्त गरेका छैनन् । उनले हाम्रो समाजका महिला मात्र लैङ्गिक उत्पीडनमा नपरेर पुरुषहरू पनि कहीँ कतै नारीको उत्पीडनमा परेका छन् भन्ने कुरालाई भने प्रस्ट्याएका छैनन् । त्यसै कारणले गर्दा उक्त कार्य सैद्धान्तिक तथा व्यावहारिक दृष्टिले यस शोधकार्यसँग अन्तर्सम्बन्धित रहेको छ । यस समीक्षात्मक अध्ययनबाट पनि विश्वेश्वरप्रसाद कोइरालाका कथामा प्रतिनिधित्व गरेका पितृसत्तात्मक समाजका कारण लैङ्गिक उत्पीडनमा परेका पात्रहरूको अध्ययन गर्न सहयोग पुगेको छ ।

विजेता चौधरीद्वारा 'विश्वेश्वरप्रसाद कोइरालाका कथामा मधेस चिन्तन' (२०७१) शीर्षकको लेखमा 'पुस्तक', 'मधेसतिर', श्वेतभैरवी, सान्नानी कथामा प्रयुक्त मधेस चिन्तनका बारेमा विभिन्न कोणबाट विश्लेषण गरिएको छ । साहित्यकार कोइरालाका कथा साहित्यमा प्रयुक्त मधेस चिन्तनले निःसन्देह स्थानीय मधेसी संस्कृति, संसार र भाषाको वकालत गरेको छ भन्ने तथ्यलाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ । यस समीक्षात्मक अध्ययनबाट विश्वेश्वरप्रसाद कोइरालाका कथामा प्रतिनिधित्व गरेका पितृसत्तात्मक समाजका कारण लैङ्गिक उत्पीडनमा परेका पात्रहरूको अध्ययन गर्न सहयोग पुगेको छ ।

ध्रुवराज गौतमद्वारा 'कोइरालाका कथाका पात्रहरूको वर्गीय विभाजन' (२०७१) शीर्षक लेखमा वर्गको सामान्य परिचय दिई कोइरालाका कथामा पात्रलाई उच्चवर्गीय पात्र, मध्यमवर्गीय पात्र तथा निम्नवर्गीय पात्रमा वर्गीकरण गरी अध्ययन तथा विश्लेषण गरिएको छ । गौतमको यस समीक्षात्मक अध्ययनबाट विश्वेश्वरप्रसाद कोइरालाका कथामा प्रतिनिधित्व गरेका पितृसत्तात्मक समाजका कारण लैङ्गिक उत्पीडनमा परेका पात्रहरूको अध्ययन गर्न सहयोग पुगेको छ ।

राधिकादेवी गुरागाईंको 'स्वास्नीमान्छे नाटकमा लैङ्गिकता' (२०७१) शीर्षकको लेखमा पाश्चात्य समालोचनाका क्षेत्रमा विकसित लैङ्गिकता, प्रतिनिधित्व र पहिचानसम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा 'स्वास्नीमान्छे' नाटकमा अभिव्यञ्जित पितृसत्तात्मक सीमान्तीकृत बनेका नेपाली नारीको प्रतिनिधित्व र पहिचानका साथै मातृसत्तात्मक समाजमा रहेका पुरुषहरूको प्रतिनिधित्व र पहिचानको समेत खोजी गरिएको छ । नाटकमा लैङ्गिकताको अध्ययन गरिएको प्रस्तुत लेखबाट यस शोधकार्यमा आंशिक सहयोग पुग्ने देखिन्छ ।

कोइरालाका कथाको विषयमा केन्द्रित भएर गरिएको यो पूर्वकार्यको समीक्षामा कोइरालाका कथामाथि गरिएका टीका टिप्पणीमाथि सैद्धान्तिक रूपमा समीक्षा गरिएको छ। कोइरालाका कथाहरू कुनै न कुनै कोणबाट लैङ्गिक अध्ययनसँग सम्बन्धित भएका कारणले गर्दा यस कथाका पात्रहरूको लैङ्गिक अध्ययनसम्बन्धी नयाँ-नयाँ धारणाहरू बनाउन सहयोग गर्ने हुनाले पनि यिनीहरूलाई यस शोधकार्यमा पूर्वकार्यको समीक्षाका रूपमा राखिएको हो। अध्ययनलाई प्रायोगिक सामग्रीका रूपमा प्रयोग गरिएको छ। कोइरालाका दुईवटा कथासङ्ग्रहमा रहेका कथाहरूलाई लैङ्गिक जातीय, वर्गीय शक्तिसम्बन्ध, पहिचान र उत्पीडनका कोणबाट अध्ययन र विश्लेषण नभएको तथ्य पूर्वअध्ययनबाट देखिएको छ। कोइरालाका कथामा लैङ्गिक चिन्तनका सिद्धान्तहरूलाई प्रमुख केन्द्रविन्दु बनाएर अध्ययन भएको भने देखिँदैन। त्यसैले यस शोधकार्यसम्बन्धी कार्यमा कोइरालाको कथालाई लैङ्गिक शक्तिसम्बन्ध र नारी र पुरुषको पहिचानका आधारमा गहिरो अध्ययन गरी निष्कर्षमा पुगिएको छ।

## १.५ शोधको औचित्य

विश्वेश्वरप्रसाद कोइरालाका कथामा लैङ्गिक अध्ययन ज्ञानका परम्परामा ज्ञानको नयाँ प्रतिपादन गर्ने भएको हुनाले प्रस्तुत अध्ययन अनुसन्धानका दृष्टिले औचित्यपूर्ण छ। कोइरालाका कथामा लैङ्गिक अध्ययन आफैँमा एउटा गहन अनुसन्धेय विषय हो। कथाकार कोइरालाका विभिन्न कृतिहरूका बारेमा प्रशस्त पूर्वाध्ययनहरू भए पनि लैङ्गिकताका कोणबाट भने अध्ययन र अनुसन्धान भएको पाइँदैन। कथाकार कोइराला मनोवैज्ञानिक यथार्थवादी कथाकार भएकाले समाजमा हुने गर्ने यथार्थ सत्यतथ्य घटना, समाजमा भएको महिला वर्गले भोगेका दमन शोषण, अन्याय र अत्याचारहरू, उच्च वर्गले निम्न वर्गलाई गरिने शोषण, कुरीति, गरिबी, अशिक्षाका कारणले तिनीहरूको जीवन कति कष्टकर बनेको छ भन्ने उनका कथामा चित्रण गरेको पाइन्छ। कोइरालाका कथासङ्ग्रह *दोषी चश्मा* सोहवटा र *श्वेतभैरवी* कथासङ्ग्रहमा चारवटा कथाहरूमा लैङ्गिकताका कोणले अध्ययन र विश्लेषण गरिएकाले यो शोध आफैमा मौलिक, प्राज्ञिक दृष्टिले महत्वपूर्ण रहेको छ। यस शोधकार्यमा वर्गीय, जातीय, लैङ्गिक शक्ति सम्बन्ध, समाजमा लैङ्गिक शोषण, वर्गीय शोषण, जातीय उत्पीडन, धनी र गरीब बिचको भेदभाव, पुरुष र महिला बिच भेदभाव, पितृसत्तात्मक वर्चस्वको कारणले पुरुषले

नारीमाथिको दमन, शोषण र उत्पीडन र समाजले नारीलाई कुन श्रेणीको दृष्टिकोणका रूपमा लिएको छ भन्ने पत्ता लगाउन यो शोध आफैमा औचित्यपूर्ण रहेको छ ।

## १.६ सीमाङ्कन

विश्वेश्वरप्रसाद कोइरालाका कथामा लैङ्गिकता शीर्षकको यस शोधमा कोइरालाका कथालाई लैङ्गिक दृष्टिले मात्र अध्ययन गरिएको छ । यस क्रममा कोइरालाका *दोषी चश्मा* र *श्वेतभैरवी* गरी दुईओटै कथासङ्ग्रहका बाह्रवटा कथाको सोद्देश्य छनोट गरी नारी र पुरुष पात्रहरूमाथि गरिएको लैङ्गिक र जातीय शक्तिसम्बन्ध, तिनका कथामा देखापरेका नारी र पुरुष पात्रहरूको पहिचान, नारी र पुरुष पात्रहरूमाथि गरिएको लैङ्गिक र वर्गीय उत्पीडनका कोणबाट मात्र अध्ययन गरिएको छ भने अन्य कुनै पनि कोणबाट अध्ययन र विश्लेषण गरिएको छैन ।

## १.७ शोधविधि

शोधविधिअन्तर्गत सामग्री सङ्कलन विधि र विश्लेषणको सैद्धान्तिक आधार तथा ढाँचा पर्दछन् । यी दुवै पक्षका बारेमा तल यसरी प्रस्तुत गरिएको छ :

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययन 'विश्वेश्वरप्रसाद कोइरालाका कथामा लैङ्गिकता' अध्ययनमा केन्द्रित शोधकार्य हो । यस शोधकार्यलाई सरल रूपमा सम्पन्न गर्नका लागि प्राथमिक स्रोत सामग्रीका रूपमा विश्वेश्वरप्रसाद कोइरालाद्वारा लेखिएका *दोषी चश्मा* र *श्वेतभैरवी* गरी उनका दुईवटा कथासङ्ग्रहमा रहेका बीसवटा कथाहरू रहेका छन् । तीमध्ये बाह्रवटा कथाहरूलाई सोद्देश्य छनोट गरी लैङ्गिक अध्ययनका कोणबाट विश्लेषण गरिएको छ । द्वितीयक स्रोत सामग्रीका रूपमा कोइरालाका कथामा समीक्षा, समालोचना, शोध, विश्लेषण र लैङ्गिक अध्ययनसित सम्बन्धित सैद्धान्तिक तथा व्यावहारिक पूर्वाध्ययनका सामग्रीहरूलाई यस शोधप्रबन्धको सामग्रीका रूपमा उपयोग गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषण विधि

यस शोधमा उठाइएका समस्याको प्राज्ञिक समाधानका लागि लैङ्गिक अध्ययनलाई मुख्य आधार बनाइएको छ । सांस्कृतिक अध्ययनको एक पाटोका रूपमा रहेको यस अध्ययनभित्र लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध, लैङ्गिक, वर्गीय र जातीय पहिचान,

वर्गीय शोषण र लैङ्गिक उत्पीडनलाई विश्लेषणको मुख्य आधार बनाइएको छ। यस शोधकार्यमा कोइरालाका बीसवटा कथाहरूलाई सोद्देश्यपूर्ण छनोट गरी तीमध्ये बाह्रवटा कथाको लैङ्गिक, वर्गीय, जातीय शक्तिसम्बन्ध, लैङ्गिक, वर्गीय, जातीय पहिचान, लैङ्गिक शोषण र उत्पीडनका कोणबाट अध्ययन गर्नु नै यस शोधको मुख्य तिनवटा आधार निर्माण गरी यिनै आधारमा कोइरालाका कथाहरूको विश्लेषण गरिएको छ। आवश्यकताअनुसार लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध, लैङ्गिक, वर्गीय र जातीय पहिचान र वर्गीय शोषण र लैङ्गिक उत्पीडनका उपकरणहरूको उपयोग गरिएको छ। साथै नारी र पुरुषका बिचको शक्तिसम्बन्धको अध्ययन गर्न फुकोको शक्तिसम्बन्धी चिन्तन, आल्थुसरको विचारधारासम्बन्धी मान्यता र ग्राम्चीको प्रभुत्वसम्बन्धी मान्यताको पनि उपयोग गरिएको छ। यस शोधमा उठाइएका समस्याको प्राज्ञिक समाधानका लागि लैङ्गिक अध्ययन पद्धतिलाई मुख्य आधार बनाइएको छ। प्रस्तुत शोधमा पुस्तकालय, समालोचना, अन्य शोधप्रबन्ध, शोधनिर्देशक, आन्तरिक परीक्षक र बाह्य परीक्षक र अन्य यस शोधसँग सम्बन्धित क्षेत्रका विज्ञ र प्राज्ञिक परामर्शबाट प्राप्त सुझावहरूलाई लिइएको छ। सङ्कलित सामग्रीलाई लैङ्गिक अध्ययनका लैङ्गिक जातीय र वर्गीय शक्तिसम्बन्ध, लैङ्गिक र वर्गीय पहिचान, लैङ्गिक र वर्गीय उत्पीडनका उपकरणहरूका आधारमा विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ।

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधकार्यलाई सुसङ्गठित र सुव्यवस्थित रूप दिनका लागि यस शोधप्रबन्धमा निम्नलिखित पाँच परिच्छेदहरूको योजना तयार पारिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : विश्वेश्वरप्रसाद कोइरालाका कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध

तेस्रो परिच्छेद : विश्वेश्वरप्रसाद कोइरालाका कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान

चौथो परिच्छेद : विश्वेश्वरप्रसाद कोइरालाका कथामा वर्गीय शोषण र लैङ्गिक उत्पीडन

पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष

सन्दर्भ सामग्रीसूची

# दोस्रो परिच्छेद

# विश्वेश्वरप्रसाद कोइरालाका कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध

## २.१ विषयप्रवेश

प्रस्तुत शोधपत्रको यो परिच्छेद विश्वेश्वरप्रसाद कोइरालाका *दोषी चश्मा* कथासङ्ग्रहका 'दोषी चश्मा', 'बिहा', 'हरिदत्त', 'प्रेम', 'कर्णेलको घोडा', 'पवित्रा', 'होड', 'कथा', 'पुस्तक', 'स्कुलमास्टर', 'सखी', 'स्वेटर', 'बौलाहा', 'रिक्सा तान्ने', 'मधेसतिर', 'सिपाही' र *श्वेतभैरवी* कथासङ्ग्रहका 'सान्नानी', 'राइटरबाजे', 'एक रात', 'श्वेतभैरवी' कथाका पात्रहरूको शक्तिसम्बन्धको निरूपण तथा विश्लेषणमा केन्द्रित छ। यहाँ लैङ्गिक शक्तिसम्बन्धको सैद्धान्तिक परिचय दिनुका साथै विश्वेश्वरप्रसाद कोइरालाका कथामा प्रयुक्त पात्रहरूको लैङ्गिक, वर्गीय र जातीय आधारमा विश्लेषण गरिएको छ।

## २.२ लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धको सैद्धान्तिक स्वरूप

सांस्कृतिक अध्ययनकै एउटा पाटो मानिने लैङ्गिक अध्ययन पनि एक अध्ययनको विषय हो। सामान्य अर्थमा मानव समाजमा रहेको व्यक्तिको अस्तित्व नै उसको शक्ति हो। फ्रान्सेली चिन्तक मिसेल फुकोले सन् १९२६-१९८४ मा शक्तिसम्बन्धी मान्यताको उपयोग गरेका छन्। उनले जहाँ सत्य हुन्छ त्यहाँ शक्ति हुन्छ भन्ने मान्यता राखेका छन्। संसारमा शक्तिकै कारणले गर्दा नै अनेक प्रकारका घटना घटिरहेका छन्। एउटा शक्तिशाली व्यक्तिले कमजोर शक्ति भएका व्यक्तिलाई सिध्याउन अनेक किसिमका षड्यन्त्र रचेका छन्। घात प्रतिघातहरू भएका छन्। ज्ञान पनि शक्तिको एउटा स्वरूप हो। शक्तिले नै सत्यलाई निर्माण गर्दछ र ज्ञान नै शक्ति बन्दछ तसर्थ शक्तिको प्रभुत्वभन्दा पर कोही पनि रहन सक्दैन। शक्ति आवश्यक छ। शक्ति कठोर र निष्ठुर पनि छ। शक्तिको प्रवाह र प्रभाव देखिने/नदेखिने विभिन्न आयामबाट परिचालित हुन्छ (श्रेष्ठ ३८)।

शक्ति, समय, स्थान र परिस्थितिअनुसार परिवर्तन हुने गर्दछ। यही क्रममा सत्य र ज्ञान पनि परिवर्तन हुने गर्दछ। यस अर्थमा शक्तिशाली शासक र यसको विरोधी शक्ति शोषकका बीच बेमेलको अवस्था सिर्जना हुन्छ। हाम्रो समाजमा विभिन्न प्रकारका शक्तिहरू रहेका छन्। ती शक्तिहरूलाई जातिगत, वर्गगत, लिङ्गगत राजनीतिगत आधारमा व्याख्या

विश्लेषण गर्न सकिन्छ । यही शक्तिकै कारणले गर्दा समाजमा पुरुषले नारीलाई कमजोर वर्गका रूपमा ठान्ने, ठूलो जात भनिएका समुदायले सानो जातका मानिसलाई कमजोर ठानी तुच्छ व्यवहार गरेको पाइन्छ। हाम्रो समाज पुरुषप्रधान भएकै कारणले गर्दा पितृसत्तात्मक सोचअनुसार महिलाहरू कमजोर हुन्छन् भन्ने मान्यता रहेकाले पुरुषको स्थान महिलाको भन्दा बढी भएको पाइन्छ भने महिलाको स्थान पुरुषको भन्दा निम्न रहेको पाइन्छ ।

> मार्क्सवादी दृष्टिकोणमा शक्ति शासकमा केन्द्रित रहन्छ र त्यसका माध्यमबाट शासक शोषणमा क्रियाशील हुन्छ। शक्तिलाई दमनको साधन बनाउँदछ। शक्तिसम्बन्धी अवधारणाको व्याख्या गर्दै मिसेल फुकोले यो चेनको जस्तै शृङ्खलाबद्ध नभई जालोजस्तै सर्वव्यापी हुने र त्यसमा कहिल्यै पनि कुनै एउटा केन्द्रको मात्र एकाधिकार नहुने धारणा व्यक्त गरेका छन् (फुको ९८, उद्धृत पाण्डेय ७४) ।

लिङ्गका आधारमा निर्माण भएको शक्तिलाई लैङ्गिक शक्ति भनिन्छ। हाम्रो समाज पितृसत्तात्मक विचारधारामा अगाडि बढेको छ। पितृसत्ता भन्नाले पुरुषको अधिकार महिलाको भन्दा उच्च हुनु हो । समाजले नै दिएको भूमिकाका आधारमा पुरुष प्रभुत्वशाली र नारी प्रभुत्वहीन वर्गका रूपमा स्थापित हुन पुगेका छन् । परम्परागत मूल्य मान्यताकै कारण पितृसत्ताले जरो गाडेको हाम्रो समाजमा महिलाको भन्दा पुरुषको शक्ति उच्च भएको पाइन्छ । लैङ्गिक दृष्टिले हेर्दा महिलाहरू सीमान्तकृत रहेका छन् । शक्ति हस्तान्तरणको क्रम पनि पुरुषबाट पुरुषमै रहेको पाइन्छ। यसरी नेपाली समाजको पारिवारिक संरचना पितृसत्तात्मक रहेका कारण महिलामाथि पुरुष लैङ्गिक वर्चस्व र उत्पीडन कायम रहँदै आएको छ ।

वर्गीय हिसाबले हेर्दा निम्नवर्गका तुलनामा उच्चवर्ग शक्तिशाली हुन्छ । शक्तिको खेल हरेक क्षेत्रमा हुन्छ । समाजमा सामान्यतया तीनवटा वर्ग रहेका हुन्छन् । ती हुन् - उच्चवर्ग, मध्यमवर्ग र निम्नवर्ग । समाजमा उच्चवर्गको तुलनामा मध्यमवर्गको शक्ति कम हुन्छ भने मध्यमवर्गको तुलनामा निम्नवर्गको शक्ति अझ कम हुने गर्छ। आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा उच्चवर्गको स्थान उच्च नै रहेको पाइन्छ। यही उच्चवर्गको शक्तिका कारणले गर्दा निम्नवर्गीय श्रमजीवीहरू सधैँ गरिबीको चपेटामा परिरहेका हुन्छन्। त्यही उच्च शक्ति भएकै कारणले गर्दा श्रमजीवी वर्गमाथि उच्चवर्गले आर्थिक, सामाजिकलगायत विभिन्न किसिमले शोषण गर्नुका साथै शक्तिको प्रयोग गर्दछ ।

वर्गीय दृष्टिले उच्चवर्गका निम्ति सिङ्गो निम्नवर्ग शक्ति प्रयोग र उत्पीडनको वस्तु हुन्छ तापनि लैङ्गिकताका कारण निम्नवर्गभित्रैका महिलाहरू चाहिँ पुरुषका तुलनामा उच्चवर्गबाट अझ बढी उत्पीडित हुन्छन् भने आफ्नै वर्गभित्र पनि पुरुषहरूबाट उत्पीडित बनाइन्छन् । यसरी उनीहरू दोहोरो उत्पीडन तथा शक्ति प्रयोगका सिकार भइरहेका हुन्छन् । यही कारण कोइरालाका अधिकांश कथाहरूमा निम्नवर्गमाथि उच्चवर्गको उत्पीडन र शक्ति प्रयोगका साथै महिलामाथि उच्चवर्गीय तथा पुरुष उत्पीडन र शक्ति प्रयोगको चित्रण सघन रूपले गरिएको पाइन्छ ।

समाजमा विभिन्न किसिमका जातिहरू रहेका हुन्छन् । तीमध्ये एकथरीले उच्च जातिको हैसियत प्राप्त गरेका हुन्छन् र तिनले कथित निम्न जातिका व्यक्तिहरूमाथि उत्पीडन गरी आफ्नो वर्चस्व कायम गर्दछन् । उच्चवर्गका जातिको शक्ति निम्नवर्गका जातिको तुलनामा कम रहेको हुन्छ । जातिगत शक्तिसम्बन्धका कारणले गर्दा निम्न जातिका व्यक्तिहरूले अनेक प्रकारका दुःखकष्ट पाइरहेका हुन्छन् । विश्वेश्वरप्रसाद कोइरालाका कथामा पनि उच्च जातिका व्यक्तिहरूले तल्लो जातिका व्यक्तिलाई अमानवीय व्यवहार प्रदर्शन गरेको र तीमाथि शक्ति प्रयोग गरी वर्चस्व कायम गरेको देख्न सकिन्छ ।

हाम्रो समाजमा रहेका लिङ्गहरूको सामाजिक र सांस्कृतिक पक्षको अध्ययन गर्ने शास्त्रलाई लैङ्गिक अध्ययन भनिन्छ । यसलाई अङ्ग्रेजीमा जेन्डर स्टडिज शब्दको नेपाली रूपान्तरणको रूपमा लैङ्गिक अध्ययन पदावलीको प्रयोग भएको पाइन्छ । लैङ्गिक अध्ययनमा सामाजिक सांस्कृतिक पक्षको अध्ययन र विश्लेषण गरिन्छ । समाजले पुरुष र महिलाले गरेको भूमिकाको अध्ययन गर्दछ । यसले साहित्यमा पुरुष र महिलाको चित्रण कसरी भएको छ भन्ने कुराको खोजी गर्छ । समाजमा प्रस्तुत लैङ्गिक व्यवस्थाको प्रतिबिम्बनको विश्लेषण गर्छ र लैङ्गिक विभेदका कारण पहिल्याई त्यस्ता कारणलाई छर्लङ्ग्याउने काम गर्छ । यसले समाजमा उत्पीडनमा परेका महिला र पुरुषका बिचको शक्ति सम्बन्ध पनि केलाउँछ । इरेनवम अरुणको जेन्डर स्टडिज पुस्तकमा पनि नारीवाद, पुरुषवाद र सन्दिग्धतावादलाई नै लैङ्गिक अध्ययनको विषय क्षेत्रको रूपमा प्रस्तुत गरेका छन् । समाज विकासको लामो समयसम्म विभदेपूर्ण लैङ्गिक संरचनाकै कारण महिलाहरूको विकास पुरुष सरह हुन नसकेको छ । पितृसत्तात्मक सोचको प्रतिकारमा र पुरुष समान अधिकारको पक्षमा वकालत गर्दै नारीवादको आरम्भ भएको हो । यो महिलाको जीवनको आवश्यकताले जन्मिएको सिद्धान्त हो । त्यस्तै पुरुषहरूले आफ्नो अधिकारको लागि सञ्चालन गरेको आन्दोलनको

रूपमा सन् १९४० को दशकमा पुरुषवादी (Masculism) लैङ्गिक अध्ययनको आरम्भ भएको पाइन्छ ।

लैङ्गिक अध्ययनमा पुरुष र महिलाको सामाजिक र सांस्कृतिक पक्षको अध्ययन विश्लेषण गरिन्छ । जुलिया क्लिम्स मार्सीले लैङ्गिक अध्ययनलाई नारी र पुरुषका भूमिकाहरूको अध्ययन गर्ने शास्त्रको रूपमा चर्चा गरेकी छन् । उनले लैङ्गिकतालाई भूमिकाहरूको सेट जसले रङगमञ्चमा लगाइने मुखुण्डोले झैँ अरू मानिसहरू र हामी स्त्रीलिङ्गी, हामी पुलिङ्गी हौँ भन्ने अर्थ बताउँछ (मीसी, सन् १९९३) भनी परिभाषित गरेकी छन् । कमला मसिनले महिला र पुरुषको सामाजिक तथा सांस्कृतिक पहिचानको सन्दर्भमा लैङ्गिक अध्ययनलाई परिभाषित गरेकी छन् । उनले समाजले महिला र पुरुषलाई कस्तो प्रकारको भूमिका अधिकार स्रोत साधन दिन्छ र उनीहरूलाई कस्तो किसिमको व्यवहार तथा मानसिकताको विकास सिकाउँछ । ती कुराको अध्ययन लैङ्गिक समालोचनाले गर्नु पर्ने धारणा प्रस्तुत गरेकी छन् (मसिन १) । लैङ्गिक अध्ययन सम्बन्धी समग्रमा भन्नु पर्दा नारी वा पुरुषले सामाजिक सांस्कृतिक रूपमा प्राप्त भूमिकाको अध्ययन विश्लेषण गर्ने समालोचना प्रणाली हो ।

## २.३ विश्वेश्वसप्रसाद कोइरालाका कथाहरूमा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध

विश्वेश्वरप्रसाद कोइरालाका *दोषी चश्मा* र *श्वेतभैरवी* गरी दुईवटा कथासङ्ग्रह प्रकाशित भएका छन् । *दोषी चश्मा* कथासङ्ग्रहमा 'दोषी चश्मा', 'बिहा', 'हरिदत्त', 'प्रेम', 'कर्णेलको घोडा', 'पवित्रा', 'होड', 'कथा', 'पुस्तक', 'स्कुलमास्टर', 'सखी', 'स्वेटर', 'बौलाहा', 'रिक्सा तान्ने', 'मधेसतिर', 'सिपाही' गरी सोह्रवटा कथा सङ्गृहीत रहेका छन् भने र 'श्वेतभैरवी' कथासङ्ग्रहमा 'सान्नानी', 'राइटरबाजे', 'एक रात', 'श्वेतभैरवी' चारवटा कथाहरू सङ्गृहित रहेका छन् । प्रस्तुत शोधकार्यमा विश्वेश्वरप्रसाद कोइरालाका 'दोषी चश्मा' र *श्वेतभैरवी* कथासङ्ग्रहका यिनै कथाहरूको लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धका आधारमा विश्लेषण गरिएको छ ।

### २.३.१ विश्वेश्वरप्रसाद कोइरालाको 'दोषी चश्मा' कथासङ्ग्रहका कथाहरूमा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध

विश्वेश्वरप्रसाद कोइरालाको *दोषी चश्मा* कथासङ्ग्रहमा समाविष्ट 'दोषी चश्मा', 'बिहा', 'हरिदत्त', 'प्रेम', 'कर्णेलको घोडा', 'पवित्रा', 'होड', 'कथा', 'पुस्तक', 'स्कुलमास्टर',

'सखी', 'स्वेटर', 'बौलाहा', 'रिक्सा तान्ने', 'मधेसतिर', 'सिपाही' कथाको लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धका आधारमा विश्लेषण गरिएको छ ।

### २.३.१.१ 'दोषी चश्मा' कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध

'दोषी चश्मा' कथामा पञ्चायतकालीन शासकीय वर्ग, प्रभुत्वशाली वर्ग र अधीनस्त वर्गको चित्रण गरिएको छ । यस कथामा पितृसत्तात्मक सामाजिक शक्तिसम्बन्ध व्यवस्थाको चित्रण गरिएको छ । *दोषी चश्मा* कथासङ्ग्रहमा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई यसरी चित्रण गरिएको छ :

> तिनी बुइगलमा पुगे, जहाँ दिउँसो राम्ररी नहेरेर किनेको चिसो दाउरालाई फू फू गरी बाल्ने प्रयत्नमा तिनकी धर्मपत्नी लागेकी थिइन् । 'जैरी, बडी सिपालु म छु आफूलाई भन्छे, घमण्ड छ यसलाई, आफ्नो पोइलाई टायममा भातसम्म खुवाउन पनि सक्तिन । ए मोरी, के गरिरहेकी थिइस् यतिका बेर ? दुई घडी रात गएपछि चूल्हो फक्न लागिरहिछस् ? काममा बाहिर गयो, लखतरान भई घर फर्क्यो र अब गाँस टिप्न पाइएला भन्यो त यहाँ ...... ।' र अरू के के फलाकिरहे । यो अचानक क्रोध देखेर तिनकी स्त्री डराउनुको सट्टा छक्क परिन् । (२-३)

उल्लिखित कथांशमा आएको 'आफ्नो पोइलाई टायममा भातसम्म खुवाउन पनि सक्तिन । ए मोरी, के गरिरहेकी थिइस् यतिबेर' भन्ने प्रसङ्गले पितृसत्तात्मक रूपमा लैङ्गिक शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ । पुरुषप्रधान नेपाली समाजमा नारीहरूले घरभित्रको काममा र पुरुषहरू घरबाहिरको काममा संलग्न हुने गरेको पाइन्छ । घरभित्रका काम जतिसुकै गरे पनि नारीले गरेको काम नदेख्ने प्रवृत्ति आम पुरुषहरूमा रहेको पाइन्छ । नारी भएकै कारण जतिसुकै कष्टपूर्ण काम गरे पनि लोग्नेको हप्की खानुपर्ने नेपाली समाजका नारीहरूको दयनीय अवस्थालाई कथामा प्रस्तुत गरिएको छ । कमजोर लैङ्गिक शक्तिसम्बन्धका कारण नारीहरूले पुरुषको अधीनस्थ भएर बाँच्नुपरेको नेपाली समाजको यथार्थ चित्रण यस कथामा गरिएको छ ।

'दोषी चश्मा' कथाले राणाकालीन नेपाली समाजको वर्गीय शक्तिसम्बन्धको पनि चित्रण गरेको छ । उच्चवर्गीय सम्भ्रान्त वर्गका जर्साबका अगाडि केशवराज आफूलाई निरीह र कमजोर ठान्छ । जर्साबकै निगाहका कारण आफ्नो जीवन चलेको ठान्ने केशवराज जर्साबलाई समयमा स्वस्ती गर्न नसक्दा ठुलै पाप गरेको सम्झन्छ । 'तिनबाट निश्चय नै

ठुलो अपराध भएको छ । आफ्ना अन्नदाता अगाडि देखिनु, आफूले नटेरेर अभिवादनसम्म पनि नगर्नु, यो त निमकहराम हो, एउटा पाप पनि हो' (३) । यस कथामा वर्गीय शक्तिसम्बन्धका कारण केशवराजमा उत्पन्न हीन मानसिकताको चित्रण गरिएको छ ।

'दोषी चश्मा' कथामा प्रभुत्वशाली र अधीनस्त वर्गको चित्रण गरिएको छ । यस कथामा शासक वर्ग र शोषित वर्ग जातीय शक्ति सम्बन्ध र वर्गीय हिसाबले हेर्दा निम्न वर्गका तुलनामा उच्च वर्ग शक्तिशाली हुन्छ । शक्तिको खेल हरेक क्षेत्रमा हुन्छ । समाजमा प्रायः जसो तीनवटा वर्गहरू रहेका हुन्छन् । ती हुन उच्च वर्ग, मध्यम वर्ग र निम्न वर्ग हुन्छन् । समाजमा उच्च वर्गको तुलनामा मध्यम वर्गको शक्ति कम हुन्छ भने मध्य वर्गको तुलनामा निम्न वर्गको शक्ति अझ कम हुन्छ । आर्थिक, सामाजिक र राजनैतिक क्षेत्रमा उच्च वर्गको स्थान उच्च नै रहेको पाइन्छ । यही उच्च वर्गको शक्तिका कारणले गर्दा निम्न वर्गीय श्रमजीवीहरू चाकडी गर्नेहरू सधैं गरिबीको चपेटामा परिरहेका हुन्छन् । उच्च शक्ति भएकै कारणले गर्दा श्रमजीवी वर्गमाथि उच्च वर्गका व्यक्तिले निम्न वर्गका व्यक्तिमाथि लैङ्गिक, वर्गीय र जातीय शक्तिको प्रयोग गर्ने गरेका छन् । समाजमा विभिन्न किसिमका जातिहरू रहेका हुन्छन् । तिनीहरू मध्ये एकथरीले उच्च जातिको हैसियत प्राप्त गरेका हुन्छन् र तिनले कथित निम्न जातिका व्यक्तिहरू माथि अन्याय गरी आफ्नो वर्चस्व कायम गर्दछन् । उच्च वर्गले निम्न वर्गको लागि चाकडी गर्न बाध्य तुल्याउँछ । उत्पीडन वर्गको सामाजिक, आर्थिक पक्ष कमजोर भएको कारणले दैनिक जीवनमा कतिको कस्टकर बनाउँछ भन्ने तलको उदाहरणबाट पुष्टि हुन्छ :

केशवराज जर्साव कहाँ चाकरी गर्न जान्थे । एक दिन सबैको जस्तो चाकरीमा गएका थिए तर ५ बज्दा पनि जर्सावको सवारी भएन । आज सवारी हुँदैन कि ? सारा चाकरिया निराश भएर आज सवारी हुँदैन भन्ने निश्चय गरी फर्के । तर केशवराज महलको अगाडिको चौर रित्त भएपछि पनि धेरै बेरसम्म आशाले बसिरहे । साँझ पर्न लागेको थियो । सूर्यलाई पश्चिमतिर पहाडले ढाकिदिएको हुनाले हाम्रो पृथ्वी त अँध्यारिँदै आएको थियो तर आकाशतिर सूर्यका लामा रश्मि तेर्सिरहेका थिए । साथीभाइसँग छुट्टिएका, बाटो बिराएका, एक-दुई बादलका टुक्रा आकाशका रङ्गमगिदै थिए । केशवराजलाई यो दृश्यले लोभ्यायो । उनी पनि आज जर्सावको सवारी हुँदैन भन्ने निश्चय गरेर बाटो लागे । अरू दिन भएको भए जर्सावका चाकरी नपाउँदा तिनी कति दुःखित हुन्थे, तर आज तिनलाई बडो उत्साह थियो । फुर्तिसँग डेग बढाउँदै धानको लहलहाउँदो खेतबाट आएको सुगन्धी वापलाई

स्वादसँग फोक्सो भित्र गर्दै तिनी आइरहेका थिए । त्यो टाढाको कालो वस्तु ढुङ्गा हो कि, मुढो हो कि, भैँसी हो कि, कि त मानिस नै हो, यो तिनले ठम्याउन सकेनन् । चश्मा कस्तो वेकामको भएछ, तिनले फेरी सम्झे । तर यो विचारले तिनलाई धेरै बेर चिन्तित पारिन् । त्यसै वखतमा पछिल्तिरबाट भो, भो गर्दै एउटा मोटर आयो । मोटरको नम्बर हेरेर 'स्वस्ति' गर्नु पर्ने हुनाले, चश्माको घेरालाई देब्रे हातको बुढी र चोर औँलाले समातेर उनले मोटरको नम्बर प्लेटलाई गौर गरे । "धत् यो चश्माले ठ्याम्मै काम नचल्ने भयो ।" मोटरको नम्बर उनले पढ्न सकेनन् । त्यसै बखतमा मोटर हर्र गयो, अनि पो मोटरलाई र मोटरमा राज भएका जर्सावलाई तिनले चिने र हतपताउँदै स्वस्ति गरे । चश्माले यहाँ पनि धोका दियो । "चश्माको पावर ठीक भएको भए म स्वस्ति गर्न पाउँथेँ, चाकरी पुग्थ्यो ।" केशवराज हतोत्साह भए । धेरै दिनदेखि आँखा जँचाई नयाँ चश्मा लिने उनले विचार गरेका थिए, कुनै काम गर्ने निश्चय गरेपछि गरिहाल्नु भन्ने उपदेशको महत्व तिनले आजै बुझे । चश्मा नफेरी त तिनलाई धरै थिएन । फेर्न त परिहाल्थ्यो र तिनले फेर्ने निश्चय पनि गरेका थिए । तिनले पहिले नै फेरेको भए आजको घटना हुन पाउने थिएन (१-२) ।

### २.३.१.२ 'बिहा' कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध

विश्वेश्वरप्रसाद कोइरालाको 'बिहा' कथामा पितृसत्तात्मक लैङ्गिक र वर्गीय व्यवस्थाका कारणले बालविवाह गर्नुपर्ने सामाजिक प्रथालाई चित्रण गरिएको छ। यस कथामा सुब्बा कटकबहादुरले १४ वर्षकी हरिमतीसँग विवाह गरेको चित्रण गरिएको छ। दुईवटा छोरा हुँदाहुँदै पनि पहिली श्रीमतीको मृत्यु भएकाले ढल्किसकेको उमेरमा सुब्बाले चौध वर्षकी हरिमतीलाई विवाह गरेका छन्। यस्तो असमान बालविवाह हुनुका पछाडि नेपाली समाजको लैङ्गिक र वर्गीय शक्तिसम्बन्ध भएको कुरा निम्नअनुसार कथांशमा देखाइएको छ :

> हरिमती पहिले नयाँ घरमा आएर डराई । निद्रा लाग्दा सुत्न नपाउँदा पनि केही बोलिन र पतिको मुखतिर हेरिरही । कटकले गरेको कुरा उसले केही बुझिन, कुनै कुनै बुझेको पनि कि ता एकदम व्यर्थ कि हाँसोउठ्तो जस्तो लाग्यो (पृ. ११) ।

उल्लिखित कथांशमा आएको १४ वर्षकी हरिमती पहिले नयाँ घरमा आएर डराउनु, आफ्नो पतिको मुखतिर हेरिरहनुको प्रसङ्गले पितृसत्तात्मक लैङ्गिक र वर्गीय

शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ । पुरुषहरूले नारीलाई केवल भोग्याका रूपमा मात्र हेर्ने तथा उच्चवर्गका मानिसहरू निम्नवर्गका मानिसलाई आफूले प्रयोग गर्ने वस्तुका रूपमा मात्र हेर्ने गरेको वास्तविकतालाई लैङ्गिक र वर्गीय शक्तिसम्बन्धका माध्यमबाट कथामा प्रस्तुत गरिएको छ ।

विश्वेश्वरप्रसाद कोइरालाको 'बिहा' कथामा हाम्रो समाजमा देखापरेको लैङ्गिक शक्तिसम्बन्धका कारणले गर्दा नेपाली नारीहरूले पाएको पीडालाई पनि यस कथामा देखाउन खोजिएको छ । नेपाली समाज पुरुषप्रधान भएको कारणले गर्दा सुब्बा कटकबहादुर उमेरले धेरै बुढो भए पनि घर व्यवहार चलाउन र आफ्नो यौन तृष्णा मेटाउनको लागि आफूभन्दा धेरै उमेरले कान्छि १४ वर्षकी सानीलाई दुलही बनाई घर भित्र्याइएको छ जुन तलको कथांशले थप स्पष्ट पार्न सकिन्छ :

> ठिक ८ बजे जन्ती घरबाट बाहिर निस्क्यो । दुलाहा हात्तीमा चढे औँ हामीहरू पैदल हिँड्यौँ । मलाई दुलहा देख्नासाथ दुलहीको ध्यान आउन थाल्यो । दुलही पनि त्यस्तै ३५-४० की ढोकाबाट निस्की भने सारा उत्साह व्यर्थ हुनेछ । तर सानी १४ वर्षकी निस्कि भने ? मैले यसो हात्तीमा चढेको दुलहातिर हेरेँ र मैले नजिकै हिँड्ने एउटा भद्र मानिसलाई सोधेँ-
>
> "दुलहाको यो पहिलो बिहा हो ?"
>
> उसले उत्तर दियो "अहँ"
>
> "पहिलेकी दुलही नि ?"
>
> "ऊ मरेर त यी अर्को बिहा गर्न हिँडेका । यिनको पहिलेकी दुलहीबाट दुईवटा छोरा छन् । घरमा स्वास्नी मानिस नभएर घर नचल्ने, त्यसमा पनि छोराहरूलाई हेरि दिने कोही नहुँदा यिनले बिहा गर्नु परेको ।" (पृ. ९)

उल्लेखित कथांशबाट के कुरा प्रस्ट हुन्छ भने नेपाली समाजमा पुरुषले नारी बिना जीवन या व्यवहार चलाउन नसक्ने कटकबहादुरको जेठी श्रीमतीको मृत्युपछि कान्छी श्रीमती हरिमतीलाई भित्र्याएकोबाट पुष्टि हुन्छ । नेपाली समाजमा पुरुषले जे गरे पनि समाजले केही नभन्ने तर नारीले केही भइहाल्यो भने अनेक कुरा, आरोप लगाउने गर्दछ । नारीलाई एउटा भोग्या वस्तुको रूपमा हेर्ने गर्दछ । एउटा परिपक्व सुब्बा कटकबहादुर जसले आफ्नो नाति उमेरकोले विवाह गरेर हुने खाने र आर्थिक रूपले कमजोर व्यक्तिहरूको वर्गीय चित्रण गरेको

छ । धनी र गरिब बिच कति ठूलो खाल्डो रहेको कुरा कटकबहादुर बेहुला हुँदा हात्तीमा सवार भएको र दोस्रो विवाह गर्दा पनि लावा लस्कर जन्ति लिएर धुमधाम साथ नहिच्किचाइ ढाँटका साथ कुनै सङ्कोच पनि नलागि विवाह गर्दछ । यसबाट के प्रस्ट हुन्छ भने नेपाली समाज पितृसत्तात्मक लैङ्गिक, वर्गीय र जातीय शक्ति सम्बन्धलाई स्पष्ट पार्दछ ।

### २.३.१.३ 'हरिदत्त' कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध

विश्वेश्वरप्रसाद कोइरालाको 'हरिदत्त' कथामा पुँजीपति वर्गको र निम्नवर्गको चित्रण गरी चियाको व्यापारका लागि पार्वती जस्ता नारीलाई प्रयोग गरिएको कुरालाई लैङ्गिक रूपमा चित्रण गरिएको छ । यस कथामा पितृसत्तात्मक समाजले देखाएको शक्तिसम्बन्ध निम्नानुसार रहेको छ :

> पार्वती मेरी नोकर्नीकी छोरीको नाउँ थियो । यसको सम्पत्ति दिन खोजे मेरो के लाग्थ्यो ? पार्वतीलाई म बोलाउँथैं । हरिदत्त भन्थ्यो, 'तैंले पार्वतीलाई दिएस् । म भन्थैं 'तैंले ल्याएको मिठाई तँ नै दे ।' त्यसै बखतमा पार्वती लाज मानेर मेरो कोठामा आउँथी र म मिठाईको पोको उसको हातमा हालिदिन्थे । हरिदत्तचाहिँ मैले दिएको र पार्वतीले समातेकी हेरिरहन्थ्यो । (पृ. १४)

उल्लिखित कथांशमा आएको पार्वती मेरो नोकर्नीको छोरी भएको, पार्वतीलाई ऊ पात्रले मिठाईको पोको दिनु जस्ता प्रसङ्गले पितृसत्तात्मक लैङ्गिक र वर्गीय शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ । हरिदत्त पुरुषप्रधान नेपाली समाजमा जन्मेर हुर्केको पुरुष पात्र हो । ऊ पार्वतीलाई प्रेम गर्छ तर उसमा लैङ्गिक र वर्गीय उच्चताको भाव रहेको छ । पार्वतीसँगको प्रेममा सहजीकरण गर्न अनुरोध गर्दै हरिदत्त 'म' पात्रलाई भन्छ, त्यो तिम्री नोकर्नीको छोरी हो । तिमी जे पनि गर्न सक्छौ ।' (पृ. १५) हरिदत्तको यस भनाइमा लैङ्गिक र वर्गीय उच्चताको भाव झल्कन्छ । प्रभुत्वशाली वर्गीय र लैङ्गिक शक्तिसम्बन्धका कारण ऊ नोकर्नीकी छोरीलाई जे पनि गर्न मिल्ने कुरा व्यक्त गर्दछ ।

यस कथामा हरिदत्त एक सामन्त परिवारको हो र ऊ १० कक्षामा फेल हुन्छ र अब कमर्स पढ्ने जसले व्यापार व्यवसाय गर्न सिकाउँछ । व्यवसायले जागिर गर्दा जम्मा ४० रुपैयाँ मासिक प्राप्त गर्न सक्छ । यसमा जागिर र व्यवसायको तुलना गरी लैङ्गिक रूपमा चित्रण गरेको छ । हरिदत्तले पूँजीपति वर्गको प्रतिनिधित्व गरेको छ । उसको नोकर्नीको छोरी एक असहाय निम्न वर्गको प्रतिनिधित्व गरेको छ । आफ्नी

नोकर्नीकी छोरीलाई जे गरे पनि हुन्छ । वर्गीय रूपमा चित्रण निम्न अनुसारको कथांशमा पुष्टि हुन्छ :

> त्यो तिम्री नोकर्नीको छोरी हो । तिमी जे पनि गर्न सक्छौ बडो सजिलैसँग त्यसले भन्यो । म परैँ बडो पेचमा । मित्रको कर्तव्यबाट च्यूत हुन मन पराउन्नथैँ । तर कसरी हरिदत्तको सहायक हुन सकिन्छ मलाई थाहा थिएन । (पृ. १५)

माथिको कथांशबाट स्पष्ट हुन्छ कि एक समाजमा हुने खाने ठूलाबडाले निम्न वर्गका नारीलाई हेर्ने दृष्टिकोण र नारीलाई जे गर्न पनि सक्छ । भोग्या वा खेलौनाको रूपमा जतिखेर पनि पर्टी खेल्ने भन्ने कुरा वर्गीय शक्ति सम्बन्ध माध्यमबाट कथामा प्रस्तुत गरिएको छ ।

### २.३.१.४ 'प्रेम' कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध

विश्वेश्वरप्रसाद कोइरालाको 'प्रेम' कथामा एक जना निम्नवर्गीय रामनाथ कर्मचारी र उसकी श्रीमती माइतमा बस्दाको पिडालाई विषय बनाइएको छ। यस कथामा लैङ्गिक रूपमा रामनाथ र उसकी श्रीमतीलाई चित्रित गर्दै लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई यसरी चित्रण गरिएको छ :

> भान्सामा तरकारी ओइरेको भ्वाइँय शब्द भयो। बाहुन केही भुट्न थालेछन्। नुहाउने कोठाको ढोका उघ्यो। धोती बेरेर मात्रै उनकी पत्नी त्यो कोठाबाट निस्किन् र आफ्नो कोठामा आएर धोती राम्ररी लाउन थालिन्। टेबुलमाथि साजी फूल मुन्टो हल्लाइरहेछन्। रामनाथ पल्टेर सब कुराको निरीक्षण गरिरहेका छन्, पत्नीले धोती लाएपछि चोलो लाइन्। नबोली रामनाथ उनीतिर हेरिरहे। चोलो लाएर उनकी पत्नी दुलाहानेर नै खाटमा आएर बसिन्। पत्नीको शरीरको स्पर्श हुँदा भित्रदेखि रामनाथले अनुभव गरे बाँच्नमा नै संसारका सुखको सार छ। (पृ. २८)

उल्लिखित कथांशमा आएको गरिब परिवारको रामेले वर्गीय प्रतिनिधित्व गरेको छ। रामनाथकी श्रीमतीले धोती बेरेर खाना पकाउनुले जातीय र पत्नीको स्पर्शले सांसारिक सुख प्राप्तिको प्रसङ्गले लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ। रामनाथ आफ्ना नोकरहरूमाथि त्यति विश्वास गर्दैन । स्वास्नी माइत गएकी बेला रामनाथ आफ्ना नोकरहरूमाथि यस्तो टिप्पणी गर्छ :

'रामे नोकरलाई नखोसी भएन । काम भने राम्ररी गर्नु छैन, कुरा मात्र हाँक्छ, म एक्लै छु भने त त्यो दिनभरि कता अल्पिन्छ । काम पनि राम्रो जान्दैन । भाँडा माझेको तेलको चिल्लै रहन्छ । बाहुन भन्छन् भान्छाको जूठो पनि चोख्याएको हुँदैन । आफू बाहुन पनि कुन सुग्घरी छन् र ? कतिचोटि भन्यो सफा बस बाजे, साबुन दियो, लुगा धुन तर लागेको बानी कहिले छुट्थ्यो र ? मैलै रहन्छन् । रमा आएपछि यी सबलाई खोस्छु र नयाँ नोकर-चाकर राख्छु ।' (पृ. २३)

नोकर रामे र भान्से बाहुनको काममा विश्वास नगर्नु, जागिरबाट निकाल्ने कुरा गर्नुले रामनाथको प्रभुत्वशाली वर्गीय शक्तिसम्बन्धलाई स्पष्ट पार्छ । उसले चाहेको बेला नोकर राख्ने र निकाल्ने कुराले ऊ निम्नवर्गीय मानिसहरूप्रति सहानुभूतिशील नभएको कुरा स्पष्ट हुन्छ ।

'प्रेम' कथामा रामनाथ एक कर्मचारी जसको निम्न वर्गीय प्रतिनिधित्व गर्दछ । समाजमा धनाढ्य वर्ग जसले काम केही गर्नु पर्दैन भन्ने प्रभुत्वशाली व्यक्तिको रूपमा जुन तलको कथांशमा प्रस्तुत हुन्छ :

उनलाई काममा नगै नहुने । आज उनलाई नोकरी लत्याएर हिँडु जस्तो लाग्यो । यस्तो दिनमा पनि सुख नपाउनु दिनहुँ अफिसमा धाउनु छ । कस्तो समाजको व्यवस्था । मैले चाहिने आधी बेहरीको वास्ता नगरेर काममा घोटिनु ती ठूलाठूला घर भएका सिरकमा गुटुमुटु परेर व्यगि दुखुञ्जेलसम्म सुतिरहनु संसारमा यही व्यवस्था छ । धनी धनमा लुटुपुटु गरिरहनु गरीब आफ्नो हाड घोट्न । भन्छन् रुसमा धनी गरीबको भेद छैन रे, कुन्नि साँचो हो कि झुटो हो । समाजको जति हानि धनीद्वारा हुन्छ त्यति अरू कसैद्वारा हुँदैन । (पृ. २१)

माथिको कथांशबाट के स्पष्ट हुन्छ भने समाजमा धनी र गरिब बिचको दुरी कस्तो छ भन्ने स्पष्ट हुन्छ । गरिबीले गर्दा काममा घोटिरहनु पर्ने कुनै दिन सारो गारो भन्न नपाइने तर धनी चाहिँ मजाले सुतिरहने, सिरकमा गुटुमटी रहने १० बजेसम्म, धनी र गरिब बिचको खाल्डो कतिसम्म रहेको छ जसले गर्दा वर्गीय र जातीय शक्ति सम्बन्ध स्पष्ट रूपले दर्साउँछ ।

### २.३.१.५ 'कर्नेलको घोडा' कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध

विश्वेश्वरप्रसाद कोइरालाको 'कर्नेलको घोडा' कथामा कर्नेल्नीको यौनकुण्ठा र यौनतृप्तिलाई विषय बनाइएको छ। उन्नाइस वर्षकी कर्नेल्नीले पैंतालिस वर्षका कर्नेलबाट

माया, धन-सम्पत्ति र ऐस आराम सबै पाए पनि यौन सन्तुष्टि प्राप्त गर्न सकेकी छैनन् । यही कारण उनमा कर्नेलप्रति घृणा र घोडाप्रति आकर्षणको भाव पैदा हुन्छ । कथामा जैविक भेदको शक्तिसम्बन्ध, उमेरको अन्तरले पारेको लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध रहेको छ ।

> कर्नेल कर्नेल्नीलाई असाध्य माया गर्थे । बुढेसकालमा बिहा गरेकी तरुनी स्वास्नीलाई कसले माया गर्दैन ? तर कर्नेल्नीलाई ४५ वर्षको कर्नेलले गरेको मायाले पुग्दैनथ्यो । कर्नेल्नी थिइन् १९ वर्षकी । जहिले पनि बाहिरबाट घर फर्कंदा दुलहीलाई सुखी पार्न केही न केही कुरो कर्नेल किनेर ल्याउँथे- साडी, पाउडर, लाली, चुरा, इयरिङ इत्यादि । तर तिनकी दुलहीको मन कहिले पनि दुलाहातिर फर्केन । दुलाहाले खुसी पार्न मायाले किनी ल्याएको मालमत्ताले भरिएको कोठामा एक्लै बसी कर्नेल्नी आँसु खसाल्थिन् । कत्रो आशा र उमङ्ग लिएर तिनीले दुलाहाको घरमा पहिलो दिन पाइलो हालिथिन् । कत्रो सुख पाइएला भनेर तिनले आशा गरेकी थिइन् । कर्नेल्नी यी सबै पहिलेका कुरा विचार गर्थिन् र बिस्तार बिस्तार रुन्थिन् । (पृ. २९)

उल्लिखित कथांशमा आएको ४५ वर्षको कर्नेल र १९ वर्षकी कर्नेल्नीको वैवाहिक सम्बन्धले गर्दा नव दुलहीको मनमा उब्जिएका यौनजन्य अतृप्तिका भावहरूको प्रसङ्गले लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ । समाजमा पुरुष वर्चस्वकै कारण कर्णेलले उमेर नमिले पनि कनेल्नीसँग विवाह गरेको र त्यसैको परिणति कर्नेल्नीका यौन आवश्यकता पुरा हुन नसकी उसका मनमा कर्नेलप्रतिको विरक्तिका भाव उत्पन्न भएको कुरा कथामा प्रस्तुत गरिएको छ ।

यस कथामा कर्नेल एक सम्भ्रान्त वर्गको धनी जो ४५ वर्षका छन् भने कर्नेल्नी भर्खरको १९ वर्षमा टेकेकी यौवन अवस्थामा फूल फल्न लागेको जवानी अवस्थाको पुगेकी छ । यी दुईको उमेरको फरकले गर्दा हरेक सोच फरक भएको कर्नेल्नीको भनाइबाट स्पष्ट हुन्छ ।

> मैले कतिचोटी हजुरलाई भने मलाई यी सब मालमत्ता चाहिँदैनन् । हजुर किन पैसा फ्याँक्नुहुन्छ ? कर्नेल्नीले आँसु पुछ्दै भनिन् । कर्नेलले मायाले सोधे “तिमी किन सधै चिन्तित बस्छ्यौ ? तिम्रो त अहिले लाउने खाने उमेर छ । तिमीलाई केको तकलिफ छ ? मलाई भन न ।”

> कर्नेल्नीले उत्तर दिनु व्यर्थ ठानिन् । तिनको कस्ट कर्नेल बुभ्दैनन् । १९ वर्षकी युवतीका मनको भाव ४५ वर्षको दुलहाले बुभ्दैन । कर्नेलले चुप लागेर बसिसकेकी दुलहीलाई मायाले उचाले तिनले भर्खरै विचार गरेको दुःखद भावनाहरूलाई बिर्सिन् । दुलहाको उमेरलाई बिर्सेर उनले आफ्नो शरीरलाई दुलहामाथि फ्याँकिन । कर्नृलले तिनको भार थाम्न सकेनन् र तिनी पछारिए । दुलहीको सारा स्वप्नको तार एक्कासी चुँडियो । दुलहीलाई उठाउने प्रयत्नमा बल गर्दा स्वाँ स्वाँ गरिरहेको र पछारिएका दुलहालाई कर्नेल्नीले एकचोटी घृणाका दृष्टिले हेरिन् । त्यसै दिनदेखि कर्नेल्नीका मनमा आफ्नो दुलहाप्रति महान् तिरस्कारको भाव उदय भयो । (पृ. ३०)

माथिको कथांशबाट स्पष्ट हुन्छ नारीलाई सबै कुरा दिएर मात्र हुँदैन । धन दौलत, गरगहना, शृङ्गारपटारका बहुमूल्य सामानहरू तर उनलाई शारीरिक रूपमा चाहिने यौन इच्छा पूरा गर्न नपाउँदा कर्नेल्नी जतिसुकै सुख विलासिता सामानहरू दिए पनि उनी खुशी र सुखी छैन । भर्खर जवानी अवस्थामा पुगेकी लाऊँ लाऊँ खाऊँ खाऊँ हिष्ट पुष्ट यौवनले कलकलाउँदो उमेरको भर्खर १९ वर्ष टेकेकी कर्नेल्नीले जिर्ण शरीर र जोश सेलाएको ४५ वर्षको बुढो कर्नेललाई आफ्नो शरीरलाई दुलाहामाथि फ्याँकिन तर बुढो शरीर थाम्न सकेनन्, पछारिन पुगे जसले गर्दा कर्नेल्नी रिसले आगो भइन आफ्नो दुलहाप्रति घृणा र तिरस्कारको भाव उत्पन्न भयो र उनले आफूलाई यौन प्यास मेटाउनका लागि उनले घोडालाई सुम्सुम्याउने र आफ्नो कुण्ठा, यौन चाहना घोडाबाट पूरा गर्ने प्रयत्न गरे । धन दौलत जतिसुकै भए पनि उमेर, वैंश र जवानीले निमेट हुन्छ भन्ने कुरा कर्नेल जसले सबै कुरा दिए पनि बुढो शरीरको कारण या शारीरिक सिथिलताले गर्दा दुलहीले शरीर फ्याँक्दा पनि पिछारिन पुग्ने कर्नेल्नीको शरीरलाई थाम्न नसक्नु एकै छिनमा स्वाँ स्वाँ फ्वाँ फ्वाँ हुनुले के स्पष्ट हुन्छ भने मानिसको एउटा उमेर जवानी निश्चित समयमा हुन्छ जुन सबै कुरा भएर पनि शरीर उमेरले साथ नदिएकै कारणले कर्नेलले सबै कुरा भोग विलास सुख दिए पनि कर्नेल्नीलाई खुसी दिन सक्दैनन् ।

### २.३.१.६ 'पवित्रा' कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध

विश्वेश्वरप्रसाद कोइरालाको पवित्रा कथामा केशवदेव जागिरे भएकाले उच्चवर्गीय परिवारलाई बोध गर्दछ । पवित्रा केशवदेवको घरमा भान्से बाहुनीको काम गर्थिन् । उनी निम्नवर्गीय नारी पात्र हुन् । केशवदेवको विवाह हुने कुराले उसका मनमा नजानिँदो पाराले

ईर्ष्या र जलनको भाव उत्पन्न हुन्छ । कथामा आएको बाहुनी र नोकर्नीका प्रसङ्गले जातीय र वर्गीय शक्तिसम्बन्धलाई बोध गराउँछ । यस कथामा मूल रूपमा विवाहको विषयले देखाएको लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध निम्नानुसार रहेको छ :

> त्यहाँ बसेका नोकर्नीहरूलाई यो बडो हँस्यौली थियो । सबै हाँसे । पवित्राको ह्या ह्या पछिसम्म सुनिन्थ्यो । पवित्रा जुरुक्क उठेर आफ्नो कोठाभित्र पसिन् र ढाकाको चोलो र रेशमी फरिया लाएर आइन् र भनिन् 'म तिमीसँग बिहा गर्छु ।' फेरि सबै कोलाहल मच्चाउँदै हाँस्न थाले । दुलाहा हुने मायाको भाव देखाउँदै दुलही भएकी पवित्रालाई आलिङ्गन गर्न अगाडि बढी । पवित्रा लाज मान्ने भाव देखाउँदा देखाउँदै दुलाहा बन्नेको गोडामा परेर गोडामा रुन पो थालिन् । सबै जना छक्क परे । पवित्रा हुँक्क हुँक्क गरेर खुब रोइन् । एकछिनपछि बिस्तार बिस्तार उठेर आफ्नो कोठाभित्र पसिन् र भित्रबाट ढोका लाइन् । (पृ. ३९-४०)

उल्लिखित कथांशमा आएको नवदुलहीको लजालुपन, पवित्राले दुलाहाको गोडामा ढोग गर्नु, पवित्रा रुनुको प्रसङ्गले हिन्दू संस्कृति र पितृसत्तात्मक लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ ।

यस कथामा केशवदेव उच्च वर्गीय पात्र हो भने उसको घरमा काम गर्ने भान्छे पवित्रा निम्न वर्गीय पात्र हो । केशवदेव सम्भ्रान्त वर्गको प्रतिनिधित्व गर्दछ भने पवित्रा निम्न वर्गीय गरीब असहाय वर्गको प्रतिनिधित्व गर्दछ । जुन कुरा तलको उदाहरणबाट थप पुष्टि हुन्छ :

> बिहाको रमझम सिद्धिएपछि पत्नीले गृहस्थीमा आफ्नो स्थान लिइन् । भान्छामा तिनी आफै बस्न थालिन् पवित्राले बाहुनीको काम गर्न परेन, कोठामा कुचो लाउनु, पानी भर्नु र भाँडा माझ्ने काम मात्र बाँकी रह्यो । तर उनी भान्सामा आएर दुलहीले पकाएको हेर्थिन् र भन्थिन् "बाबुलाई त्यसरी पकाएको मन पर्दैन, मसली तेल धेरै हाल्नु हुँदैन । रामतोरीयामा पानी हालेको उहाँलाई घिन लाग्छ । त्यसलाई भुट्नु पो त पर्छ । तिहुनमा नून धेरै नहाल्नुहोस् बरु विलिनै असल मान्नुहुन्छ । दुध एक भल्को मात्र उम्लेको चिनी थोरै परेको । (पृ. ४०)

प्रस्तुत कथांशमा माथिल्लो वर्ग र तल्लो वा निम्न वर्गको चित्रण गरेको छ । केशवदेवलाई पवित्राले मनमनै मनपराएको माया गरेको र उनलाई खान, लगाउने के कस्तो मन पर्छ भन्ने समेतको ख्याल गर्दछ । पवित्राले जब केशवदेवको विवाह हुने भएपछि भित्रभित्रै जलन भएकोबाट उनले केशवदेवलाई मन पराएको तर त्यो कुण्ठालाई दबाएर राखेको छ, जुन कुण्ठाले उनलाई भित्रभित्रै पोलेको छ । समाजमा देखिएको असमान प्रभुत्व वर्ग र निम्न वर्गको कारणले गर्दा पवित्राले आफ्नो इच्छा आकाङ्क्षा मन भित्र दबाएर राखेको छ, जुन व्यक्त गर्न सक्दैन । दुलही आएपछि उनले आफ्नो भान्छे ठाउँ लिएर गृहस्थीको काम गर्दा केशवदेवलाई मनपर्ने वा कसरी पकाउने थाहा नभएको पवित्राले केशवदेवलाई यस्तो परिकार झोल नहालेको तारेको मन पर्ने जस्ता कुराले पवित्राले कतिसम्म रेखदेख गरेको रहेछ भन्ने कुरा स्पष्ट हुन्छ ।

### २.३.१.७ 'होड' कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध

विश्वेश्वरप्रसाद कोइरालाको 'होड' कथामा एउटा परिवारको श्रीमान्-श्रीमती बिचको मनोभावलाई आख्यान वस्तु बनाइएको छ । पितृसत्तात्मक समाज भएको परिवारमा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई निम्नअनुसार चित्रण गरिएको छ :

> दुलाहा-दुलही राती आफ्नो कोठामा थिए । भर्खरै बिहा भएका तिनीहरू प्रेममा उकुस-मुकुस थिए । दुलाहा त जैले पनि दुलहीलाई सलक्क निलिहालूँ जस्तै गर्थे । दुलहीचाहिँ दुलाहाको त्यस्तो पुरुषार्थमा दाँजा लाग्न नसके पनि दुलाहालाई जैले पनि आँखैमा राखूँजस्तो गर्थिन् । भन्ने तात्पर्य के हो भने दुवैमा अगाध प्रेम थियो । (पृ. ४१)

उल्लिखित कथांशमा आएको नव दुलहीले आफ्नो श्रीमान्लाई सद्भाव देखाउँदा पनि दुलहीप्रति प्रेमभाव नदेखाई पुरुष भाव देखाएको प्रसङ्गले पितृसत्तात्मक लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ ।

'होड' कथामा पदम र पदमा दुवै लोग्ने स्वास्नी बिचका झगडाले सृजित कथा हो । एक आपसमा भएको शङ्काले गर्दा दाम्पत्य जीवनमा कलह निम्त्याएको छ जुन तलका उदाहरणले स्पष्ट हुन्छ :

> पदमा भन्दै गइन् "एक-दुईजनालाई देखेर सारा जातिमाथि आक्षेप गर्न पाइँदैन । चरित्रको विषयमा तिनीहरू बडा बलिया हुन्छन् । एक-दुई पथभ्रष्टको कुरा बेग्लै हो ।"

> पदमले बडो शान्त भएर भने "तिमीलाई मैले आक्षेप गरेको हो र ? फेरि स्वास्नी मानिस त्यस्ता भए भनेर तिनीहरूको अवहेलना मैले गरेकै होइन । म त तिनीहरूको यो स्वियोचित्र गुण भनिठान्छु । तिनीहरूको समाजमा स्थान नै किन छ ? तिनीहरूको जिम्मेवारी के छ ? लोग्नेमानिसको सुखको प्राप्तिमा सहायक हुन् । तिनीहरूको कर्तव्य हो निर्धो हुनु चरित्रहीन हुनु अरू शब्द नपाएर चरित्रहीन भनेको नत्र चरित्रहीन भन्न त हुँदैन ।" (पृ. ४२)

प्रस्तुत माथिको कथांशबाट के पुष्टि हुन्छ भने लोग्नेस्वास्नीको झगडा शङ्काले लङ्का जलाउँछ भने जस्तै हो । यहाँ पृतृसत्तात्मक पुरुष प्रधान समाजको प्रतिबिम्ब देखिन्छ । स्वास्नी मानिसलाई चरित्रहिन देख्ने, शङ्का गरिहाल्ने, कुनै पुरुषसँग कुरा गर्दैमा शङ्का गर्ने प्रवृत्ति रहेको छ । कुनै एदाकदा स्त्रीहरू चरित्रहीन हुँदैमा सबैलाई एउटै वर्गमा राख्नु हुँदैन भन्ने लैङ्गिक वर्गीय र जातीय शक्तिसम्बन्ध देखिन्छ । यहाँ लोग्ने मानिसले नारीलाई एउटा सुख प्राप्तिको यौन मेटाउने साधनको रूपमा र विधवा एउटा असहायको प्रतिनिधित्व गरेको छ यसले समाजमा लैङ्गिक वर्गीय र जातीय शक्तिसम्बन्ध स्पष्ट रूपमा देखिन्छ ।

### २.३.१.८ 'कथा' कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध

विश्वेश्वरप्रसाद कोइरालाको कथा कथामा लैङ्गिक शक्तिको विषयलाई आख्यानीकरण गरिएको छ । निश्चल वस्त्रविहीन युवतीले तपोभूमिमा तपस्या गरेका ऋषिलाई ध्यानभङ्ग गराएर गृहस्थी सञ्चालन गर्नुले लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई देखाएको छ ।

> तिनी एउटा गाउँमा घर बनाएर त्यहाँका मानिसहरूले गर्ने व्यवसाय कृषि गरेर गृहस्थ गर्न थाले । कालगतिले तिनलाई सन्तान पनि भयो । गाउँलेहरूलाई सानोतिनो आफूबाट हुने सहायता दिन तिनी र तिनकी पत्नी सदैव तत्पर हुन्थे । गाउँमा कोही बिरामी भयो, तिनकी पत्नी सेवामा पुग्थिन् । राजाका ढोकामा, श्मशानमा पहिलेका ऋषि तर अहिलेका दुई कुमारका पिता गाउँका मान्छेहरूका साथ दिन्थे । तिनको सानोतिनो दया र सहायताका पात्र त्यस गाउँका सारा प्राणी थिए । कुनै गाउँलेहरूलाई कष्ट पर्दा तिनीकहाँ खुर्र गएर आफ्नो अधिकार नै छ जस्तो गरेर उनीहरू तिनका सहायताको दाबी गर्थे । (पृ. ५२)

उल्लिखित कथांशमा आएको कृषि व्यवसाय गर्नु, गाउँमा सेवा गर्न पुग्नु, पहिलेका ऋषि दुई कुमारका पिता बनेको प्रसङ्गले लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ ।

प्रस्तुत कथांशमा त्यस युगको कथा हो जसमा कोइरालाले देवताहरू पनि दानवहरूसँग प्रतिद्वन्द्विता गर्थे । दानवहरूलाई परास्त गर्नका लागि युद्धमा पराजित गर्नका लागि अनेक अस्त्र प्रयोग गर्ने क्रममा अपसरा, सुन्दरीहरू पठाएर उनीहरूको तपस्या लक्ष्यलाई भङ्ग गरेर युद्ध जित्न सफल हुन्थे, जसबाट वर्गीय लैङ्गिक र जातीय शक्ति सम्बन्धलाई तलको उदाहरणबाट थप स्पष्ट हुन्छ :

> त्यस युगको कथा हो जब यो पृथ्वीका मानिस देवलोकका देवतासँग प्रतिद्वन्द्विता गर्थे । देवताहरू पनि दानवसँग युद्धमा पराजित हुने भयले पृथ्वीमा अवतरण गर्थे र कहिले दधीचिको हाड मागी औं कहिले दशरथसँग सहायताको प्रार्थना गरी विजयोन्मुख दानवलाई परास्त गर्न समर्थवान हुन्थे । आजकालका ब्राह्मणहरू जस्ता ती देवताहरू पनि उच्च पदमा आफूलाई आरुढ पारिराख्न आफू भन्दा साना जातिका मनुस्यको कुनै प्रकारको पनि सहायता लिन सङ्कोच मान्दैनथे तर जब तिनै मनुस्य तपस्याद्वारा देव पदमा पुग्ने सुप्रयत्न गर्थे देवताहरूको निम्ति यो असह्य हुन्थ्यो । त्यसो हुनाले देवताहरू सांसारिक मोहमायालाई त्याग गरेर घोर जङ्गलमा तपस्या गर्न गएका ऋषिहरूको तपस्या भङ्ग गर्न नाना उपाय गर्थे । तिनको सबभन्दा सफल उपाय थियो अप्सरालाई पठाई ऋषिहरूको तपस्यामा बाधा उपस्थित गराउनु । (पृ. ४९)

उल्लिखित कथांशमा आएको आजकल ब्राह्मणहरू जस्ता ती देवताहरू पनि उच्च पदमा आफूले ती जङ्गलमा पसेर ज्ञान प्राप्त गर्नका लागि तपस्या गर्न गएका ऋषिको तपस्या भङ्ग गर्न अनेक उपाय सुन्दरी पठाई भङ्ग गराउने प्रसङ्गले लैङ्गिक, वर्गीय र जातीय शक्ति सम्बन्धलाई स्पष्ट पार्दछ ।

### २.३.१.९ 'पुस्तक' कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध

विश्वेश्वरप्रसाद कोइरालाको 'पुस्तक' कथामा प्राकृतिक विपत्तिको विषयलाई आख्यानीकरण गरिएको छ। यस कथामा बूढो पात्रले पितृसत्ता र निम्नवर्गीय घटनालाई देखाई लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धको चित्रण गरिएको छ :

> म एउटा बूढो खेतालाको अतिथि थिएँ। जामुनाको बोटमुनि डोरीको खाट हालेको थियो, त्यसैमा पल्टेर म दिन काट्ने प्रयत्न गरिरहेको थिएँ। आफ्नो कृतज्ञता प्रकट गर्न त्यो बूढो उठ्यो र हात जोडेर उभिइरहन्थ्यो। (पृ. ५५-५६)

उल्लिखित कथांशमा आएको बूढोले पितृसत्ता र एउटा बोटमुनि डोरीको खाट (चारपाई) मा बसेर दिनचर्या बिताउने गरेको प्रसङ्गले पितृसत्तात्मक, निम्नवर्गीय लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ ।

यस कथांशमा दैवी प्राकृतिक विपतिको कारणले घटेको घर खेत सबै बगेर लगेको छ जसले गर्दा धेरै मानिसहरूको मृत्यु पनि भएको छ जसले गर्दा सरकार र अन्य मनकारी हातहरू सहयोगी हातहरू आएका छन् । बाढी पहिरोको कारणले झाडा, पखाला, हैजा जस्ता रोग फैलिन सक्छ भन्ने डर थियो । धेरै संस्थाहरू औषधी बोकेर गाउँ गाउँ वितरण गर्न आएकाले प्रभुत्व वर्ग र शोषित वर्गले लैङ्गिक, वर्गीय चित्रण गरेको छ ।

> बुढाले भन्यो “खोइ केही काम छैन । डुल्न जाऊँ भने चारैतिर पानी नै पानी छ नत्र यहाँ डुल्न त खुब रमाइलो ठाउँ थियो । ऊ त्यो सल्लाको रूखनेर पोखरी थियो ।”
>
> मैले भनेँ “पुस्तक भए पनि बसीबसी पढिरहने थिएँ ।” (पृ. ५७)

उल्लिखित कथांशबाट प्राकृतिक प्रकोपको कारणले गर्दा सबै कुरा बगाएर लगेको भौतिक संरचना र मानवीय क्षति अपूरणीय भएको छ । सबैमा पीडा र असुरक्षा शून्य वातावरण छ । कहीँ जान सक्ने अवस्था थिएन । पानी नै पानी बाटो घाटो सबै खसेको थियो । दिन काट्न मुस्किल थियो । यस्तो अवस्थामा पुस्तक भएको भए पढेर दिन बित्थ्यो । कथांशमा प्रयुक्त बुढोले पितृसत्ता दर्साउन्थ्यो भने खानेकुराको अभावले निम्न वर्गीय लैङ्गिक, वर्गीय र जातीय शक्ति सम्बन्धलाई स्पष्ट पार्दछ ।

### २.३.१.१० ‘स्कुलमास्टर’ कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध

विश्वेश्वरप्रसाद कोइरालाको ‘स्कुलमास्टर’ कथामा विद्यालयमा शिक्षकले जति मिहिनेत गरेर शिक्षण गर्दा पनि नतिजा राम्रो नहुनुलाई यौन मनोविज्ञानसँग जोडिएको छ । यस कथामा पनि लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध रहेको निम्नानुसार देखाइएको छ :

> घरमा आएर लुगा फुकाले, कुल्ला गरे । दुलही एक रिकापीमा मिठाई लिएर आइन् । उनले जिज्ञासाको दृष्टिले दुलहीतिर हेरे । दुलहीले भनिन् ‘उमानाथले लिएर आएको थियो ।’ (पृ. ६२)

उल्लिखित कथांशमा आएको उमानाथ मास्टरले विद्यालयबाट घरमा पुग्नेबित्तिकै उसकी श्रीमतीले रिकापीमा मिठाई ल्याएर दिनु र त्यसमा जिज्ञासाको भाव आएको प्रसङ्गले पितृसत्तात्मक समाजको लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ ।

यस 'स्कुलमास्टर' कथामा शिक्षकले जति गरे पनि जस नपाउने गर्दछ । राम्रो पढाइको लागि विद्यार्थी आफैले धेरै मेहनथ गर्नु पर्दछ । शिक्षक भनेको बाटो देखाउने मात्र हो लक्ष्यमा पुग्नको लागि विद्यार्थी आफैले हिँड्नु पर्दछ अनि मात्र निश्चित गन्तव्यमा पुग्दछ । परीक्षाको परीक्षाफल नराम्रो आएर दोष जति शिक्षकको टाउकोमा राख्ने परिपाटी तलको कथांशबाट पुष्टि हुन्छ :

> उमानाथ टाउको निहुराएर सुनिरह्यो । नन्दराजले एकचोटी पिठ्युँमा धाप मारेर भने "लौ जाऊ, राम्ररी पढ्नु नवरालिनू ।" त्यति भनेर आफू स्कुलतिर लम्के । उमा मात्र बिग्ग्रो भनेर कसरी भन्नु कुनै पनि त असल छैनन् । यता दुई तीन वर्षदेखि खराब व्याच आउँदैछ । पटक्क किताबतिर ध्यान दिँदैनन् । झन शहरमा सिनेमा भैदिएर ता आगोमा घिउको काम गऱ्यो । चार वर्ष अघिको व्याच कस्तो राम्रो थियो, जनार्दन, केशरी, गजराज, अम्बिका । यसपालि त त्यही बङ्गाली ठिटो निस्क्यो भने मात्र । (पृ. ५९)

माथिको कथांशमा विद्यार्थीहरू किताबमा पटक्कै ध्यान दिँदैन । पढ्ने भन्दा पनि सिनेमामा फिल्म हेर्न जाने जसले गर्दा पढाईमा अत्यन्त कमजोर भएको शिक्षक उमानाथको भनाइ थियो । चार वर्ष अघिको विद्यार्थी जेहेन्दार, असल, राम्रो पढाइ गर्थ्यो भने अहिलेको त मिहिनेत, लगनशील अध्ययन नगर्ने विद्यार्थीहरू छन् जसले गर्दा पढाइ खस्कँदै गएको छ भने शिक्षक नन्दराज र हेडमास्टरले बताएको प्रसङ्गले लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई प्रस्ट पार्दछ ।

### २.३.१.११ 'सखी' कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध

विश्वेश्वरप्रसाद कोइरालाको 'सखी' कथामा चन्द्रकुमारीको घरमा भाडामा वस्ने केटाले आफूलाई मन पराएको घटना वर्णित छ । यस कथामा पितृसत्तायुक्त युवाले बाटोमा समेत म्वाइँ खान प्रयास गरेको घटनाले लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई चित्रण गरेको निर्दिष्ट कथांशबाट स्पष्ट हुन्छ :

> उसले बाटो छेकेर भन्यो 'म्वाइँ देऊ, हिजो पछि दिउँला भनेकी थियौ ।' मैले कातर भएर भनेँ 'मलाई नाश गर्न कम्मर कसेका छौ ?' उसले छक्क परेर भन्यो 'तिम्रो नाश ! मैले तिम्रो म्वाइँ खाए तिमी नाश हुन्छ्यौ । के भनेकी ?' मैले फेरि भनेँ 'अबेर भैरहेछ, माफ गर, पानी लिएर छिटै पुग्नु छ, माफ गर ।' (पृ. ६७)

उल्लिखित कथांशमा आएको युवकले म्वाइँ देऊ, हिजो दिउँला भनेकी थियौ भन्नु, युवतीले म्वाइँ खान दिन नमान्नुको प्रसङ्गले पितृसत्तात्मक समाजको लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ । लैङ्गिक शक्तिसम्बन्धमा शक्तिशाली रहेका कारण पुरुषहरू नारीलाई आफ्नो उपभोग्य वस्तु सम्झने गर्छन् र उसलाई म्वाइँ खानु आफ्नो नैसर्गिक अधिकार सम्झने गर्दछन् भन्ने कुरालाई कथामा प्रस्तुत गरिएको छ ।

यस 'सखी' कथामा घरवेटी चन्द्रकुमारी र उनका पति र एउटा जवान केटो भाडामा बस्छ र घरवेटी चन्द्रकुमारीलाई मन पराउने र म्वाइँ खाने र उनको यौन प्यास मेटाउन चाहन्छ जसले चन्द्रकुमारीको मनमा ठेस लाग्छ जुन तलका कथांशबाट स्पष्ट हुन्छ :

> त्यो मेरो कोठामा आएर व्यग्र भएर सोध्यो "के भयो हँ ?" मैले आफ्नो सारा शक्ति बटुलेर सारा घर थर्काउने गरेर चिच्याएँ, "निस्की यहाँबाट" त्यो फनक्क फर्केर बाहिर निस्क्यो । म धेरैबेर रोइरहेँ । फेरि पनि आउना साथ मैले भनेँ, "त्यो कहिले जान्छ ? हाम्रो घर छोड्न त्यसलाई भन ।" उनले सोधे "त्यसले केही अनुचित व्यवहार गर्‍यो र ?" यसको उत्तर के दिन्थे ? मैले भनेँ "तिमी पनि बाहिर जान्छौ । मलाई एक्लै यो घरमा एउटा युवकको नजिकै बस्न डर लाग्छ ।" (पृ. ६९)

उल्लिखित कथांशले के प्रस्ट हुन्छ भने युवकले घरवेटि चन्द्रकुमारीप्रति माया गरेको उनको पनि नभएको मौका छोपेर कोठामा छिर्ने गरेको आफ्नो यौन प्यास मेटाउने प्रयास गरेको छ । यसले नारीमाथि पुरुषको शोषण पितृसत्तात्मक समाजको प्रतिबिम्बित हुन्छ । एउटा नारीमाथि घरमा आफ्नो श्रीमान् नभएको बेला एक्लो मौका छोपेर अनेक गतिविधि गर्दा पनि कुनै प्रतिकार गर्न सक्दैन । यसबाट स्पष्ट हुन्छ कि नारी कति कमजोर छ । समाजमा पुरुष र नारी बिचको भेद कतिसम्म छ भन्ने प्रस्ट हुन्छ । एउटा सहाराबिन नारी रोएर घरै थर्काउने गरी चिच्याए पछि केटो कोठाबाट बाहिर निस्किन्छ । यस कथाबाट स्पष्ट थाहा हुन्छ समाजमा पुरुषले प्रभुत्व कसरी जमाएको हुन्छ जसले नारीको इच्छा विपरीत म्वाइँ

खान खोज्ने जसमा शारीरिक रूपले नारी कमजोर हुन्छ भन्ने कुरा देखाउँछ । मानौं महिला एउटा खेलौना हो जतिखेर मन लाग्यो उपभोग्य वस्तुजस्तै खेल्ने सोच र प्रसङ्गले समाजको लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ ।

### २.३.१.१२ 'स्वेटर' कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध

विश्वेश्वरप्रसाद कोइरालाको 'स्वेटर' कथामा मैयाँ र उसका साथीहरूले स्वेटरलाई विषय बनाएर प्रेम गरेको विषयलाई लिइएको छ । कथामा गरिब परिवारको मानिसलाई पनि प्रेम गर्न सकिन्छ भन्ने लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धको उदाहरण निम्नानुसार रहेको छ :

> रमाले भनिन् 'मैयाँ, तिमी त रिसायौ । तिमीले भनेको कुरा सत्य हो । हाम्रो समाजले रचेको ऊँचनीचको मान शुद्ध प्रेमले मान्दैन । रामेलाई नोकर भनेर त्यो तिम्रो हाम्रो प्रेमको अधिकारी छैन म भन्दिनँ । तर अनुहार पनि त हुन्छ नि । मलाई दुनियाँको आठौं आश्चर्य यो लागिरहेछ । के देखेर तिमी ऊसँग रिझियौ । उमेरमा पनि त्यो छिप्पिएको छ । केही नभए पनि ३५ त भयो होला । तिमी भने २१ की मात्र छ्यौ । (पृ. ७५)

उल्लिखित कथांशमा आएको नोकर भन्दैमा प्रेमको भावना नहुने होइन । माया प्रेममा उमेरले त्यति धेरै फरक पार्दैन भन्ने प्रसङ्गले लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ ।

यस 'स्वेटर' कथामा मैया जसले नोकर रामेलाई माया गर्छिन् । ३५ वर्षको उमेरले पनि तिमी भने २१ कि मात्र भएकिले गर्दा धेरै वर्षको उमेर र रूपको दृष्टिले पनि त्यति राम्रो होइन भन्नेले माया कुनै उमेर, धन, जातपात, रूपसँग हुँदैन भन्ने प्रस्ट अझ तलको कथांशले थप स्पष्ट पार्ने काम गरेको छ :

> मैया एकछिन दोषीजस्ती भइन् । उनले आफ्नो मनको कुरा बुझाउने प्रयत्नमा भनिन् "होइन स्वेटर दिँदैमा के भयो त ? यतिमै कुरा गर्छन् भने मेरो के लाग्छ त ? म मुलुकको मुख थुन्न सक्तिनँ ।" अर्की सखीले भनिन् "मैले तिमीलाई नजाति काम गऱ्यौ भनेको त होइन तर चलाकीसँग गर्न सकिनौ भनेको पो त । तर मलाई पनि खुलदुली लागिरहेछ । कसैलाई नपाएर नोकरलाई ।"

> मैया रन्किन् "नोकर के मानिस होइन ? अचेलको समानताको युगमा पनि तिमी नोकर र मालिकको भेद गर्छ्यौ ? अब यसै भन्यौ उसै भन्यौ, साँच्ची भनूँ भने, के कसैको खटनमा प्रेम हिँड्छ र ?" (पृ. ७४)

माथिको कथांशबाट के स्पष्ट हुन्छ भने एउटा मैयाले एउटा स्वेटरलाई विषय बनाएर प्रेम गरेको प्रसङ्ग छ । मैयाले नोकरलाई स्वेटर बनाएर उपहार दिएको अरूलाई मन पर्दैन । नोकर र मालिकको वर्गीय चित्रण गरेको छ । नोकरलाई मालिकले प्रेम गरेको समाजले पचाउँदैन भन्ने कुरा दर्साउँछ । तर प्रेम माया भनेको कुनै धन, दौलत, उमेर, जात केही पनि हेरिँदैन भन्ने कुरा मैयाको भावबाट देखिन्छ । के नोकर मात्र मानिस होइन । यस्तो समयमा पनि जातभात केही हुँदैन । मानिस एउटा केटा र अर्को केटी यी दुई बाहेक अरू कुनै जात हुँदैन भन्ने कुरा स्पष्ट रूपले भनेकी छिन् । मान्छेलाई हेर्ने भनेको उसको व्यवहारले हो ऊ असल, इमान्दार चरित्रवान कस्तो छ त्यो हेर्ने हो न कि उमेर, रूप, धन, दौलत, हेर्ने होइन । माया भनेको मुटुबाट गरिन्छ । भित्र आत्माबाट गरिन्छ जुन कुरा देखिँदैन मात्र अनुभूति महसुस गर्न सक्छौ । माया गर्दा समाजले अरूले के भन्छ भनी हेर्ने होइन कि आफूलाई के लाग्छ त्यो गर्ने हो । काग कराउँदै गर्दछ पिना सुक्दै जान्छ भने जस्तै अरूको कुरा सुनेर गर्ने होइन । यसबाट 'स्वेटर' कथामा समाजले धनी र गरिब, नोकर र मालिकले माया प्रेम गर्न खोजे पनि समाजले अस्विकार गर्ने प्रसङ्गबाट लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ ।

### २.३.१.१३ 'बौलाहा' कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध

विश्वेश्वरप्रसाद कोइरालाको 'बौलाहा' कथामा पौराणिक विषयलाई लिएर तत्कालीन कानुनलाई जोड्दै दण्ड सजायको विषयलाई आख्यानीकरण गरिएको छ । निम्नवर्गीय पात्रको प्रतिनिधित्व गराएर कथाकारले लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध देखाउँदा त्यसको एक प्रसङ्ग कथामा यस्तो छ :

> 'मलाई के थाहा । एकचोटि १५ दिन भयो, दुलही त्यससँग भेट्न आएकी थिई क्यारे, भेटेर फर्कने बेलामा त्यसलाई एकचोटि देखेको थिएँ । बिरामी जस्तो थिई पहेँली, आँखा पुछ्दै फर्किरहेकी थिई । उता त्यसको दुलाहा फलामको डण्डीलाई दुवै हातले उखेलुँलाजस्तो गरेर उफ्रँदै फलाकिरहेको थियो- 'किन मर्दिनस्, मोरी, गएर अहिले मरिहाल् । त्यसलाई बौलाहा नभनेर कस्तालाई भनूँ ?' (पृ. ७८)

उल्लिखित कथांशमा आएको बिरामी भएकी दुलहीलाई आफ्नो श्रीमान् जेलमा पसेको देखेर विरक्त भए तापनि उसको श्रीमान्ले आफूलाई समयमा भेट्न नआएको भनी आक्रोश पोखेको प्रसङ्गले पितृसत्तात्मक लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ ।

यस कथामा कुनै सामान दिउँसो नै चोरी गर्न जाँदा नोकरले समाउँछ । जेलमा राख्दा दुलही हरेक दिन भेट्न खाना पुराउन जान्छ । जेलमा चोर, डाकु, हत्यारा जस्ता अपराधीहरूलाई मन शुद्धि पार्नका लागि गीता, पुराण, मनुस्मृति र अरू धर्मग्रन्थको व्याख्या गर्थे जसले गर्दा आत्मा शुद्धि गर्नका लागि जेलमा भयानक अपराधीहरूको चित्रणले लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध देखाउन तलको प्रसङ्गले स्पष्ट पार्दछ :

> मैले सोधेँ "त्यो कुन मुद्दामा परेको हो ?" उनले भने "चोरीको ।" त्यो कस्तो दुस्साहसी भने दिउँसै चोरी गर्न हिँड्यो । कोठाभित्र पस्न मात्र पाएको थियो, नोकरहरूले त्यसलाई समातिहाले । त्यो चाहिँ चोर्न पालेको बाकसलाई च्यापिरहेछ, पिटाइ खाइरहेछ, त्यसले के भन्ठानेर बाकसलाई च्याप्यो होला । बाकस त्योसँग खोस्न बडो गाह्रो परेछ । बाकस त्योसँगबाट खोसिएपछि डाँको छोडेर रुन थाल्यो, अड्डामा यस्ता बाठा चोरहरू जजहरूलाई आफ्नो तर्कले प्रभावित गराउन र आफ्ना पक्षमा फैसला लिन रुने ठाउँमा रुन्छन्, प्रार्थना गर्नु पर्ने ठाउँमा हात जोरेर जीउजीउ गर्न थाल्छन् । त्यो पनि रुँदै भन्न थाल्यो "जजसाहेब, मेरी दुलही मर्न आँटेकी थिई, औषधी र पथ्यलाई रुपियाँ खोज्न हिँडेको मलाई नथुनिबक्सियोस् । (पृ. ७७)

उल्लिखित कथांशबाट निम्न वर्गीय पात्रले दिउँसो नै चोर्न निस्केछ नोकरले समातेपछि सबैले कुटपिट गर्छ र पुलिसलाई बोलाएर जेलमा पठाउँछ । जेलमा धेरै खालको अपराधीहरू बस्छन् जसलाई आत्मा शुद्धि गर्नका लागि विभिन्न प्रवचन, गीता, पुराण सुनाउँछन् ताकि सतबुद्धि फेरि आओस मानिसले गल्ति जान अन्जान तनावमा अपराध हुन जानसक्छ त्यसलाई न्यूनीकरण गर्नका लागि जेलमा शुद्धीकरण धार्मिक प्रचवन सुनाउने गर्दथ्यो । श्रीमान्लाई जेलमा खाना र भेट्न जान्छिन् । यहाँ नारीले आफ्नो त्याग, समर्पण देखाएकी छे । आफ्नो श्रीमान् जेलमा फसेको हुँदा उनलाई बचाउनका लागि नारीले कति सहनशील भएर निरन्तर जेलमा गइराख्छिन् । यति गर्दा गर्दै दुलही विरामी कहीँ कतै जेलमा

नजाँदा श्रीमान्ले अनेक गुनासो गर्ने प्रसङ्गले पितृसत्तात्मक लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ ।

### २.३.१.१४ 'रिक्सा तान्ने' कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध

विश्वेश्वरप्रसाद कोइरालाको 'रिक्सा तान्ने' कथामा निम्नवर्गीय परिवारमा भोको पेट भर्नका लागि धनमायाले धनवीरेलाई बाहुनकोबाट खाना ल्याएर दिँदा उल्टै त्यसप्रति सद्भावको सट्टा विद्रोह गरेको विषयलाई कथाकारले लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धका रूपमा राखेको कुरा निम्नानुसार रहेको छ :

> आफ्नो छाप्रोभित्र पस्नासाथ उसले सबभन्दा पहिलो काम फुरौलाको बुजो हाल्न थाल्यो- 'मोरी, जूठो खान्न रे । त्यसले कसको जूठो खाएकी छैन, रण्डी........।' भुतभुताउँदै त्यो फुरौला खान थाल्यो । त्यसको कुकुर त्यहीँनेर बसेर फुरौलातिर दृष्टि गाडिरहेको थियो । यो देखेर धनवीरको कन्सिरी तात्यो । 'लोभी, टपरीभरि खाएर अझै यसको पेट भरेको छैन । यसो केही खान थाल्यो भने टुलुटुलु हेरेर चोखे लाइदिन्छ, मोरा ।' यति भनेर त्यसलाई हान्न हात उचाल्यो । कुकुर त्यहाँबाट फुत्त भाग्यो र दिनभरि फेरि देखापरेन । (पृ. ८३)

उल्लिखित कथांशमा आएको मोरी जूठो खान्न रे, त्यसले कसको जूठो खाएकी छैन रण्डी, भुतभुताउँदै फुरौला खान थालेको प्रसङ्गले निम्नवर्गीय पितृसत्तात्मक लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ ।

यस कथामा निम्न वर्गीय धनवीरेले आफ्नो जीवनयापन गर्नका लागि सडकमा माग्न हिँडेर भए पनि बाँच्नु ठूलो कुरा हो । पहिला बाँच्नु पर्‍यो त्यसपछि अरू कुराहरू भनेको तपसिलका कुराहरू हुन् । यस निम्न वर्गीय पात्रको प्रतिनिधित्व गराएर कथाकारले लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध देखाउँदा त्यसको प्रसङ्ग कथामा यस्तो छ :

> धेरै रात आउञ्जेलसम्म धनवीर त्यही चौरमा पछारिरह्यो । सारा शरीरमा पीडा थियो । उठ्न सक्ने शक्ति उसमा थिएन । कम्मर अलिकति हल्लँदा पनि चटक चटक गरेर दुख्न थाल्थ्यो । त्यो विस्तारै विस्तारै घस्रँदै छाप्रोभित्र आएर सुत्यो । दुई दिन त्यो कतै निस्केन । हनहनी जरो आयो, कम्मरको पीडा हिजोभन्दा आज झन बढ्यो । तर पर्सिपल्ट फेरि तयो माग्न भनेर विस्तारै छाप्रोबाट निस्क्यो । आज बाँसुरी लिन बिर्स्यो । कुकुर

> चाहिने परिस्थितिको मुताविक उत्साह नदेखाई त्यो सँगसँगै हिँडिरहेको थियो । (पृ. ८४)

उल्लिखित कथांशबाट के कुरा स्पष्ट हुन्छ भने निम्न वर्गीय पात्र धनवीरे खाना खान नपाएर भौतारिएर माग्न हिँड्न बाध्य हुन्छ । ऊ मालिककोमा कामको लागि रिक्सा तान्ने काम गर्दछ तर उनको शरीरले सक्दैन । खोकिले गर्दा उनलाई काम गर्न गाह्रो हुन्छ तर पनि शरीरले जति गर्न सक्छ इमानदार भएर काममा लगनशील भएर गर्दछ । साहु साह्रै कठोर माया भन्ने नभएकोले विरामी भएका धनवीरेलाई रिक्सा तान्ने कामबाट खोसिन्छ । ज्वरोले लठ्ठ शारीरिक थकान भएका, शरीरको सबै भागमा कटकटी दुखेको, खान केही नरुचाएको, छाती दुखेको, डुब्ला छन् । वीरे धनमाया कहाँ छाप्रोमा जान्छ र विरामी धनवीरेले खोक्दा खोक्दा रगतको भल बग्छ । यसबाट के स्पष्ट हुन्छ भने मालिकले कामदारलाई गर्ने व्यवहार कुकुरलाई गर्ने जस्तो छ मानौँ धनवीर कुकुर नै हो । सम्भ्रान्त वर्गले गरिबलाई कसरी शोषण गर्दछ भने थलिएको विरामी धनवीरेलाई विरामी हुँदा पनि आराम गर्न पनि नदिइएर सुत्नु काम चोर भन्ने समेत गरेकोले लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ ।

### २.३.१.१५ 'मधेसतिर' कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध

विश्वेश्वरप्रसाद कोइरालाको 'मधेसतिर' कथामा प्राकृतिक प्रकोपका कारण घरबारविहीन भएको गोरे र पति गुमाएर यौनतृप्ति र लैङ्गिक सहाराको खोजीमा मधेसतिर लागेकी विधवाको घटनालाई कथाकारले वर्णित गरेका छन् । यस कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई यसरी चित्रण गरिएको छ :

> तर विधवामा उत्साह थिएन । आफ्नो उमेर ढलिसकेको थियो । उनले तिनै गहना र रुपियाँको आकर्षणले कुनै युवकलाई तानेर आफ्नो बनाउने इच्छा गरेकी थिइन् । आफ्नो सानै उमेरदेखिको सपनालाई- आफ्नो सानो घर, छोराछोरी- सफल बनाउने इच्छा गरेकी थिइन् । सब तासको घर झैँ भताभुङ्ग भयो । उनले पनि देखासिखी गरेर उत्साहहीन दृष्टिले दक्षिणतिरको मैदानलाई हेरिन् । (पृ. ९६)

उल्लिखित कथांशमा आएको गोरेले विस्मयको भावले विधवालाई हेर्नु, विधवाले अप्रतिम भएर आफूलायक भए नभएको सोध्नु, छोराछोरीको विषयमा संवाद चलेको

प्रसङ्गले निम्नवर्गीय समाजमा निहित लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ ।

यस कथामा देशमा प्राकृतिक प्रकोपले गर्दा गरी खाने केही नभएको भोकभोकै मर्नु पर्ने वातावरण देखिएकोले उनीहरू मधेसतिर जानु पर्ने बाध्यता रहेको छ । मधेस उनीहरूको लागि रहरले जान लागेको होइन । टन्न पेटभरि खान पाउने, काम गरी खान पाउने आशामा मधेसतिर जान लागेको तलको कथांशले पुष्टि हुन्छ :

> सब जना छक्क परेर विधवातिर टुलुटुलु हेर्न थाले बुढाले भन्यो "तिमी गहना गुरिया लिएर कहाँ हिँडेको त ? लाग्यो होला गोरेले । अब चोरिने कुरा चोरिइहाल्यो, रोएर के गर्नु ?" विधवालाई त्यसको कुरा सुनेर रीस उठ्यो । उनले चिच्याएर भनिन् "चुप लाग बुढा । त्यस गहनाले मैले के के गरुँला भन्ने विचार गरेकी थिएँ, खेती किनुँला, बिहा गरुँला, घर जमाउँला, छोरा पाउँला । मेरो सारा आशा नस्ट भयो ।" (पृ. ९५)

उल्लिखित कथांशमा जीवनयापन गर्न कठिन हुँदै आएकोले विधवा, गोरे, बुढा, भोटे सबै जनाको झिनो आशामा मधेसतिर लाग्छ । पेटभरि पनि खान नपाएको कारणले आफ्नो भविश्यको लागि मधेसतिर जानु परेको बाध्यता छ । आफ्नै हुर्केको, खेलेको पहाडमा खान पनि मुस्किल जीवनयापन गर्न साह्रै कठिन भएकोले गर्दा रहरले भन्दा करले मधेस छिर्नु परेको छ । सबैको आशाको किरण विधवामा थियो । उनले सबैलाई खाजा बाँडेर दिइन र गोरेलाई अलि बढी माया गरेर खाजा दिनु र सुत्नको लागि ओढ्ने दिई गोरेप्रतिको माया प्रेमको झझल्किन्छ । नारी कति समरप्रित हुन्छे आफूसँग भएको खानेकुरा सुत्ने ओछ्यान बाँडि चुँडि दिन्छु तर गोरे चाहिँ विधवासँग भएको गहनातिर ध्यान छ । कतिखेर कुम्लाउने दाउमा छ । विधवा सासूसँग भएको सबै गहना गोरेलाई दिएर घर संसार बनाउन चाहन्छ कि छोरा छोरी अनि एउटा घर मिलेर बस्ने उनका चाहना छन् तर त्यो चाहना तासको घर जस्तै झल्याम्म ढले । गोरेले उनी सुतिरहेको बेला सबै गहना चोरेर भागेको प्रसङ्गले पितृसत्तात्मक निम्न वर्गीय समाजमा निहित लैङ्गिक, वर्गीय र जातीय शक्ति सम्बन्धलाई स्पष्ट पार्दछ ।

### २.३.१.१६ 'सिपाही' कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध

विश्वेश्वरप्रसाद कोइरालाको 'सिपाही' कथामा एउटा यात्रामा अफिसर र 'सिपाही'को पेसामा रहँदाको समयमा देखापरेका र अनुभव गरेका घटनालाई वर्णन गरिएको छ ।

'सिपाही' जहाँ त्यहाँ श्रीमती भन्ने पितृसत्तात्मक कथनलाई साकार पार्ने गरी कथाकारले कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई प्रस्तुत गरेका छन् :

> 'म क्वेटा छाउनीमा छु। वहाँ गएको धेरै दिन भयो। मेरी एउटी दुलही पनि छ तर यतै पहाडतिर। त्यो रोगी र बेकामकी छ तैपनि दुईवटा छोरा भइहाले। म घर नगएको धेरै दिन भयो, जाने इच्छा पनि छैन। मेरी दुलही निश्चय नै अर्कासित गइसकेकी होली। छोराहरू पनि गुण्डा भइसके होलान्। अँ, सानो चाहिने छोरा चलाकजस्तो थियो, त्यसलाई पढाउने मेरो ठूलो खायस थियो, तर को दुःख बेसाओस्। मेरा बुबाले मलाई पढाएनन्, म मजासँग छु। क्वेटामा नै एउटी दुलही खोजिहालेको छु। जहाँ बसे पनि मन लाग्ने कुरा हुनुपर्छ।' (पृ. ९८)।

उल्लिखित कथांशमा आएको 'सिपाही'की एउटी दुलही पहाडमा हुनु दुईवटा छोरा हुँदा पनि 'सिपाही'ले श्रीमतीप्रति शङ्का गर्नु, अझै अर्की दुलहीको खोजीमा रहेको प्रसङ्गले पितृसत्तावादी समाजमा निहित लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ।

यस कथामा आफ्नो देशको रक्षाको लागि सिपाही सधैं तत्पर रहन्छन् । ऊ आफ्नो ज्यानभन्दा देश रक्षाको लागि तत्पर हुन्छ । यदि लडाइँमा विरगति प्राप्त भएमा स्वर्ग पुगिन्छ। एउटा पवित्र काम हुन्छ। आफ्नो देश आमालाई बचाउनका लागि एक एक थोपा रगत बगाउन पाउँदा सुखको अनुभूति हुन्छ। आफ्नो भूमि बचाउन आफ्नो ज्यान दिन पनि खुसी खुसी तयार छु भन्ने प्रसङ्ग तलको कथांशले स्पष्ट पार्दछ :

> म क्वेटा छाउनीमा छु। यहाँ गएको धेरै दिन भयो। मेरी एउटी दुलही पनि छ तर यतै पहाडतिर । त्यो रोगी र बेकामकी छ तैपनि दुईवटा छोरा भइहाले । म घर नगएको धेरै दिन भयो, जति इच्छा पनि छैन । मेरी दुलही निश्चय नै अर्कासित गइसकेकी होली । छोराहरू पनि गुण्डा भइसके होलान् । अँ, सानो चाहिने छोरा चलाक जस्तो थियो, त्यसलाई पढाउने मेरो खायस थियो, तर को दुःख बेसाओस् । मेरा बाबुले मलाई पढाएनन्, म मजासँग छु । क्वेटामा नै एउटी दुलही खोजिहालेको छु। जहाँ बसे पनि मन लाग्ने कुरा हुनुपर्छ। (पृ. ९८)

उल्लिखित कथांशमा सिपाहीको मनोविज्ञान आफू घर धेरै समय नगएकोले दुलही अरूसँगै पोइला गइसकेकी होला भनी श्रीमती माथि शङ्का गर्छन् । पुरुषले श्रीमतीप्रति गरेको व्यवहारले पितृसत्तात्मक समाजको स्पष्ट हुन्छ। शङ्काले लङ्का जलाउँछ भने जस्तै

सिपाहीको मनमा छोराहरू कतै गुण्डा भइसक्यो । आफ्नो उपस्थिति बिना परिवार तहस नहस भताभुङ्ग भयो होला भन्ने कल्पना गर्दछ । सिपाही आफू चाहिँ पाएमा बिहा गर्ने सोचमा छ जसबाट के प्रस्ट हुन्छ पुरुषले जे गरे पनि समाजमा पचाउने तर त्यही नारीले गरेमा छि छि गरी अपहेला गर्छन् जसले गर्दा समाजमा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ ।

## २.४ विश्वेश्वरप्रसाद कोइरालाको 'श्वेतभैरवी' कथासङ्ग्रहका कथमा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध

विश्वेश्वरप्रसाद कोइरालाको 'श्वेतभैरवी' कथासङ्ग्रह २०३९ सालमा प्रकाशित भएको हो । यसमा केही लामो आयामका 'सान्नानी', 'राइटरबाजे', एक रात र 'श्वेतभैरवी' चारवटा कथाहरू सङ्कलित रहेका छन् । यी कथामा पञ्चायतकालीन शासकीय प्रभुत्वशाली वर्ग र अधीनस्थ वर्गको चित्रण गरिएको छ । कथामा पितृसत्तात्मक नेपाली समाजको सामाजिक शक्तिसम्बन्धको चित्रण गरिएको छ । प्रस्तुत शोधकार्यमा विश्वेश्वरप्रसाद कोइरालाको 'श्वेतभैरवी' कथासङ्ग्रहमा रहेका 'सान्नानी', 'राइटरबाजे', एक रात र 'श्वेतभैरवी' कथाहरूको लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धका आधारमा विश्लेषण गरिएको छ ।

### २.४.१ 'सान्नानी' कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध

विश्वेश्वरप्रसाद कोइरालाको सान्नानी कथामा यौनमनोविज्ञानलाई विषय बनाएर वस्तुको आख्यानीकरण गरिएको छ । यस कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धको उदाहरण निम्नानुसार रहेको छ :

> सान्नानीले भनी- भाले-पोथी- बिचरा !
>
> के सान्नानी ? काँडाले कोरेको तिघ्रालाई कन्याउँदै मैले सोधेँ ।
>
> ढुक्कुरको जोडा, भाले-पोथी ।
>
> के सान्नानी ?
>
> एउटा घाँस उखेलेर सान्नानीले चिरेर मलाई देखाई- त्यो घाँस कहिले भाले भएर चिरिन्थ्यो, कहिले पोथी ।
>
> मैले सोधेँ- के सान्नानी ?

उसले भनी- तिमी भाले म पोथी ।

के सान्नानी ? (पृ. १३) ।

उल्लिखित कथांशमा आएको भाले-पोथीको प्रसङ्गले ढुक्कुरको जोडीमा जस्तो लैङ्गिक सम्बन्ध सान्नानी र ऊ पात्रमा रहेको कुरा देखाएको छ र यसले लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ ।

यस कथामा यौन मनोविज्ञानलाई विषय बनाएर वस्तुको आख्यानीकरण गरिएको छ । यस कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धको निम्नानुसार प्रसङ्गमा रहेको छ :

> बाहिर आएर उसले मलाई सोधी- तिम्रो नाउँ.... ? मैले आफ्नो नाउँ बताएँ । तिम्रो नि ..... ? मसिनो शहद स्वरमा मैले सोधेँ । पूर्णकण्ठले उसले उत्तर दी- नाउँ मलाई सान्नानी भन्छन् । नाउँ त अर्कै छ, यो बोलाउने नाउँ हो । तिमीले मलाई सान्नानी भनेर बोलाए हुन्छ । ... तिम्रो यो नाउँ बोलाउने हो की न्वारनको हो ।
>
> के जबाव दिउँ ? मेरो त एउटा मात्रै नाउँ छ । शहरमा मलाई यो कुरा कसैले बताएनन् कि मानिस्को बोलाउने र न्वारनका भिन्न भिन्न नाउँ हुन्छन् । मैले भनैं- मेरो त एउटा मात्र नाउँ छ । मलाई लाज पनि लाग्यो, केबल एउटा नाउँको अधिकारी भएकोले ।
>
> उसले भनी- होइन तिमीलाई थाहा होइन होला । न्वारनको नाउँ आमासँग सोध्नू । (४-५)

उल्लिखित कथांशमा आएको बाहिर बोलाउने सान्नानीको नाम र न्वारनको नाम फरक फरक रहेको छ र यसले लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ ।

### २.४.२ 'राइटरबाजे' कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध

विश्वेश्वरप्रसाद कोइरालाको राइटरबाजे कथामा यौनमनोविज्ञानलाई आख्यानीकरण गरिएको छ । यस कथामा एउटी स्त्रीले पुरुषका लागि गरेको हार्दिक व्यवहारलाई लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धको उदाहरणका रूपमा राख्न सकिन्छ जो निम्नानुसार रहेको छ :

> पुरुष के सबै त्यस्तै हुन्छन् ? अबोध निरीह अन्जान ? जसलाई एउटी नारीको आड आवश्यक पर्छ ? जसलाई खाने-लाउने ठेगाना हुँदैन ? जो पहिलो मौकामा

> नै सहजसँग आफूलाई एउटी नारीको पञ्जामा सुम्पिएर निर्धक्क हुन्छ ? के नारीको स्वाभाविक धर्म पनि एउटै पुरुषको हेरविचारमा आफूलाई निमग्न पारेर अपार सन्तोषको सास फेर्नु हो ? म एउटी ग्रामीण भोटिनी बालिका, अशिक्षित, केही नजान्ने । मैले स्त्री चोला लिएर जन्मेँ र शरीर धर्मअनुसार हुर्किँदै गएँ । र त्यही प्राकृतिक नियमअनुसार एउटा पुरुषको सहारामा निर्धक्क भएर उसैलाई ममत्वको भरोसा दिँदै, उसको हेरविचार गर्दै, उसको निरीहतालाई यथासाध्य निवारण गर्दै उसको सानो जीवनमा पूर्ण रूपले स्थापित भएँ । मलाई लाग्न थाल्यो- बिचरा, म नभएको भए राइटरबाजेको के गति हुने थियो ! (पृ. १९) ।

उल्लिखित कथांशमा आएको अबोध निरीह अन्जान ग्रामीण भू-भागमा जन्मिएकी नारीले पुरुषको सहारामा आफ्नो जीवन अर्पण गरेर आफूलाई स्थापित गर्नुपर्दाको प्रसङ्गले पितृसत्तात्मक समाजको लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ ।

यस कथामा राइटर बाजेले नारीलाई तलव दिएको छ । पुरुष प्रधान हाम्रो समाजमा पुरुष बाहिर काम गर्ने र महिलाले घर सम्हाल्ने प्रसङ्गले लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धको तलको उदाहरणबाट प्रस्ट हुन्छ ।

> राइटर बाजेले पनि ममाथिको आफ्नो निर्भरताको पूरा प्रमाण दिएर एक दिन भने- ल लेऊ, मेरो यस महिनाको तलब र बाकसको साँचो पनि । अब तलब आउने वित्तिकै तिम्रै हातमा राखिदिन्छु । राइटर बाजेको घरमा विस्तार विस्तार म स्वामिनी जस्तो त भइसकेकी थिएँ र मेरै खटन त्यहाँ चल्थ्यो । उनमाथि पनि मेरै खटन । तर त्यस दिन साँचोका झुप्पमा र रुपियाँ बटुली मेरो हातमा उनले राखि दिँदा मलाई लाग्यो कि हाम्रो पुरुष नारीको सम्बन्धमा एउटा अविच्छिन्न घनिस्टता थपियो । (पृ. १९)

उल्लिखित कथांशमा राइटर बाजेले कमाएर ल्याएको पैसा आफ्नो नारीलाई दिएको छ । घरको साँचो पनि तलब सबै ती नारीकै हातमा थमाएको छ । यसबाट के स्पष्ट हुन्छ भने पुरुष र नारी भनेको एउटा रथको दुईवटा पाङ्ग्रा हुन् । त्यसैले समाजमा नारी र पुरुष मिलेर राम्रो समाज, परिवार बनाउनु पर्दछ भन्ने प्रसङ्गले समाजको लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई प्रस्ट पार्दछ ।

### २.४.३ 'एक रात' कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध

विश्वेश्वरप्रसाद कोइरालाको एक रात कथामा बालविवाह गर्ने सामाजिक मूल्य मान्यतालाई आख्यानीकरण गरिएको छ । कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध निम्नानुसार रहेको छ :

> बैनी भन्थी- आमा, म बिहे गर्दिनँ ।
>
> आमा भन्थिन्- के भनेकी रे बिहे गर्दिनस् ?
>
> अहँ गर्दिनँ- देशसेवा गर्छु पढेर आमा ! भन्थी बैनी ।
>
> त्यसपछि किशोरको बिहा भयो । सानी केटी आई, दुलही भएर ।
>
> उसले बालाई एक-दुईचोटि भनेको थियो- बा, अहिले बिहे गर्दिनँ पढिसिध्याउँछु, अनि... । (पृ. ३१)

उल्लिखित कथांशमा आएको म बिहे गर्दिनँ, पढेर देश बनाउँछु भनेकी किशोरीलाई जबरजस्त विवाह गरिदिने सामाजिक मान्यताको प्रसङ्गले नेपाली ग्रामीण समाजको पितृसत्तात्मक लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ ।

### २.४.४ 'श्वेतभैरवी' कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्ध

विश्वेश्वरप्रसाद कोइरालाको 'श्वेतभैरवी' कथामा कथाकारले यौनमनोविज्ञानलाई आख्यानीकरण गरेका छन् । यस कथामा कथाकारले घरमा काम गर्ने फागुनीबाट यौनतृप्ति मेटाउने अभ्यासलाई कथामा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धका रूपमा चित्रण गरेको निर्दिष्ट कथांशबाट स्पष्ट हुन्छ :

> उसले भनी- चुमौन मुख्य कुरा हो- तर जे होस्, मैले यस्तो किसिमबाट डामेर छाडेकी छु कि आजीवन त्यो दाग तिमी आफ्नो जिउमा धारण गरेर हिँडिरहनेछौ । मैले पनि त्यस पागल क्षणको चिह्न शरीरमा लिराखेकी छु । (पृ. ४६) ।

उल्लिखित कथांशमा आएको चुमौन मुख्य कुरा हो, आजीवन त्यो दाग तिमी आफ्नै जिउमा धारण गरेर हिँडिरहनेछौ भन्ने प्रसङ्गले पितृसत्तात्मक समाजमा निहित लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धलाई स्पष्ट पार्दछ ।

## २.५ निष्कर्ष

कथाकार विश्वेश्वरप्रसाद कोइरालाका *दोषी चश्मा र श्वेतभैरवी* कथासङ्ग्रहभित्र रहेका बिसवटा कथालाई लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धका कोणबाट विश्लेषण गर्दा उनका कथाहरूमा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धका कारण उत्पीडनमा परेका पात्रहरूको चित्रण गरिएको पाइन्छ । पितृसत्तामा आधारित नेपाली समाजमा लैङ्गिक र वर्गीय शक्तिसम्बन्धका कारण पुरुषहरूले भन्दा महिलाहरूले बढी उत्पीडन भोग्नुपरेको कुरालाई प्रस्तुत गरिएको छ । लैङ्गिक र वर्गीय हिसाबले शक्ति र सत्ताको आडमा महिलाहरूले बढी मात्रामा यातना भोग्न विवश छन् भने वर्गीय हिसाबले महिलाको तुलनामा पुरुषले कम यातना भोग्नुपरेको देखिन्छ । कोइरालाका कथामा पितृसत्ताको आडका कारणले गर्दा महिलाको भन्दा पुरुषको शक्ति उच्च रहेको देखिन्छ ।

कोइरालाका कथामा नारीपात्रहरू पितृसत्तात्मक आडमा पुरुषको भोग्या साधनका रूपमा देखापरेका छन् । घरदेखि लिएर राष्ट्रसम्म महिलाहरूलाई शक्तिशाली वर्गले होच्याउने, तुच्छ व्यवहार गर्ने र समाजबाटै अपमानित बनाइने प्रवृत्ति पनि समाजमा विद्यमान रहेको पाइन्छ । कोइरालाका माथि उल्लिखित कथाहरूमा कतै उच्चवर्गले निम्नवर्गका व्यक्तिमाथि आफ्नो अधिकार जमाएको पाइन्छ भने कतै लैङ्गिक हिसाबले हेर्नुपर्दा पुरुषसत्ताले जरो गाडेको हाम्रो समाजमा अधिकांश महिला पुरुषबाट पीडित हुन पुगेका छन् । यो हुनुको मुख्य कारक तत्त्व पितृसत्ताको आडमा महिलाभन्दा पुरुषको वर्चस्व उच्च हुनु रहेको देखिन्छ । जातीयताका हिसाबले हेर्नुपर्दा कोइरालाका कथामा निम्नवर्गीय तल्लो स्तरको जातकी त्यही पनि सीमान्तकृत वर्गकी महिला भएको कारणले पनि उच्चवर्गका व्यक्तिबाट पीडित हुनुपरेको प्रसङ्गलाई देखाइएको छ । समग्रमा भन्नुपर्दा जुन ठाउँमा जसको पहुँच बढी हुन्छ त्यस ठाउँमा उसैको शक्ति बढी रहेको हुन्छ । जाति, वर्ग, लिङ्ग, राजनीतिका जुनसुकै क्षेत्रमा हेरे पनि जसको वर्चस्व जहाँ बढी हुन्छ त्यहाँ यसैको शक्ति उच्च रहेको हुन्छ । कोइरालाका यी कथामा कतै लैङ्गिक शक्तिसम्बन्ध बढी रहेको देखिन्छ भने कतै वर्गीय र जातीय शक्तिसम्बन्ध बढी भएको देखिन्छ ।

# तेस्रो परिच्छेद

# विश्वेश्वरप्रसाद कोइरालाका कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान

## ३.१ विषयप्रवेश

प्रस्तुत शोधको यस परिच्छेदमा विश्वेश्वरप्रसाद कोइरालाका *दोषी चश्मा* कथासङ्ग्रहमा रहेका 'दोषी चश्मा', 'बिहा', 'हरिदत्त', 'प्रेम', 'कर्णेलको घोडा', 'पवित्रा', 'होड', 'कथा', 'पुस्तक', 'स्कुलमास्टर', 'सखी', 'स्वेटर', 'बौलाहा', 'रिक्सा तान्ने', 'मधेसतिर', 'सिपाही' र 'श्वेतभैरवी' कथासङ्ग्रहका 'सान्नानी', 'राइटरबाजे', 'एक रात', 'श्वेतभैरवी' कथाहरूमा लैङ्गिक, जातीय र वर्गीय शक्तिसम्बन्धका कारणले सिर्जना भएका नारी र पुरुष पात्रहरूको पहिचानका आधारमा विश्लेषण गरिएको छ। कोइरालाका कथामा निहित पात्रहरूको पहिचानको निरूपण र विश्लेषणमा केन्द्रित छ। नारी र पुरुष पात्रहरूको लैङ्गिक, वर्गीय र जातीय पहिचानको परिचय दिएपछि कोइरालाका कथामा प्रयुक्त नारी र पुरुष पात्रहरूको यिनै वर्गीय, लैङ्गिक र जातीय पहिचानका आधारमा विश्लेषण गरिएको छ।

## ३.२ लैङ्गिक, वर्गीय र जातीय पहिचानको सैद्धान्तिक स्वरूप

सामान्य अर्थमा पहिचान भन्नाले कुनै पनि पात्रको सामाजिक हैसियत, वैयक्तिक क्षमता, गुण, दोष र स्वभावसम्बद्ध समष्टि विशेषता भन्ने बुझिन्छ। पहिचानलाई व्यक्ति तथा समुदायको परिचयका रूपमा पनि प्रस्तुत गरिएको पाइन्छ। लैङ्गिक अध्ययनमा पनि पहिचानको महत्त्वपूर्ण स्थान रहेको छ।

कुनै पनि व्यक्ति तथा समुदायको पहिचानलाई लैङ्गिक, राजनीतिक, आर्थिकलगायत विभिन्न पक्षहरूमा पनि हेर्न सकिन्छ। पहिचानमा भाषा, धर्म, संस्कृति, लिङ्ग, भूगोल, जात, राष्ट्र आदि पक्षले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन्। व्यक्तिको पहिचान उसले सम्पादन गर्ने कार्यले निर्माण गरेको हुन्छ। व्यक्तिले बोल्ने भाषा, उसले अँगालेको धर्म र संस्कृति, उसको जात र राष्ट्रियता, उसले अँगालेको व्यवसाय आदि विविध पक्षले निर्धारण गरेको हुन्छ। लैङ्गिक अध्ययनमा पहिचानका पक्षहरू अत्यन्त उल्लेखनीय हुन्छन्। लैङ्गिक अध्ययन सांस्कृतिक र राजनीतिक दुबै किसिमका हैकमवादका विरुद्धमा रहेको छ। लैङ्गिक अध्ययनले पहिचानका यिनै पक्षहरूको अध्ययन तथा विश्लेषण गर्दछ। समग्रमा भन्नुपर्दा

राजनीतिक एवम् सांस्कृतिक अध्ययनका संरचनाभित्र पहिचान कसरी बन्दछ र एक पटक निर्मित पहिचान कसरी परिवर्तित हुन्छ भन्ने कुराको अनुशीलन लैङ्गिक अध्ययनमा गरिन्छ । यस क्रममा पहिचानलाई कुनकुन तत्त्वले प्रभाव पार्दछन् र पहिचानका निम्ति व्यक्ति र समुदायले के कस्ता प्रयत्नहरू गर्दछन् भन्ने कुराको खोजी र विश्लेषण पनि यस अध्ययनमा गरिन्छ ।

लैङ्गिक सन्दर्भमा लिङ्गका आधारमा छुट्याइएको र निर्माण गरिएको भूमिकालाई नै पहिचानका रूपमा लिन सकिन्छ । समाजमा कार्य, भूमिका र शारीरिक बनावटका आधारमा उनीहरूको पहिचान पनि फरक-फरक रहेको देखिन्छ । हाम्रो समाजमा स्थापित विमर्शका अनुसार पुरुषहरू बहादुर र शक्तिशाली मानिन्छन् भने महिलाहरू कमजोर हुन्छन् भनी उनीहरूलाई कमजोर व्यक्तिको पहिचान दिइएको पाइन्छ । लैङ्गिक अध्ययनमा महिला र पुरुष बिच निर्माण गरिएको यस प्रकारको पहिचान र त्यसले पारेको प्रभावको अध्ययन गरिन्छ ।

समाजमा विभिन्न किसिमका वर्ग रहेका हुन्छन् । पहिचानका सन्दर्भमा एउटा वर्गको पहिचान उच्च, सम्भ्रान्त, सभ्य र शक्तिशाली समुदायका रूपमा स्थापित भएको पाइन्छ भने त्यसका व्यतिरेकमा अर्को वर्गको पहिचान निम्न, असभ्य, कमजोर, निर्धन, शक्तिहीन समुदायका रूपमा स्थापित हुन्छ । यो वर्ग समाजको सीमान्तीकृत वर्ग वा समुदायका रूपमा रहन्छ र यो सधैँ उच्चवर्गको सत्ता र शक्तिको प्रयोगको वस्तु बनिरहेको हुन्छ । यसरी समाजमा वर्गीय दृष्टिले पनि पहिचानको प्रश्न महत्त्वपूर्ण बनेको हुन्छ । विश्वेश्वरप्रसाद कोइरालाका कथामा पनि वर्गीय दृष्टिले देखिने पात्रहरूका भिन्नभिन्न पहिचानको चित्रण गरिएको पाइन्छ ।

समाजमा विभिन्न किसिमका जातिहरू पनि रहेका हुन्छन् । जातीय संरचनामा निर्मित समाजमा जातिहरूको हैसियत अथवा स्थान समान किसिमको हुँदैन । कतिपय जाति आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक आदि कारणले शक्तिशाली हुन्छन् र अन्य जातिमाथि तिनले आफ्नो वर्चस्व कायम गर्दछन् । नेपाली समाजका सन्दर्भमा अन्य जातिका तुलनामा ब्राह्मण र क्षेत्री त्यस्तै वर्चस्वशाली जातिका रूपमा चिनिन्छन् । यसैगरी वर्णव्यवस्थामा आधारित समाज रहेकाले कानुनतः निषिद्ध भए पनि व्यवहारतः एक थरी जाति छुत र अर्को थरी जाति अछुत बनाइने र यस आधारमा जातीय पहिचान नै अछुतका रूपमा कायम हुने स्थिति रहन्छ, रहँदै आएको छ । यसै आधारमा समाजमा भिन्न जातीय

पहिचानसँगै जातीय वर्चस्व र उत्पीडनको शृङ्खला कायम हुन्छ । कोइरालाका कथामा पनि भिन्न जातीय उपस्थिति, तिनको भिन्न पहिचान र वर्चस्व तथा सीमान्तीकरणको चित्रण गरिएको पाइन्छ ।

## ३.३ विश्वेश्वरप्रसाद कोइरालाको 'दोषी चश्मा' कथासङ्ग्रहका कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान

प्रस्तुत शोधकार्यमा विश्वेश्वरप्रसाद कोइरालाको *दोषी चश्मा* कथासङ्ग्रहका 'दोषी चश्मा', 'बिहा', 'हरिदत्त', 'प्रेम', 'कर्णेलको घोडा', 'पवित्रा', 'होड', 'कथा', 'पुस्तक', 'स्कुलमास्टर', 'सखी', 'स्वेटर', 'बौलाहा', 'रिक्सा तान्ने', 'मधेसतिर', 'सिपाही' र 'श्वेतभैरवी' कथासङ्ग्रहका 'सान्नानी', 'राइटरबाजे', 'एक रात', 'श्वेतभैरवी' कथाहरूमा लैङ्गिक, उच्च र मध्यम र निम्नवर्गीय र आर्य समाजको जातीय प्रतिनिधित्वयुक्त पहिचान रहेको छ । यहाँ यिनै प्रतिनिधिमूलक कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचानको विश्लेषण गरिएको छ ।

### ३.३.१ 'दोषी चश्मा' कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान

विश्वेश्वरप्रसाद कोइरालाका विभिन्न कथाहरूमध्ये 'दोषी चश्मा' पनि एक उत्कृष्ट मनोवैज्ञानिक कथा हो । यस कथामा राणाकालीन नेपाली समाजमा बाँचिरहेको निम्नमध्यमवर्गीय कर्मचारी केशवराजको दिनचर्यालाई प्रस्तुत गरिएको छ । जर्साबकै कारण आफ्नो जीवन र परिवार चलेको ठान्ने केशवराज कार्यालयको कामबाहेक बिहान बेलुका जर्साबको चाकरी गर्ने गर्दछन् । एक दिन जर्साबलाई समयमा स्वस्ती गर्न नसक्दा केशवराजको मनमा उत्पन्न भएका उथलपुथल र विक्षिप्ततालाई कथामा प्रस्तुत गरिएको छ । अन्त्यमा जर्साबले स्वस्ती गर्न चुकेको कुरालाई सामान्य रूपमा लिइदिँदा केशवराज तनावमुक्त बनेको कथामा देखाइएको छ ।

विश्वेश्वरप्रसाद कोइरालाको 'दोषी चश्मा' कथाका केशवराज, जर्साब, दुलही पात्रमा लैङ्गिक, उच्च तथा निम्नमध्यमवर्गीय र आर्य समाजको जातीय प्रतिनिधित्वयुक्त पहिचान रहेको छ । यस कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान रहेको निर्दिष्ट कथांशबाट स्पष्ट हुन्छ :

> हिजोको चिन्ताले र तीन छाक भात नखाएको हुनाले केशवराजलाई निकै गालेछ । सिँढी चढ्दा दुईचोटि बिसाउनु पऱ्यो । कोठामा पुगेर थाकेको हुनाले उनी बिछ्यौनामा पसारिए । बुइँगलमा नअटाई माथि जाने बाटो नपाई भान्साघरको धूवाँ केशवराजको कोठामा रङमगिइरहेको थियो । तिनले सुतीसुती उँधो मुन्टो लाएर

> चिच्याए- 'कति धूवाँ पारेको ?' तिनकी पत्नीले माथिबाट कुन्नि के भनिन् केशवराजले सुनेनन् र सुन्न पनि खोजेनन् । चिच्याउँदा बल परेर तिनी स्वाँ स्वाँ गर्न थाले । असाध्यै नाताकत भएछ । तिनको मनमा हिजोको विचार खेल्न थाल्यो । अहिले बिहान जर्साबसँग माफी मागेको दृश्य आँखाका समक्ष झलझल नाच्न थाल्यो । 'बुझेँ, बुझेँ, म त्यति पनि बुझ्दिनँ र, तिमी त बडा अनौठाका मानिस रहेछौ । यस्तो जाबो कुरामा............. ।' (पृ. ६)

उल्लिखित कथांशमा आएका केशवराज र जर्साब पात्रले लिङ्गगत रूपमा पुरुष र दुलही (केशवराजकी श्रीमती) पात्रले लिङ्गगत रूपमा स्त्रीको लैङ्गिक पहिचान प्रस्तुत गर्दछन् । यस कथामा जर्सावसँग माफी माग्नुले उच्च र मध्यमवर्गको पहिचान र भाषा र सांस्कृतिक मूल्य-मान्यताले आर्य समाजको जातीय पहिचान रहेको पुष्टि हुन्छ ।

### ३.३.२ 'बिहा' कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान

विश्वेश्वरप्रसाद कोइरालाको बिहा कथामा सुब्बा कटकवहादुर, दुई छोरा, जन्ती, पहिलेकी दुलही, दोस्री दुलही हरिमतीमा लैङ्गिक, उच्चवर्गीय र मंगोलियन समाजको जातीय प्रतिनिधित्व रहेको छ । यस कथामा निम्नानुसार लैङ्गिक, वर्गीय र जातीय पहिचान रहेको छ :

> जब मैले सुब्बा कटकबहादुरले १४ वर्षकीलाई बिहा गरेर लिएर आए भनेको सुनेँ मलाई यो बिहाको स्मरण भयो । हरिमतीमाथि मलाई त्यसै दया आयो । हरिमती सुखी छन् कि दुःखी छन्- मलाई थाहा छैन तर मलाई त्यसै हरिमतीमाथि सहानुभूति हुन्छ । हरिमतीले दुलाहा भनेको सुनेकै होला; बिहाको विषयमा उसका साथीहरूले उसलाई जिस्क्याउँदा रहर नै लाग्यो होला । उसले पनि आफ्नो दुलाहाको कल्पना गरेकी होली । उसले पतिको कस्तो कल्पना गरेकी होली ? जवान कि कटकबहादुर जस्तै छिप्पिएको ? कि आफू जस्तै सानो केटो ? त्यसपछि के ठानेकी होली ? कस्तो सुखको कल्पना गरेकी होली ? मीठो खान पाइएला भन्ने सुखको कल्पना गरेकी होली ? (पृ. १०)

उल्लिखित कथांशमा आएका सुब्बा कटकबहादुर, जन्ती, दुई छोरा पात्रले लिङ्गगत रूपमा पुरुष र हरिमती/दोस्री श्रीमती पात्रले लिङ्गगत रूपमा स्त्रीको लैङ्गिक पहिचान दिन्छ । यस कथामा डोली र घोडा चढ्नुले उच्चवर्गको पहिचान र सुब्बा थरले मङ्गोलियन समाजको जातीय पहिचान रहेको पुष्टि हुन्छ ।

### ३.३.३ 'हरिदत्त' कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान

विश्वेश्वरप्रसाद कोइरालाको हरिदत्त कथामा 'हरिदत्त', म, स्वास्नी मानिस, पार्वती, नोकर्नीकी छोरीमा लैङ्गिक, मध्यम र निम्नवर्गीय र आर्य समाजको जातीय प्रतिनिधित्व रहेको छ । यस कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान यस्तो रहेको छ :

> एक दिन त हातमा मसला हालेको दूधको ठूलो भाँडो र अर्को मिठाईको पोको लिएर त्यो आयो । 'यो दूध म आज आफैँ पार्वतीलाई दिन्छु' त्यसले भन्यो, 'लौ उसलाई बोला त; त्यो मिठाई चाहिने हाम्रो ।' मैले पार्वतीलाई बोलाएँ । ऊ आएपछि हरिदत्तले दूध आफ्नो हातले दिन सकेन र मलाई भन्यो 'तँ नै दे ।' (पृ. १४)

उल्लिखित कथांशमा आएका हरिदत्त र म पात्रले लिङ्गगत रूपमा पुरुष र पार्वती पात्रले लिङ्गगत रूपमा स्त्रीको लैङ्गिक पहिचान दिन्छ । यस कथामा भाषिक प्रयोगले मध्यमवर्गको पहिचान र खानपानले आर्य समाजको जातीय पहिचान प्रस्तुत गरेको पुष्टि हुन्छ ।

### ३.३.४ 'प्रेम' कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान

विश्वेश्वरप्रसाद कोइरालाको प्रेम कथामा रामनाथ, रामे, बाहुन दुलही, रमामा लैङ्गिक, मध्यमवर्गीय र आर्य समाजको जातीय प्रतिनिधित्व रहेको छ । यस कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान यस्तो रहेको छ :

> रामनाथको सबभन्दा पहिलो दृष्टि झ्यालबाट बाहिर टाउको झिकेर हेरिरहेकी रमामाथि पर्‍यो । उनी उतै लम्के । रमा गाडीबाट ओर्लिन् । माल रामेको जिम्मा छोडेर उनीहरू स्टेसनबाट बाहिर आए । त्यसै बखतमा पानी दर्कन थाल्यो । बर्सादी रामनाथले ओढेर छाता उघारेर दुलहीलाई ओढाउँदै स्टेसनबाट बाहिर आए । 'हेर, तिम्रो स्वागतमा यो वृष्टि भएको पानीको फूलको' कवि हुने प्रयत्न गर्दै रामनाथले भने 'नत्र अहिलेसम्म पनि नपरेको, तिमी पनि पुग्नु, पानी पनि पर्नु ?' रामनाथले आफैँ यो तर्कमा गूढ सत्य देखे । (पृ. २६)

उल्लिखित कथांशमा आएका रामनाथ, रामे, बाहुन पात्रले लिङ्गगत रूपमा पुरुष र दुलही, पत्नी र रमा पात्रले लिङ्गगत रूपमा स्त्रीको लैङ्गिक पहिचान दिन्छन् । यस कथामा रमा गाडीबाट ओर्लनुले मध्यमवर्गको पहिचान र हेर, तिम्रो स्वागतमा यो वृष्टि भएको पानीको फूलकोले आर्य समाजको जातीय पहिचान दिएको पुष्टि हुन्छ ।

### ३.३.५ 'कर्नेलको घोडा' कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान

विश्वेश्वरप्रसाद कोइरालाको 'कर्नेलको घोडा' कथामा कर्नेल, कर्नेल्नी, युवक पात्रमा लैङ्गिक उच्चवर्गीय र आर्य समाजको जातीय प्रतिनिधित्व रहेको छ। यस कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान यस प्रकार रहेको छ :

> एक दिन कर्नेल र कर्नेल्नी आफ्नो हाताको निरीक्षण गरिरहेका थिए। कर्नेलले विदेशबाट झिकाई पाँचवटा गाई पालेका थिए। गोठघरमा धेरै बेरसम्म तिनीहरू गाई-वस्तुको निरीक्षण गरिरहे। गोठसँगै जोरिएको तबेला थियो। घोडाले हिनहिनाएको स्वर कर्नेल्नीले सुनिन् र सोधिन् 'हजूरले घोडा पनि पालेको छ ? मलाई थाहा थिएन।' (पृ. ३०)

उल्लिखित कथांशमा आएका कर्नेल, युवक, घोडा पात्रले लिङ्गगत रूपमा पुरुष र कर्नेल्नी, गाई पात्रले लिङ्गगत रूपमा स्त्रीको लैङ्गिक पहिचान गर्दछ। यस कथामा कर्नेलले विदेशबाट झिकाएर पाँचवटा गाई र घोडा पाल्नुले उच्चवर्गको पहिचान र गाई पाल्ने प्रसङ्गले आर्य समाजको जातीय पहिचान दिएको पुष्टि हुन्छ।

### ३.३.६ 'पवित्रा' कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान

विश्वेश्वरप्रसाद कोइरालाको 'पवित्रा' कथामा 'पवित्रा', केशवराज, मानिसहरू, नेवार्नी पात्रमा लैङ्गिक, मध्यमवर्गीय र आर्य समाजको जातीय प्रतिनिधित्व रहेको छ। यस कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचानका लागि निम्नानुसारको कथांश उदाहरणका रूपमा रहेको छ :

> जब केशवदेव अड्डा जान भनेर लुगा लाउन थालेका थिए, पवित्राले एक कचौरा ढकनी बनाएर ल्याइन्। 'बाबुले जिउनार भएन, भोकै कसरी अड्डा जाने भनेर यति पकाएर ल्याएकी' कचौरालाई लुगा लाइरहेका केशवदेवको गोडानेर राखेर आफू ढोकाको कुनामा उभिएर पवित्राले भनिन्। (पृ. ३६)

उल्लिखित कथांशमा आएका केशवदेव पात्रले लिङ्गगत रूपमा पुरुष र पवित्रा पात्रले लिङ्गगत रूपमा स्त्रीको लैङ्गिक पहिचान दिन्छन्। यस कथामा अड्डामा जाने प्रसङ्गले मध्यमवर्गको पहिचान र ढकनीको प्रसङ्गले आर्य समाजको जातीय पहिचान दिएको पुष्टि हुन्छ।

### ३.३.७ 'होड' कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान

विश्वेश्वरप्रसाद कोइरालाको 'होड' कथामा पद्म, पद्मा, विधवामा लैङ्गिक, मध्यमवर्गीय र आर्य सामाजिक जातीय प्रतिनिधित्व रहेको छ । यस कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान यस्तो रहेको छ :

> तिनको उज्यालो मुख देखेर पद्मालाई ईर्ष्याले छोयो । झट्ट मनले तर्कना पनि गऱ्यो 'यस्ती उज्याली त यो कहिले पनि थिइन झन् विधवी भएपछि त श्री नै हराएको थियो । यो आज बल्दो तेज कहाँबाट ?' यो विधवाका पहिरनभित्रबाट उसै सुन्दरता र तेज बर्सलाजस्तो थियो । उनी टोल्हाएर उभिरहिन् । विधवाले तिनको हात समातेर भित्र लगेर भनिन् 'किन यस्तो अनौठोसँग मलाई हेरिरहिछौ ? ममा अब के बाँकी छ र ? बाँकी भए पनि आफ्ना त मरिहाले ।' (पृ. ४४)

उल्लिखित कथांशमा आएका पद्म (दुलाहा) पात्रले लिङ्गगत रूपमा पुरुष र पद्मा (दुलही), विधवा पात्रले लिङ्गगत रूपमा स्त्रीको लैङ्गिक पहिचान दिन्छन् । यस कथामा भेषभूषाले मध्यमवर्गको पहिचान र श्री हराएको भन्ने प्रसङ्गले आर्य समाजको जातीय पहिचान दिएको पुष्टि हुन्छ ।

### ३.३.८ 'कथा' कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान

विश्वेश्वरप्रसाद कोइरालाको 'कथा' कथामा ऋषि, ऋषिकी पत्नीमा लैङ्गिक, निम्नवर्गीय र आर्य समाजको जातीय प्रतिनिधित्व रहेको छ । यस कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान रहेको पुष्टि गर्ने निम्नानुसारको उदाहरण रहेको छ :

> तर तिनको ऋषित्वको पतन गाउँलेले बिर्सन सकेनन् । तिनीहरू आफ्ना घरअघि आँबो गाडी गाईको छाप्रो बनाउन भनी व्यस्त भएका ती ऋषिलाई शङ्काका दृष्टिले हेर्थे । इनारमा घैला लिएर पानी भर्न जान थालेकी तिनकी पत्नीलाई देखेर तिनीहरू विचार गर्थे-कतै कुनै किच्कन्नीले त तिनलाई आफ्नो वशमा पारेकी होइन ?
>
> तर तिनी जङ्गलमा समाधिमा लीन हुँदाखेरि एक्कासि उत्पन्न भएको सुख र शान्तिको अझै अबाध अनुभव गरिरहेका थिए । (पृ. ५२-५३)

उल्लिखित कथांशमा आएका ऋषि पात्रले लिङ्गगत रूपमा पुरुष र ऋषिकी पत्नी पात्रले लिङ्गगत रूपमा स्त्रीको लैङ्गिक पहिचान दिन्छन् । यस कथामा गाईको छाप्रो

बनाउने प्रसङ्गले निम्नवर्गको पहिचान र जङ्गलमा समाधिमा लीन हुने प्रसङ्गले आर्य समाजको जातीय पहिचान रहेको पुष्टि हुन्छ ।

### ३.३.९ 'पुस्तक' कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान

विश्वेश्वरप्रसाद कोइरालाको 'पुस्तक' कथामा म, बूढो, हरिहर, लोग्ने मानिस, स्वानी मानिस, गाई पात्रमा लैङ्गिक, निम्नवर्गीय र आर्य समाजको जातीय प्रतिनिधित्व रहेको छ । यस कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान यस प्रकार रहेको छ :

> त्यो बूढो किन मान्थ्यो 'यो गाउँ त्यति गरिब त होइन, बाबू यो बाढीले सब कुरा बगाएर लग्यो, नत्र कसैलाई एक पेट खान र आएगएकालाई खुवाउन पुगेको थियो । मेरै दूध दिने दुईवटा गाई बगेर गए । मलाई आफूलाई के चाहिएको थियो र, बूढो भएँ, मर्ने बखत भयो । आएगएकालाई गर्न नसक्ता दुःख हुन्छ । ऊ छँदा सह थियो, त्यो पनि मरेर गई ।' (पृ. ५६)

उल्लिखित कथांशमा आएका बूढो र बाबू पात्रले लिङ्गगत रूपमा पुरुष र गाई पात्रले लिङ्गगत रूपमा स्त्रीको लैङ्गिक पहिचान गराउँछन् । यस कथामा बाढीले सब कुरा बगाएर लगेको प्रसङ्गले निम्नवर्गको पहिचान र दुईवटा गाई थिए भन्नुले आर्य समाजको जातीय पहिचान दिएको पुष्टि हुन्छ ।

### ३.३.१० 'स्कुलमास्टर' कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान

विश्वेश्वरप्रसाद कोइरालाको 'स्कुलमास्टर' कथामा नन्दराज, उमानाथ, राधा, जनार्दन, केशरी, अम्बिका, हरिहरमा लैङ्गिक, मध्यमवर्गीय र आर्य समाजको जातीय प्रतिनिधित्व रहेको छ । यस कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान यसरी प्रस्तुत भएको छ :

> साढे दश बजिसकेको थियो । सडकमा एक-दुई जना मान्छे मात्र हिँडिरहेका थिए । सडकमा आएपछि नन्दराज अचानक उदास भए । एक्लै थिए । बाटो बीचबीचमा अँध्यारो थियो । त्यो उत्साहपछिको त्यो दृश्यले उनलाई अनायास उदास पाऱ्यो । घर पुगे । तल ढोका बन्द थियो । तिनले धेरै बेर ढोका घचघच्याएपछि नोकर्नी बुढियाले लालटेन लिएर आएर ढोका उघारी । उनी सोझै आफ्नै सुत्ने कोठामा पुगे । उनकी पत्नी सुतिसकेकी थिइन् । उनी लुगाहरू फेरेर आफू पनि बिछ्यौनामा गए । यसो उनले पत्नीलाई घचेटेर आफ्नो सुत्ने ठाउँ तुल्याए । उनकी पत्नीले निदैमा के बरबराइन् र पलटट् पल्टेर

> भित्तानेर पुगिन् । नन्दराजले सुत्ने प्रशस्त ठाउँ पाए । उनी मनमा के के कुरा खेलाउँदै निदाए । (पृ. ६४)

उल्लिखित कथांशमा आएका नन्दराज, दुईजना मान्छे पात्रले लिङ्गगत रूपमा पुरुष र नोकर्नी बुढिया पात्रले लिङ्गगत रूपमा स्त्रीको लैङ्गिक पहिचान दिन्छन् । यस कथामा घरमा नोकर्नी बुढिया भने तापनि कथामा घटित प्रसङ्गले मध्यमवर्गको पहिचान र भेषभूषा, खानपानले आर्य समाजको जातीय पहिचान रहेको पुष्टि हुन्छ ।

### ३.३.११ 'सखी' कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान

विश्वेश्वरप्रसाद कोइरालाको 'सखी' कथामा चन्द्रकुमारी, इन्द्रकुमारी, युवक, पति पात्रमा लैङ्गिक, मध्यमवर्गीय र आर्य समाजको जातीय प्रतिनिधित्व रहेको छ । यस कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान रहेको निर्दिष्ट कथांश यस्तो रहेको छ :

> म आफ्नो कोठामा आएर खूब रोएँ र त्यस पापीलाई खूब सरापेँ । रुँदारुँदा थाकेर सास फेर्न मलाई गाह्रो हुन लाग्यो ।
>
> त्यो मेरो कोठामा आएर व्यग्र भएर सोध्यो, 'के भयो, हँ ?'
>
> मैले आफ्नो सारा शक्ति बटुलेर सारा घर थर्काउने गरेर चिच्याएँ,
>
> 'निस्की यहाँबाट । '
>
> त्यो फनक्क फर्केर बाहिर निस्क्यो । म धेरै बेर रोइरहेँ ।
>
> फेरि पति आउनासाथ मैले भनेँ, 'त्यो कहिले जान्छ ? हाम्रो घर छोड्न त्यसलाई भन ।'
>
> उनले सोधे, 'त्यसले केही अनुचित व्यवहार गऱ्यो र ?'
>
> म यसको उत्तर के दिन्थेँ ? मैले भनेँ, 'तिमी पनि बाहिर जान्छौ । मलाई एक्लै यो घरमा एउटा युवकको नजिकै बस्न डर लाग्छ ।' (पृ. ६९)

उल्लिखित कथांशमा आएका युवक र पति पात्रले लिङ्गगत रूपमा पुरुष र म (चन्द्रकुमारी) पात्रले लिङ्गगत रूपमा स्त्रीको लैङ्गिक पहिचान दिन्छन् । यस कथामा कोठा भाडामा दिनुले मध्यमवर्गको पहिचान र पात्रको भेषभूषाले आर्य समाजको जातीय पहिचान रहेको पुष्टि हुन्छ ।

### ३.३.१२ 'स्वेटर' कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान

विश्वेश्वरप्रसाद कोइरालाको 'स्वेटर' कथामा मैया, जानकी हरिमाया, विमला, रामे, रमामा लैङ्गिक, निम्नवर्गीय र आर्य समाजको जातीय प्रतिनिधित्व रहेको छ। यस कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचानलाई निम्नानुसार देखाउने प्रयास रहेको छ :

> मैयाँ रन्किन् 'नोकर के मानिस होइन ? अचेलको समानताको युगमा पनि तिमी नोकर र मालिकको भेद गर्छ्यौ ? अब यसै भन्यौ उसै भन्यौ, साँच्ची भनूँ भने, के कसैको खटनमा प्रेम हिँड्छ र ?' (पृ. ७४)

उल्लिखित कथांशमा आएको रामे (नोकर) पात्रले लिङ्गगत रूपमा पुरुष र मैयाँ पात्रले लिङ्गगत रूपमा स्त्रीको लैङ्गिक पहिचान दिन्छन्। यस कथामा नोकर के मानिस होइनन् भन्ने प्रसङ्गले निम्नवर्गको पहिचान र भेषभूषाले आर्य समाजको जातीय पहिचान रहेको पुष्टि पुष्टि गरिएको छ।

### ३.३.१३ 'बौलाहा' कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान

विश्वेश्वरप्रसाद कोइरालाको 'बौलाहा' कथामा म, कैदीहरू, दुलही, 'सिपाही', जर्ज पात्रमा लैङ्गिक, वर्गीय र आर्य समाजको जातीय प्रतिनिधित्व रहेको छ। यस कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान रहेको निर्दिष्ट कथांशमा पाइन्छ :

> मैले सोधेँ 'त्यो कुन मुद्दामा परेको हो ?' उनले भने 'चोरीको। त्यो कस्तो दुस्साहसी भने दिउँसै चोरी गर्न हिँड्यो। कोठाभित्र पस्न मात्र पाएको थियो, नोकरहरूले त्यसलाई समातिहाले। त्योचाहिँ चोर्न थालेको बाकसलाई च्यापिरहेछ पिटाइ खाइरहेछ। त्यसले के भन्ठानेर बाकसलाई च्याप्यो होला ? बाकस त्योसँग खोस्न बडो गाहारो परेछ। बाकस त्योसँगबाट खोसिएपछि डाँको छोडेर रुन थाल्यो, अड्डामा यस्ता बाठा चोरहरू जजहरूलाई आफ्नो तर्कले प्रभावित गराउन र आफ्नो पक्षमा फैसला लिन रुने ठाउँमा रुन्छन्, प्रार्थना गर्नुपर्ने ठाउँमा हात जोरेर जीउजीउ गर्न थाल्छन्। त्यो पनि रुँदै भन्न थाल्यो 'जजसाहेब, मेरी दुलही मर्न आँटेकी थिई, औषधि र पथ्यलाई रुपियाँ खोज्न हिँडेको मलाई नथुनिबक्सियोस्। 'कहीँ जज पनि त्यस्तो भनाइको भरमा कानूनको विरुद्ध काम गर्न सक्थे ? छ महिनाको सजाय दिए। त्यो सजाय सुनेर बालक रोएको जस्तो गरेर रुन थाल्यो र उत्तिखेरै सद्दे मान्छे बौलाएको जस्तो

> गर्न थाल्यो। अघिसम्म त्यसरी सद्दे कुरा गर्ने उत्तिखेरै कसरी बौलाउँथ्यो। त्यसको जाल हो। तर जजको नियमबमोजिम त्यस्तो भाँडभैलो बौलाहाभैँ जेलमा २४ घण्टा थुनेर राख्नुपर्ने हुनाले त्यसलाई जेलमै थुन्ने गरेको छु। बदमास कहाँको। पण्डितजीलाई कष्ट भएछ। जेलका 'सिपाही'हरू हेरिरहेका थिए ?' (पृ. ७७-७८)

उल्लिखित कथांशमा आएका जर्ज, 'सिपाही', पण्डित पात्रले लिङ्गगत रूपमा पुरुष र दुलही पात्रले लिङ्गगत रूपमा स्त्रीको लैङ्गिक पहिचान दिन्छन्। यस कथामा चोरी गर्ने प्रसङ्गले निम्नवर्गको पहिचान र आर्य समाजको जातीय पहिचान रहेको पुष्टि हुन्छ।

### ३.३.१४ 'रिक्सा तान्ने' कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान

विश्वेश्वरप्रसाद कोइरालाको 'रिक्सा तान्ने' कथामा धनवीर, कुकुर, धनमाया लैङ्गिक, निम्नवर्गीय र मंगोलियन जातीय प्रतिनिधित्व रहेको छ। यस कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान रहेको निम्नानुसार कथांशको उदाहरणमा छ :

> माग्न त सजिलो रहेछ। बिहानभरि माग्दा पेट भर्ने अन्न पाइँदो रहेछ। एउटा बाहुनकहाँ श्राद्ध थियो। तिनकहाँ उब्रेको खानेकुरो एउटा टपरीमा सबै खन्याएर त्यसको सामुन्ने वैरिदिए। खीर त त्यही दुईचार गाँसमा सिद्ध्यायो, अलिकति कुकुरलाई पनि दियो। फुरौला बडो सावधानीसँग लंगौटीको फुर्कोमा बाँध्न थाल्यो, तर त्यसमा सबै फुरौला नअटाएकोले इस्कोट फुकालेर त्यसमा बाँध्यो र टपरीलाई अगाडिको दुई गोडाले थिचेर चाटिरहेको कुकुरलाई हकाऱ्यो 'लौ हिँड्, जाऊँ। कस्तो लोभी कुकुरको जात ! कति खान नपाएको जस्तो गरेर चाटिरहिछस्। हिँड् जाऊँ धनमाया कहाँ।' (पृ. ८२)

उल्लिखित कथांशमा आएका धनबीर र कुकुर पात्रले लिङ्गगत रूपमा पुरुष र धनमाया पात्रले लिङ्गगत रूपमा स्त्रीको लैङ्गिक पहिचान दिन्छन्। यस कथामा भोकै हुनु, उब्रेको र मागेको खाना धनवीर, कुकुर र धनमायाले बाँडेर खानुपरेका प्रसङ्गले निम्नवर्गको पहिचान र भेषभूषा र घटित घटनाले आर्य समाजको जातीय पहिचान रहेको पुष्टि हुन्छ।

### ३.३.१५ 'मधेसतिर' कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान

विश्वेश्वरप्रसाद कोइरालाको 'मधेसतिर' कथामा गोरे, विधवा, सासू, ससूरा, देवरमा लैङ्गिक, निम्नवर्गीय र मंगोलियन जातीय प्रतिनिधित्व रहेको छ। यस कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान निम्नानुसारको वर्णनमा रहेको छ :

> घरद्वार नभएका यी चार जना माग्ने भनूँ वा कुल्ली भनूँ काम पाए कुल्ली नत्र माग्नेका माझमा घरद्वार भएकी विधवा कागको हूलमा हंसिनी थिइन् । तिनले अन्नपूर्ण झैँ झट्ट आफ्ना पोकोबाट चिउरा झिकिन् र भाग लाउन थालिन् र सबैको चिउरामाथि थप थप चाकूका डल्ला राखिन् । सबैको आँखामा अकस्मात् तेज आयो र सबैको हृदयमा विधवाप्रति महान् आदरको भाव उत्पन्न भयो । गोरेलाई आफ्नू भागबाट चिउरा थपिदिँदै भनिन् 'तिमी जवान छौ । तिमीलाई अरूभन्दा बढ्ता भोक लाग्दो हो ।' फेरि सबैलाई सम्बोधन गरेर भनिन् 'मधेसतिर हिँडेकी, पोइ छैनन् । सासू ससुरा फूटेको आँखाले हेर्दैनन् । देवर रुखो माया गर्थ्यो तर पोइ नभएको घरमा टिक्न सकिनँ ।' (पृ. ९१-९२)

उल्लिखित कथांशमा आएका गोरे, देवर, ससुरा, चार जना मधेस हिँडेका साथी पात्रले लिङ्गगत रूपमा पुरुष र विधवा र सासू पात्रले लिङ्गगत रूपमा स्त्रीको लैङ्गिक पहिचान दिन्छन् । यस कथामा केही कमाउन मधेस हिँड्नुले निम्नवर्गको पहिचान र गोरेको प्रसङ्गले मंगोलियन समाजको जातीय पहिचान रहेको पुष्टि हुन्छ ।

### ३.३.१६ 'सिपाही' कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान

विश्वेश्वरप्रसाद कोइरालाको 'सिपाही' कथामा 'सिपाही', अफिसर, केटी, बूढी महिलामा लैङ्गिक, मध्यमवर्गीय र मंगोलियन जातीय प्रतिनिधित्व रहेको छ । यस कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान रहेको निर्दिष्ट कथांशबाट स्पष्ट हुन्छ :

> त्यो कोठामा प्रवेश गर्दा 'सिपाही' अगाडि अगाडि र म पछि पछि थिएँ । 'सिपाही'लाई देख्नेबित्तिकै त्यो बुढिया उभिई र तलदेखि माथिसम्म त्यसलाई हेरेर भनी 'आच्चै कताबाट बाटो बिर्सेर ?' (पृ. १०२)

उल्लिखित कथांशमा आएका 'सिपाही', म (अफिसर) पात्रले लिङ्गगत रूपमा पुरुष र बुढिया पात्रले लिङ्गगत रूपमा स्त्रीको लैङ्गिक पहिचान दिन्छ । यस कथामा 'सिपाही' र कर्नेलको संवादले मध्यमवर्गको पहिचान र भाषाले मंगोलियन समाजको जातीय पहिचान रहेको पुष्टि हुन्छ ।

## ३.४ विश्वेश्वरप्रसाद कोइरालाको 'श्वेतभैरवी' कथासङ्ग्रहका कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान

प्रस्तुत शोधकार्यमा विश्वेश्वरप्रसाद कोइरालाको *श्वेतभैरवी* कथासङ्ग्रहमा रहेका 'सान्नानी', 'राइटरबाजे', 'एक रात' र 'श्वेतभैरवी' कथाहरूमा लैङ्गिक, वर्गीय र जातीय पहिचानको अध्ययन गरिएको छ ।

### ३.४.१ 'सान्नानी' कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान

विश्वेश्वरप्रसाद कोइरालाको 'सान्नानी' कथामा म, आमा, 'सान्नानी', वृद्धामा लैङ्गिक, मध्यमवर्गीय र आर्य समाजको जातीय प्रतिनिधित्व रहेको छ । यस कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान निम्नानुसारको कथांशमा रहेको छ :

> हाय, बालकको निर्बाध विश्वासको हृदय ! के यत्रो विराट् विश्वासमा जहाँ भूत-प्रेत र वायुको प्रकोप चारैतिर व्याप्त छ, सान्नानीको एउटा सानो हात समातेर त्यसबाट बाँच्न सक्छौ ? सान्नानी मेरो बिछ्यौनामा आएर सुती, दिनभरिको तर्साउने कथाहरू मस्तिष्कमा बिस्तार-बिस्तार बिलाएर जान थाले । सान्नानीको देहाती सूर्यले न्यानो पारेको देहबाट निस्केको गन्ध प्रशान्त सागरमा बग्ने मन्द वायुजस्तो लाग्यो जसमा हलुको नून र टाढाको कुनै द्वीपको माटो र बालुवाको उष्णताले भरिएको जीवन्त सौरभ रहन्छ । बिस्तार-बिस्तार मेरा आँखा साना-साना हुँदै गए, मस्तिष्कका यावत् चित्रहरू सुदूर क्षितिजमा बिलाएर गएको सन्ध्याको रक्तिम बादलजस्तो बिलाउन थाले । कोठाभन्दा बाहिरका शब्दहरू आपसमा नछुट्टिएर एउटा ध्वनिको पातलो सङ्गीत स्पन्दनजस्तो सुनिन लाग्यो जो क्रमसँगै झन् झन् पातलो हुँदै गइरहेछ । मेरै बिछ्यौनामा सुतेकी एउटी ग्रामबालिकाको पातला औंलालाई मैले आफ्नो मुट्ठीमा समातेको छ । त्यसको शरीरबाट आएको न्यानो र गन्धले मलाई अलौकिक सुख र विश्रामको बोध गराइरहेको छ । म अर्कै अर्कै लोकमा गइरहेछु- मधुरो सङ्गीत, नुनिलो गन्ध, माटोको उष्णता, बालिकाको साना औंला- कता, कता म भुसुक्क निदाएछु । (पृ. १०-११)

उल्लिखित कथांशमा आएका म पात्रले लिङ्गगत रूपमा पुरुष र ग्रामीण बालिका (सान्नानी) पात्रले लिङ्गगत रूपमा स्त्रीको लैङ्गिक पहिचान दिलाउँछ । यस कथामा

बोलीचाली, भेषभूषाले मध्यमवर्गको पहिचान र भूतप्रेत, आध्यात्मिक विश्वासले आर्य समाजको जातीय पहिचान रहेको पुष्टि हुन्छ ।

### ३.४.२ 'राइटरबाजे' कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान

विश्वेश्वरप्रसाद कोइरालाको 'राइटरबाजे' कथामा 'राइटरबाजे', भोटिनी बालिका लैङ्गिक, मध्यमवर्गीय र आर्य समाजको जातीय प्रतिनिधित्व रहेको छ । यस कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान रहेको निर्दिष्ट कथांशबाट स्पष्ट हुन्छ :

> जुन दिन राइटरबाजेको मृत्यु भयो, म विधाताको कठोर निर्ममता देखेर स्तब्ध भएँ । मेरो केही चलेन । त्यो शून्य घरमा म संज्ञाहीन जस्ती भएर यताउति हल्लिरहेँ । रुग्ण कण्ठबाट निस्कने गरेको अशक्त खोकीको आवाज हठात् थामिँदा महान् शून्यता, एउटा ठूलो रिक्तताको त्यो घरमा व्याप्त थियो । मैले देब्रे हातको हत्केलाले निधारको सिन्दूर मेटेँ- वैधव्यस्थितिमा प्रवेश गर्दा मलाई लाग्यो, एउटा अनन्त शून्यमा म प्रवेश गरिरहेकी छु । वेश्यालय बन्द भयो- राइटरबाजे अब रहेनन् । एउटी विधवालाई छाडेर उनी अनन्तको बाटो लागेर गए । त्यही दिन मैले देखेँ मेरो नाकको टुप्पोमा एउटा सेतो टाटो कुष्ठरोगको प्रथम चरण । धेरै बेरसम्म सिन्दूर पुछिएको निधार र कुष्ठरोगको टाटो भएको नाकलाई हेरिरहेँ । मलाई लाग्यो- अब यी दुई वस्तु मात्र मसँग रहे, पछिसम्मका लागि । (पृ. २६)

उल्लिखित कथांशमा आएका राइटरबाजे पात्रले लिङ्गगत रूपमा पुरुष र भोटेकी छोरी (म) पात्रले लिङ्गगत रूपमा स्त्रीको लैङ्गिक पहिचान दिन्छन् । यस कथामा कुष्ठरोगी, वृद्ध राइटरबाजेको परिस्थितिले मध्यमवर्गको पहिचान र राइटर बाजेको मृत्युपछि सिन्दूर पुछ्नुले आर्य समाजको जातीय पहिचान रहेको पुष्टि हुन्छ ।

### ३.४.३ 'एक रात' कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान

विश्वेश्वरप्रसाद कोइरालाको 'एक रात' कथामा राजा, रानी पसले, जागिरिया, कृषक, गरिब, कर्मचारी, विद्यार्थी, ज्यामी, कामी, नरनारीमा लैङ्गिक, उच्च तथा मध्यमवर्गीय र आर्य समाजको जातीय प्रतिनिधित्व रहेको छ । यस कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचानको उदाहरण निम्नानुसार रहेको छ :

> अरू जाडाका रात्रिसरह नै त्यो रात्रि पनि थियो । जीवनको कार्यरतता एकदम थामिएर अडेको मानौँ तमाम विश्व स्पन्दनहीन भएको छ । दरबारमा राजा-रानी र अरू राजपरिवारका प्राणीहरू सुतेका थिए; मन्त्रीहरू र अरू ठूलाठूला कर्मचारीहरू सरकारी आवासस्थानहरूमा; पसले, जागिरिया, कृषक, गरिब, मध्यवित्तीय तथा धनी व्यक्तिहरू; नरनारी सबै, बालक, विद्यार्थी, ज्यामी, कामी, आफ्ना-आफ्ना घरमा-सर्वहारा पाटीका सत्तलमा जहाँ मुन्टो घुसार्ने ठाउँ पाए त्यहीँ- सबै सुतेका थिए । रात्रिक्लबबाट छरिएका मोटरहरूको ठाउँ-ठाउँमा आवाज र मोटरभित्र बसेका पुरुष र नारीकण्ठको हाँसो मिस्सिएको ध्वनि, सडकमै फुटपाथमा गोडा लतार्दै अझै आफ्नो घरको आश्रयमा पुग्न नसकेका लुगैलुगाले सारा शरीरलाई बेरेर हिँडेका एक-दुई मानिसहरू, कुनै-कुनै घरबाट सुनिने बूढाहरूको भारी छातीको खोकी, साना नानीहरूको अचानक उठेको र त्यस्तै अचानक थामिएको क्रन्दन । कुनै-कुनै झ्यालको कापबाट फुस्किएको ज्योति जसले भित्र बन्द कोठामा कुनै दाम्पत्यमा क्रयी-विक्रयी प्रणयलाई सजिलो परिरहेको थियो; आदि यस्तै साना-साना चहलपहलका कुराहरूले मात्र यो सङ्केत दिन्थ्यो- जीवन हठात् मरेको थिएन- थामिया मात्र थियो, मृत्युवत् निद्रामा । (पृ. २८-२९)

उल्लिखित कथांशमा आएका राजा, पसले, जागिरिया, कृषक, गरिब, कर्मचारी, विद्यार्थी, ज्यामी, कामी पात्रले लिङ्गगत रूपमा पुरुष र रानी, नारी पात्रले लिङ्गगत रूपमा स्त्रीको लैङ्गिक पहिचान दिन्छन् । यस कथामा घटित घटनाको प्रसङ्गले उच्च र मध्यमवर्गको पहिचान र आर्य समाजको जातीय पहिचान रहेको पुष्टि हुन्छ ।

### ३.४.४ 'श्वेतभैरवी' कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान

विश्वेश्वरप्रसाद कोइरालाको 'श्वेतभैरवी' कथाका लेलाह, फागुनी, आमा, सानी आमा, फुपू, श्वेतभैरवीमा लैङ्गिक, मध्यमवर्गीय र मंगोलियन जातीय प्रतिनिधित्व रहेको छ । यस कथामा लैङ्गिक, वर्गीय र जातीय पहिचान निम्नानुसारको कथांशमा रहेको छ :

> हे ईश्वर ! मलाई बचाऊ, बचाऊ श्वेतभैरवीको दानवी नङ्गाबाट । म भुट्टिन्छु उसको उन्मत्त उच्छ्वासको भट्टीमा, म उनिन्छु उसको छातीको सिङमा बचाऊ मलाई ! मेरो बालकहृदय दन्त्यकथाका भूत-प्रेत र दानव, किचकन्या,

> श्मशानवासी वायुहरूको कल्पनाले भयभीत भएर उठ्यो। म संज्ञाहीन हुँलाजस्तो भएँ। आँखा चिम्लेर त्राणको अन्तिम मार्ग समातेर माथिबाट हामफालेँ। (पृ. ४५)

उल्लिखित कथांशमा आएका म पात्रले लिङ्गगत रूपमा पुरुष र 'श्वेतभैरवी' (फागुनी) पात्रले लिङ्गगत रूपमा स्त्रीको लैङ्गिक पहिचान दिन्छन्। यस कथामा वर्णित घटनाले मध्यमवर्गको पहिचान र पात्रको नामकरण, भेषभूषाका आधारमा मंगोलियन समाजको जातीय पहिचान रहेको पुष्टि हुन्छ।

## ३.५ निष्कर्ष

कथाकार विश्वेश्वरप्रसाद कोइरालाले समाजमा घटेका घटनाहरूलाई यथार्थ रूपमा छर्लङ्ग पारी आफ्ना कथामा उतारेका छन्। प्रभुत्वशाली सामन्ती वर्गका पुरुषहरूबाट महिलाहरू पीडित हुन पुगेकाले उनीहरूको पहिचान विद्रूप र कहालीलाग्दो भएको छ। पितृसत्तात्मक संरचनाका कारण सिर्जित पुरुषको एक मात्र अधिकारका कारणले गर्दा महिलाहरूमाथि गरिएको शोषण नियन्त्रणका कारण नारी पात्रको यस किसिमको पहिचान निर्माण भएको हो। वर्गीय दृष्टिले हेर्दा निम्नवर्गीय नेपाली नारीको जीवन अत्यन्त दयनीय र सीमान्तकृत रूपमा रहेको देख्न सकिन्छ।

कथाकार कोइरालाका कथामा देखापरेका पात्रहरू लैङ्गिक दृष्टिले उत्पीडित, वर्गीय हिसाबले उच्च, मध्यम र निम्न वर्गीय, जातीय हिसाबले सीमान्तकृत रूपमा देख्न सकिन्छ। कतैकतै शिक्षित देखिएका पात्रहरूलाई पनि शक्ति र सत्ताको आडकै कारणले गर्दा पछाडि पारिएको छ। वैचारिक दृष्टिकोणले हेर्नुपर्दा सचेत, आत्मनिर्भर, साहसी, सङ्घर्षशील र मेहनती पात्रको पहिचानका रूपमा चिन्न सकिन्छ। कोइरालाका कथामा देखापरेका केही पात्रहरू साहसी भएकै कारणबाट आफूमा आइपरेका समस्यालाई तुरुन्तै प्रतिकार गर्न सक्षम निडर व्यक्तिका रूपमा देखापरेका छन्।

# चौथो परिच्छेद

# विश्वेश्वरप्रसाद कोइरालाका कथामा वर्गीय र लैङ्गिक उत्पीडन

## ४.१ विषयप्रवेश

प्रस्तुत शोधको यो परिच्छेद विश्वेश्वरप्रसाद कोइरालाका कथाका पात्रहरूको लैङ्गिक उत्पीडनको निरूपण र विश्लेषणमा केन्द्रित छ। यस परिच्छेदमा लैङ्गिक र वर्गीय उत्पीडनको सैद्धान्तिक परिचय दिएपछि विश्वेश्वरप्रसाद कोइरालाका कथामा प्रयुक्त पात्रहरूको लैङ्गिक र वर्गीय उत्पीडनको विश्लेषण गरिएको छ।

## ४.२ वर्गीय उत्पीडनको सैद्धान्तिक स्वरूप

हाम्रो समाजमा विभिन्न किसिमका वर्गहरू रहेका छन्। उच्चवर्ग, मध्यमवर्ग र निम्नवर्ग गरी तिन किसिमका वर्गहरू रहेको पाइन्छ। यी तीनओटै वर्गका बिच द्वन्द्वको अवस्था सिर्जना भई शक्तिशाली वर्गका अर्थात् धनी वर्गका व्यक्तिले आफ्नो पहुँचका आधारमा निम्नवर्गका व्यक्तिहरूमाथि अनेक प्रकारका षड्यन्त्र रचेर दुःख दिनुलाई नै वर्गीय उत्पीडन भनिन्छ। समाजमा निम्नवर्गीय नारी तथा पुरुषले उच्चवर्गका व्यक्तिहरूबाट भोग्नुपरेको शोषण र उत्पीडन नै वर्गीय उत्पीडन हो। समाजमा वर्गीय विभेदकै कारणले गर्दा विशेषतः नारी र पुरुष दुवै वर्गीय उत्पीडनको सिकार हुन पुगेका छन्। उच्चवर्गको व्यक्तिले निम्नवर्गका व्यक्तिहरूमाथि अनेक षड्यन्त्र रची अनेक प्रकारका दुःख दिने गरेका छन्। विश्वेश्वरप्रसाद कोइरालाका कथाहरूमा नारी र पुरुष दुवै पात्रहरू वर्गीय उत्पीडनमा परेको देख्न सकिन्छ। घरमा मात्र नभएर समाजमा, जागिर गर्ने ठाउँमा, कारखानामा जेलमा समेत महिला र पुरुष दुवै वर्गीय उत्पीडनमा परेका छन्। समाजका हरेक क्षेत्रमा सम्पन्न वर्गकै राज हुने भएकाले निम्नवर्गीय व्यक्तिहरूको जीवन निकै कष्टकर बनेको देखिन्छ।

## ४.३ विश्वेश्वरप्रसाद कोइरालाका कथाहरूमा वर्गीय उत्पीडन

प्रस्तुत शोधपत्रको यस परिच्छेदमा विश्वेश्वरप्रसाद कोइरालाका *दोषी चश्मा* र *श्वेतभैरवी* कथासङ्ग्रहका कथाहरूमा लैङ्गिक, जातीय र आर्थिक कारणले सिर्जना भएका नारी र पुरुष पात्रहरूको उत्पीडनका आधारमा विश्लेषण गरिएको छ।

### ४.३.१ 'दोषी चश्मा' कथामा वर्गीय उत्पीडन

विश्वेश्वरप्रसाद कोइरालाको 'दोषी चश्मा' कथामा राणाकालीन नेपाली समाजमा तल्लो तहका कर्मचारीको दिनचर्यालाई प्रस्तुत गरिएको छ । चाकरी प्रथा व्याप्त तत्कालीन समाजमा निम्नवर्गका कर्मचारीहरू आफ्नो प्रशासकीय जिम्मेवारीका अतिरिक्त उच्चवर्गका हाकिमहरूको चाकरी गर्नमा तल्लीन हुनुपर्ने यथार्थको चित्रण कथामा गरिएको छ । केशवराज कार्यालयको कामका साथसाथै बिहान बेलुका जर्साबको घरमा चाकरी गर्न पुग्दछ । ऊ जर्साबको चाकरी नगरे आफ्नो परिवार नै नचल्ने ठान्दछ । प्रशासकीय प्रभुत्वशाली वर्गको जर्साब पात्रबाट प्रशासकीय तल्लो दर्जाको अधीनस्थ वर्गको केशवराज पात्र उत्पीडनमा परेको आख्यानात्मक घटना निम्नानुसारको कथांशबाट पुष्टि हुन्छ :

> तिनलाई मर्का पर्ने त एउटा अर्को कुरो छ । जर्साबले तिनलाई निश्चय नजर भयो होला । तिनी ठिङ्ग मोटरतिर फर्किरहे, स्वस्ति गरेनन् । यो नटेरेको हुन्छ । उहाँबाट नटेरेकै हो भन्ने ठानिबक्स्यो होला । यतिका दिन चाकरी गर्दा पनि केही बन्दोबस्त जर्साबबाट नहुँदा केशवराजले यस्ता जर्साबलाई के टेर्नु भनेर नटेरेको भन्ने जर्साबका मनमा पऱ्यो होला । ठूला मानिसहरू इज्जतका कुरामा बडा इखालु हुन्छन् र पछिसम्म सम्भिmरहन्छन् । केशवराजलाई बडो गाह्रो पऱ्यो । तिनका सारा आशा-भरोसा मौसुफ जर्साब होइबक्सिन्थ्यो र उहाँले यस्तो भूल धारणा मनमा लिइबक्स्यो भने त तिनको बासै उठ्यो । (पृ. २)

उल्लिखित कथांशमा आएको प्रभुत्वशाली पात्र जर्साबका कारण अधीनस्थ पात्र केशवराज उत्पीडनमा परेकाले मानसिक रूपमा निम्न अर्थात् अधीनस्थमाथि वर्गीय उत्पीडन भएको स्पष्ट हुन्छ ।

### ४.३.२ 'हरिदत्त' कथामा वर्गीय उत्पीडन

विश्वेश्वरप्रसाद कोइरालाको 'हरिदत्त' कथामा आर्थिक प्रभुत्वशाली वर्गको हरिदत्त पात्रबाट गरिब अधीनस्थ वर्गकी पार्वती पात्र आर्थिक रूपमा उत्पीडनमा परेको आख्यानात्मक घटना निम्नानुसारको कथांशबाट पुष्टि हुन्छ :

> 'त्यो तिम्री नोकर्नीको छोरी हो । तिमी जे पनि गर्न सक्छौ', बडो सजिलैसँग त्यसले भन्यो । म परेँ बडो पेचमा । मित्रको कर्तव्यबाट च्युत हुन मन पराउन्नथेँ । तर कसरी हरिदत्तको सहायक हुन सकिन्छ मलाई थाहा थिएन । (पृ. १५)

उल्लिखित कथांशमा आएको आर्थिक प्रभुत्वशाली हरिदत्त पात्रबाट अधीनस्थ पवित्रा पात्र उत्पीडनमा परेकाले आर्थिक रूपमा वर्गीय उत्पीडन भएको स्पष्ट हुन्छ ।

### ४.३.३ 'प्रेम' कथामा वर्गीय उत्पीडन

विश्वेश्वरप्रसाद कोइरालाको 'प्रेम' कथामा आर्थिक प्रभुत्वशाली वर्गको रामनाथ पात्रबाट गरीब अधीनस्थ वर्गको रामे पात्र आर्थिक रूपमा उत्पीडनमा परेको आख्यानात्मक घटना निम्नानुसारको कथांशबाट पुष्टि हुन्छ :

> रामनाथ आएर फेरि विचार गर्न थाले रामे नोकरलाई नखोसी भएन । काम भने राम्ररी गर्नु छैन, कुरा मात्र हाँक्छ, म एक्लै छु भने त त्यो दिनभरि कता अल्पिन्छ । काम पनि राम्रो जान्दैन । भाँडा माझ्केको तेलको चिल्लै रहन्छ । बाहुन भन्छन् भान्छाको जूठो पनि चोख्याएको हुँदैन । आफू बाहुन पनि कुन सुग्घरी छन् र ? कतिचोटि भन्यो सफा बस बाजे, साबुन दियो, लुगा धुन तर लागेको बानी कहिले छुट्थ्यो र ? मैलै रहन्छन् । रमा आएपछि यी सबलाई खोस्छु र नयाँ नोकर-चाकर राख्छु । (पृ. २३)

उल्लिखित कथांशमा आएको आर्थिक रूपमा रहेको प्रभुत्वशाली रामनाथ पात्रले यस कथांशमा प्रतिनिधित्व गरेको गरीब अधीनस्थ पात्र रामे उत्पीडनमा परेकाले मानसिक रूपमा अधीनस्थमाथि वर्गीय उत्पीडन भएको स्पष्ट हुन्छ ।

### ४.३.४ 'पुस्तक' कथामा वर्गीय उत्पीडन

विश्वेश्वरप्रसाद कोइरालाको 'पुस्तक' कथामा प्राकृतिक उग्रताका कारणबाट कोठीका अधीनस्थ वर्गका मानिसहरू प्राकृतिक उत्पीडनमा परेको आख्यानात्मक घटना निम्नानुसार रहेको छ :

> इलाकाका इलाका पानीमा थियो । पानीबाट माथि उठेका झारहरूमा फटेङ्ग्रा, कमिला र अरू सानासाना कीराले आश्रय लिएका थिए । एक-दुई नडुबेका अग्ला ठाउँमा लाग्नेमानिस, स्वास्नीमानिस, बालक, बालिकाहरू कमिलैसरह स्याउँस्याउँती थिए । रोग र भोकले व्याकुल ती किसानहरू उभिन नसकेर त्यसै जथाभावी लडिरहेका थिए, चितामा सुतेका जस्ता । तिनीहरूमध्ये कतिले सुत्तासुत्तै अन्तिम सास फेरिसकेका थिए तर नजिकै टाँसिएर सुतेका अरू अझै बाँचिरहेकालाई यो कुरा थाहै थिएन । एउटा बान्ता गर्दागर्दै पानीनेर मुन्टो गाडेर पछारियो ।

> बेलाबेलामा मर्नुभन्दा पहिले निर्धक्क भएर चिच्याएको कुकुरजस्तो क्रन्दन सुनिन्थ्यो । यो त मैले त्यो ठाउँको वर्णन गरैं, जुन ठाउँ बाढीको सबभन्दा ठूलो प्रकोपमा परेको थियो । सरकारको विज्ञप्तिमा यो ठाउँमा प्रायः १०,००० मान्छे मरेको सूचना थियो । (पृ. ५४-५५) ।

उल्लिखित कथांशमा आएको प्राकृतिक उग्रताले यस कथांशमा प्रतिनिधित्व गरेका मानिसहरूलाई उत्पीडनमा पारेकाले प्राकृतिक उत्पीडन भएको स्पष्ट हुन्छ ।

### ४.३.५ 'स्कुलमास्टर' कथामा वर्गीय उत्पीडन

विश्वेश्वरप्रसाद कोइरालाको 'स्कुलमास्टर' कथामा प्रशासनिक प्रभुत्वशाली वर्गको हेडमास्टर पात्रबाट शैक्षणिक अधीनस्थ वर्गका मास्टरहरू उत्पीडनमा परेको आख्यानात्मक घटना तलको कथांशबाट पुष्टि हुन्छ :

> हेडमास्टरले मास्टरहरूको मीटिङ बोलाएको थियो । केटाहरू धेरै बरालिए, कसरी तिनीहरूलाई सपार्ने, यही विषयमा छलफल गर्नु थियो। नन्दराज पनि हेडमास्टरको कोठामा पुगे, कति मास्टर अघिदेखि नै उहीँ बसिरहेका थिए औ कति आउँदै थिए । सबको मुख गम्भीर थियो र सब यो विषयमा आफ्नो आफ्नो विचार राख्थे । हेडमास्टर बिस्तार बिस्तार भन्न थाले 'हाम्रो स्कूलका धेरै केटाहरू बरालिए । पढ्न मन लाउँदैनन्, अरू थोक जेसुकै गरून्, हाम्रो सम्बन्ध तिनको पढाइसँगै छ । यता चार वर्षदेखि परीक्षाफल सन्तोषजनक छैन । (पृ. ६१)

उल्लिखित कथांशमा आएको प्रभुत्वशाली पात्र हेडमास्टरका कारण यस कथांशमा प्रतिनिधित्व गरेका अधीनस्थ पात्र मास्टरहरू उत्पीडनमा परेकाले वर्गीय उत्पीडन भएको स्पष्ट हुन्छ ।

### ४.३.६ 'स्वेटर' कथामा वर्गीय उत्पीडन

विश्वेश्वरप्रसाद कोइरालाको 'स्वेटर' कथामा आर्थिक रूपमा प्रभुत्वशाली वर्गको रमा पात्रबाट नोकर अधीनस्थ वर्गको रामे पात्र उत्पीडनमा परेको आख्यानात्मक प्रसङ्ग यस प्रकार रहेको छ :

> एक छिन मैयाँ झस्किन् 'के भनेकी ? प्रेम ? कहाँबाट यो प्रेमको कुरा आयो' ?' तर रिसको झोँकमा कुनै अड्कोको वास्ता नगर्दै भन्न थालिन् 'बुझ्यौ रमा, प्रेम

कसैको कर र खटनमा रहँदैन । यो एउटा ईश्वरीय शक्ति हो, जो ऊँचनीचमा भेद देख्दैन । हाम्रो आत्माको आँखा यो बाहिरको आँखाभन्दा बेग्लै हुन्छ ।' (पृ. ७५)

उल्लिखित कथांशमा आएको रमा प्रभुत्वशाली पात्रले यस कथांशमा प्रतिनिधित्व गरेको रामे अधीनस्थ पात्र उत्पीडनमा परेकाले वर्गीय उत्पीडन भएको स्पष्ट हुन्छ ।

### ४.३.७ 'बौलाहा' कथामा वर्गीय उत्पीडन

विश्वेश्वरप्रसाद कोइरालाको 'बौलाहा' कथामा आर्थिक रूपमा प्रभुत्वशाली वर्गका पण्डित, 'सिपाही' र अन्य पात्रबाट अधीनस्थ वर्गको बौलाहा पात्र उत्पीडनमा परेको आख्यानात्मक घटना निम्नानुसार रहेको छ :

> अरू कैदीहरू त्यसलाई समातेर झाङ्गल झुङ्गल गर्न थाले, त्यो भने चिच्याइरह्यो । जेलका 'सिपाही'हरू आए, त्यसलाई पिटपाट गरेर घचेट्तै उसको सेलतिर लगे । त्यसले चिच्याउन त छोडेन, भनिरह्यो 'त्यो पण्डित झूटो हो, बकवादी हो । (पृ. ७७)

उल्लिखित कथांशमा आएका पण्डित, सीपाही र अन्य प्रभुत्वशाली पात्रका कारण यस कथांशमा प्रतिनिधित्व गरेको बौलाहा अधीनस्थ पात्र उत्पीडनमा परेकाले वर्गीय उत्पीडन भएको स्पष्ट हुन्छ ।

### ४.३.८ 'रिक्सा तान्ने' कथामा वर्गीय उत्पीडन

विश्वेश्वरप्रसाद कोइरालाको 'रिक्सा तान्ने' कथामा निम्नवर्गीय पात्र धनवीरको दयनीय जीवनकथा प्रस्तुत गरिएको छ। आर्थिक अभावका कारण उसले राम्रोसँग खान पाएको छैन । खान नपाएकै कारण कमजोर बनेको धनवीरको शरीर ज्वरोका कारण रुग्ण बन्न पुगेको छ। बूढो मालिक पात्रले रिक्सा तान्ने काम दिए पनि शारीरिक कमजोरीका कारण राम्रोसँग गर्न सक्दैन तर पनि सकिनसकी ऊ रिक्सा तानिरहन्छ । मानवीय संवेदना नभएको सम्पन्न वर्गको बूढो मालिकले उसलाई कामबाट निकालिदिन्छ र ऊ आफूले कमाएको सबै पैसा धनमायालाई सुम्पिएर आफ्नै छाप्रोमा पुगी मर्दछ । ऊसँगै बस्ने कुकुरले उसको मृत्यूमा शोक प्रकट गर्छ तर समाजका कसैलाई पनि समवेदना प्रकट गर्ने फुर्सद हुन्न । पुँजीगत प्रभुत्वशाली वर्गको बूढो मालिक पात्रबाट गरिब अधीनस्थ वर्गको धनवीर पात्र उत्पीडनमा परेको आख्यानात्मक घटना निम्नानुसारको कथांशमा रहेको छ :

धनवीरले उत्तर दियो जीउले भ्याए जति चाकरी गर्दैछु, नसकेको के लाग्यो ? हजुरलाई पनि काम अड्कने । म आजदेखि जान्छु । मभन्दा बलियोले राम्रो काम दिन सक्ला ।' (पृ. ८८)

उल्लिखित कथांशमा आएको प्रभुत्वशाली पात्र बूढो मालिक मानवीय संवेदना नभएको मानिस हो । धनवीर बिरामी भएर काम गर्न नसक्दा पनि ऊ जबर्जस्ती रिक्सा तान्ने काममा लगाउँछ र काम गर्न नसकेको आरोपमा कामबाट निकालिदिन्छ । उसका कारण यस कथांशमा प्रतिनिधित्व गरेको धनवीर अधीनस्थ पात्र उत्पीडनमा परेकाले वर्गीय उत्पीडन भएको स्पष्ट हुन्छ ।

## ४.४ लैङ्गिक उत्पीडनको सैद्धान्तिक स्वरूप

कुनै पनि व्यक्तिको इच्छा र चाहना विपरीत उसलाई शारीरिक, मानसिक, भाषिक, जातीय र वर्गीय रूपमा आघात पुग्ने गरी गरिएका जस्तासुकै हिंसालाई उत्पीडन भनिन्छ । हाम्रो समाज पुरुषप्रधान भएकै कारण नारीहरू अत्यधिक मात्रामा लैङ्गिक उत्पीडनको सिकार भएका छन् । महिलालाई जतिसुकै अधिकार दिने कुरा गरिए पनि त्यो केवल नारामै सीमित रहेको छ । पुरुषहरूको वर्चस्व रहेको हाम्रो समाजमा महिलाहरूलाई चुलोचौका स्याहार्ने, बुढाबुढी स्याहार्ने काम दिइयो तर उनीहरूलाई संसार चिनाउने प्रयास नगर्नु पनि उनीहरूलाई लैङ्गिक उत्पीडनमा पार्नु नै हो (अर्याल, २०६२ : ७३) । समाजमा परिवारदेखि लिएर राज्यका हरेक तहहरूमा पुरुषसरह महिलालाई समान व्यवहार गरिएको छैन । हाम्रो समाजका जुनसुकै क्षेत्रहरूमा पनि नारीलाई हेप्ने, अपमान र दुर्व्यवहार गर्ने जस्ता अभद्र र निन्दनीय कार्यहरूदिनदिनै भइरहेका छन् । समाजमा महिलालाई अरुसँग बोल्नसमेत वञ्चित गराइएको छ । समाजमा महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन गर्न सकिएको छैन । यसरी घर, विद्यालय, समाज, राजनीति लगायत हरेक क्षेत्रमा महिलालाई उत्पीडनमा पारिएको छ । विश्वेश्वरप्रसाद कोइरालाका थुप्रै कथामा नारी र पुरुष बिच हुने लैङ्गिक विभेदको अभिव्यक्ति पाइन्छ । *दोषी चश्मा* र *श्वेतभैरवी* कथासङ्ग्रहका कथाहरूलाई स्वपीडन र परपीडनका आधारमा लैङ्गिक उत्पीडनमा केन्द्रित रहेर अध्ययन गरिएको छ ।

### ४.४.१ विश्वेश्वरप्रसाद कोइरालाका कथाहरूमा लैङ्गिक उत्पीडन

प्रस्तुत शोधपत्रको यस परिच्छेदमा विश्वेश्वरप्रसाद कोइरालाका *दोषी चश्मा* कथासङ्ग्रहका 'बिहा', 'हरिदत्त', 'प्रेम', कर्नेलको घोडा, 'पवित्रा', 'होड', 'कथा', 'पुस्तक',

स्कूलमास्टर, 'सखी', 'स्वेटर', 'बौलाहा', 'रिक्सा तान्ने', 'मधेसतिर', 'सिपाही' र *श्वेतभैरवी* कथासङ्ग्रहका 'सान्नानी', 'राइटरबाजे', 'एक रात', 'श्वेतभैरवी' कथाहरूमा के कस्ता लैङ्गिक उत्पीडनका घटनाहरू रहेका छन् भन्ने विश्लेषण गरिएको छ ।

### ४.४.१.१ 'बिहा' कथामा लैङ्गिक उत्पीडन

विश्वेश्वरप्रसाद कोइरालाको 'बिहा' कथामा सांस्कृतिक प्रभुत्वशाली वर्गको सुब्बा कटकबहादुर पात्रबाट ग्रामीण भूभागको अधीनस्थ वर्गका हरिमती पात्र सांस्कृतिक रूपमा उत्पीडनमा परेको आख्यानात्मक घटना निम्नानुसारको कथांशबाट पुष्टि हुन्छ :

> मैले एउटा बिहा देखेको छ : म जन्तीपट्टि थिएँ । हामीहरूलाई ४ बजेको निम्ता थियो तर जन्ती ८ बजेभन्दा पहिले निस्केनन् । हामीहरू बाहिर बसीबसी जन्ती निकाल्ने उद्योगमा थियौँ, तर दुलाहाले नै अबेर गरे । उनी सिंगार पारिरहेका छन् रे, विवाहको अवसरमा एकचोटि सिंगारिने मौका पाइन्छ भनी हामीहरू चुप लागी उनको प्रतीक्षा गरिरहेका थियौँ । मैले दुलाहालाई देखेको थिइनँ । कस्ता होलान् ? गाउँका स्वास्नीमानिसहरू पनि आएर उभिरहेका थिए; तिनीहरू पनि दुलाहालाई हेर्छन् रे, कस्ता होलान् ? दुलाहा भन्नासाथ २०/२२ वर्षको युवकको कल्पना हुन थाल्छ, र ती ग्रामीण रमणीहरू पनि यस्तै दुलाहाको कल्पना गरी हेर्न उभिरहेका होलान् । धेरै बेर पछि ढोकातिर खलबली भयो । 'दुलाहा आए, दुलाहा आए' भनेर सब उतातिर ओइरिन लागे तर मैले चिन्न सकिनँ, कुन चाहिने दुलाहा हुन् । सब छिप्पिएका उमेरका मानिसहरू ढोकाबाट बाहिर निस्के । यसै ठम्याउन नसके पनि पहिरनले ती कालो कोट लाउने नै दुलाहा हुन् भनी ठानेँ । नभन्दै तिनै रहेछन् । आफ्नो खुशी र सुखलाई नदेखाऊँ भन्दाभन्दै पनि उनको आकृति, चलाइ र बोलाइले नै तिनी दुनियाँका सबैभन्दा सुखी मानिसजस्ता देखिन्थे । (पृ. ८-९)

उल्लिखित कथांशमा आएको सांस्कृतिक प्रभुत्वशाली सुब्बा कटकबहादुर पात्रले यस कथांशमा प्रतिनिधित्व गरेकी अधीनस्थ पात्र हरिमतीलाई धेरै उमेरको अन्तर भए पनि विवाह गरेको देखाइएकाले लैङ्गिक रूपमा सांस्कृतिक उत्पीडन भएको स्पष्ट हुन्छ ।

### ४.४.१.२ 'कर्नेलको घोडा' कथामा लैङ्गिक उत्पीडन

विश्वेश्वरप्रसाद कोइरालाको 'कर्नेलको घोडा' कथामा पुरुष कर्नेल पात्रबाट नारी वर्गकी कर्नेल्नी पात्र यौनतृष्णाको उत्पीडनमा परेको आख्यानात्मक घटना निम्नानुसारको कथांशमा पाइन्छ :

> कर्नेल्नीले उत्तर दिनु व्यर्थ ठानिन् । तिनको कष्ट कर्नेल बुझ्दैनन् । १९ वर्षकी युवतीका मनको भाव ४५ वर्षको दुलाहाले बुझ्दैन । कर्नेलले चुप लागेर बसिरहेकी दुलहीलाई मायाले उचाले, तिनले भर्खरै विचार गरेको दुःखद भावनाहरूलाई बिर्सिन् । दुलाहाको उमेरलाई बिर्सेर उनले आफ्नो शरीरलाई दुलाहामाथि फ्याँकिन् । कर्नेलले तिनको भार थाम्न सकेनन् र तिनी पछारिए । दुलहीको सारा स्वप्नको तार एक्कासि चुँडियो । दुलहीलाई उठाउने प्रयत्नमा बल पर्दा स्वाँ स्वाँ गरिरहेको र पछारिएका दुलाहालाई कर्नेल्नीले एकचोटि घृणाका दृष्टिले हेरिन् । त्यसै दिनदेखि कर्नेल्नीका मनमा आफ्नो दुलाहाप्रति महान् तिरस्कारको भाव उदय भयो । (पृ. ३०)

माथि उल्लिखित कथांशमा आएको पुरुष पात्रले यस कथांशमा प्रतिनिधित्व गरेकी अधीनस्थ नारी पात्र कर्नेल्नी यौनतृप्तिका दृष्टिले उत्पीडनमा पारेकाले लैङ्गिक उत्पीडन भएको स्पष्ट हुन्छ ।

### ४.४.१.३ 'पवित्रा' कथामा लैङ्गिक उत्पीडन

विश्वेश्वरप्रसाद कोइरालाको 'पवित्रा' कथामा पितृसत्तात्मक समाजको प्रतिनिधित्व गरेको केशवदेव पात्रबाट नारी वर्गकी पवित्रा पात्रमा मानसिक उत्पीडन रहेको छ :

> दिउँसो भाँडा माझ्दा छिमेककी नेवार्नीलाई भन्थिन् 'बूढी हुन थालिछु । चाँडै थाक्छु, पानी ओसार्दा स्वाँ स्वाँ हुन्छ । राति जिउ कटकटी खान्छ । अब कक्रक्क परेर गुँडुलिएर बस्नुपर्ने भएछ ।' (पृ. ४०)

उल्लिखित कथांशमा आएको पितृसत्तात्मक समाजको प्रभुत्वशाली पुरुष पात्र केशवदेवबाट यस कथांशमा प्रतिनिधित्व गरेकी अधीनस्थ नारी पात्र पवित्रा उत्पीडनमा परेकीले लैङ्गिक उत्पीडन भएको स्पष्ट हुन्छ ।

### ४.४.१.४ 'होड' कथामा लैङ्गिक उत्पीडन

विश्वेश्वरप्रसाद कोइरालाको 'होड' कथामा पुरुष वर्गको पदम नामको पात्रबाट स्त्री पात्र पद्मा लैङ्गिक उत्पीडनमा परेको आख्यानात्मक घटना निम्नानुसारको कथांशबाट पुष्टि हुन्छ :

> पद्माले रुँदैरुँदै भनिन् 'तिमीलाई मेरो माया भए पो । म ता तिम्रो को हुँ र । (पृ. ५०)

उल्लिखित कथांशमा पितृसत्ताको प्रतिनिधित्व गरेको पुरुष पात्र पदमले यस कथांशमा प्रतिनिधित्व गरेकी नारी पात्र पद्मामाथि उत्पीडन गरेकाले लैङ्गिक उत्पीडन भएको स्पष्ट हुन्छ ।

### ४.४.१.५ 'कथा' कथामा लैङ्गिक उत्पीडन

विश्वेश्वरप्रसाद कोइरालाको 'कथा' कथामा इन्द्रले अप्सरा रमणीको प्रयोगद्वारा मनुष्य स्वरूपका ऋषिको तपस्या तोडेको घटनाले ऋषि उत्पीडनमा परेको आख्यानात्मक घटना कथामा आएको छ :

> तर तिनी त जङ्गलबाट कुनै किन्नरीसँग बिहा गरेर पो फर्के । ऋषिको यत्रो ठूलो पतन देखेर सारा समाज विस्मयमा पऱ्यो । स्वागत गर्न तत्पर भएका मानिसहरूले एउटी युवतीलाई तिनको साथमा देखेर मुख फर्काए । जान्नेसुन्नेले यो ऋषिको तपस्यादेखि आत्तिएर इन्द्रले पठाएको कुनै अप्सरा हो भन्ने निश्चय गरे । (पृ. ५२)

उल्लिखित कथांशमा आएकी रमणी पात्रले यस कथांशमा प्रतिनिधित्व गरेको ऋषि पात्रलाई उत्पीडनमा पारेकाले लैङ्गिक उत्पीडन भएको स्पष्ट हुन्छ ।

### ४.४.१.६ 'सखी' कथामा लैङ्गिक उत्पीडन

विश्वेश्वरप्रसाद कोइरालाको 'सखी' कथामा पितृसत्ताको प्रभुत्वशाली वर्गको युवक पात्रबाट अधीनस्थ नारी वर्गकी पात्र चन्द्रकुमारी मानसिक उत्पीडनमा परेको आख्यानात्मक घटना निम्नानुसारको कथांशबाट पुष्टि हुन्छ :

> हाम्रो कोठा र उसको कोठाको माझमा काठको भित्ता थियो । एक दिन राती दश बजेको हुँदो हो, तिम्रा हुस्सू भाइलाई निद्रा परेन । उता उसको कोठामा पनि बत्ती बलिरहेको थियो, उनी त्योसँग कुरा गर्न उसको कोठामा गए । म कान थापेर तिनीहरूको कुरा सुन्न थालेँ । तिनीहरूलाई सिगरेट खान मन लाग्यो । तिम्रा भाइले वहींबाट कराए 'ए, सिगरेटको डब्बा यता ल्या त ।' उनले यति के भनेका थिए, त्यो युवकले भन्यो 'उहाँ सुतिसक्नुभयो होला, उहाँलाई कहाँ कष्ट दिनु, म नै लिएर आउँछु ।' त्यो सरासरी मेरो कोठामा आयो मैले हतारमा सुतेको भाव ल्याउन पनि पाएको थिइनँ । त्यसले भन्यो 'सिगरेट कहाँ राखेको छ ?' मैले आत्तिएर सिरानबाट सिगरेटको डब्बा त्यसलाई दिएँ । किन हो

> कुन्नि मेरो हात काम्यो । उसले कामिरहेको हातलाई देख्यो र सिगरेटको डब्बा समात्न छोडेर मेरो हात समात्यो । म मूर्ख, मेरो मुखबाट निस्क्यो 'के गरेको ? तिनले थाहा पाए भने । (पृ. ६६)

उल्लिखित कथांशमा आएको युवक पुरुष पात्रद्वारा यस कथांशमा प्रतिनिधित्व गरेकी चन्द्रकुमारी नारी पात्र मानसिक उत्पिडनमा परेकाले लैङ्गिक उत्पीडन भएको स्पष्ट हुन्छ ।

### ४.४.१.७ 'मधेसतिर' कथामा लैङ्गिक उत्पीडन

विश्वेश्वरप्रसाद कोइरालाको 'मधेसतिर' कथामा पितृसत्तात्मक वर्गको गोरे पात्रबाट निम्नवर्गकी विधवा नारी पात्र उत्पीडनमा परेको उदाहरण निम्नानुसार रहेको छ :

> सब जना छक्क परेर विधवातिर टुलुटुलु हेर्न थाले बूढाले भन्यो- 'तिमी गहना-गुरिया लिएर कहाँ हिंडेको त ? लग्यो होला गोरेले। अब चोरिने कुरा चोरिइहाल्यो, रोएर के गर्नु ?' विधवालाई त्यसको कुरा सुनेर रीस उठ्यो । उनले चिच्याएर भनिन्- 'चूप लाग बूढा । त्यस गहनाले मैले के के गरुँला भन्ने विचार गरेकी थिएँ, खेती किनुँला, बिहा गरुँला, घर जमाउँला, छोरा पाउँला । मेरो सारा आशा नष्ट भयो ।' (पृ. ९५)

उल्लिखित कथांशमा आएको गोरे पुरुष पात्रले यस कथांशमा प्रतिनिधित्व गरेकी विधवा नारी पात्र उत्पीडनमा परेकाले मानसिक स्तरमा लैङ्गिक उत्पीडन भएको स्पष्ट हुन्छ ।

### ४.४.१.८ 'सिपाही' कथामा लैङ्गिक उत्पीडन

विश्वेश्वरप्रसाद कोइरालाको 'सिपाही' कथामा पितृसत्तात्मक वर्गको 'सिपाही' पात्रबाट स्वास्नी पात्र यौन उत्पीडनमा परेको आख्यानात्मक घटनाको अंश यस प्रकार रहेको छ :

> 'बाटो बिर्सेर होइन । आँ तिम्री छोरी खोइ नि ?' आफ्नो दुवै हात हल्लाउँदै त्यो कोठाको स्वामीझैं यताउति टहल्न थाल्यो ।
>
> 'छोरी त बाहिर गएकी छ, अब आइपुग्ने बेला भयो । तपाईंले त हामीहरूलाई पटक्क बिर्सनु भएछ ।'

> त्यही समयमा एउटा अलिक मोटी युवती कोठाभित्र पसी र उपेक्षा गर्दै भनी 'बिर्सन देऊ किन हामीलाई कसैले सम्झोस् ?' (पृ. १०२)

उल्लिखित कथांशमा आएको 'सिपाही' पुरुष पात्रले यस कथांशमा प्रतिनिधित्व गरेकी नारी पात्र उत्पीडनमा परेकाले यौनका दृष्टिले लैङ्गिक उत्पीडन भएको स्पष्ट हुन्छ ।

### ४.४.१.९ 'सान्नानी' कथामा लैङ्गिक उत्पीडन

विश्वेश्वरप्रसाद कोइरालाको 'सान्नानी' कथामा पुरुषबाट सान्नानीसँगको लामो प्रेमसम्बन्ध विच्छेद हुनुले लैङ्गिक उत्पीडन रहेको छ :

> कोठाभन्दा बाहिर आएर म एकछिन उभिएँ । र हातलाई जीवनका स्मृतिहरूको गहन अरण्यभित्र पसाएर तीस वर्षपहिलेकी सान्नानीलाई समात्न खोजें । मेरो खाली हात फुस्सालाई समातेर आकाशतिर उठेको थियो । (पृ. १६)

उल्लिखित कथांशमा आएको म पात्रले यस कथांशमा प्रतिनिधित्व गरेकी सान्नानी पात्रलाई पात्र उत्पीडनमा परेको देख्नुले लैङ्गिक उत्पीडन भएको स्पष्ट हुन्छ ।

### ४.४.१.१० 'राइटरबाजे' कथामा लैङ्गिक उत्पीडन

विश्वेश्वरप्रसाद कोइरालाको 'राइटरबाजे' कथामा पितृसत्तात्मक समाज त्यसमा पनि पुरुष वर्गको सति प्रथाको घटनाबाट स्त्री पात्रमा पर्न गएको लैङ्गिक उत्पीडनको आख्यानात्मक घटना रहेको छ :

> जीवनमा मानिसले एउटै मार्ग मात्र रोज्न पाउँदो रहेछ । एकचोटि रोजेपछि त्यही मार्गबाहेक अरू बाटो त्यसका लागि उपलब्ध हुँदो रहेनछ । मैले रोजेको बाटोमा हिंडेर म आज बाटोको अन्तिम छोरमा पुगेकी छु । मैले दिदीहरूको बाटो रोजेको भए के हुने थियो, थाहा छैन; अहिले यसको विवेचना गर्नु पनि व्यर्थ छ । तर मैले रोजेको बाटोमा कसैले पाउन नसकेको वस्तु मैले पाएँ- मेरो मात्र आफ्नो- राइटरबाजेको प्रेम । लुली र डुँडी भएर पनि त्यो प्रेमको न्यानो अझै मेरो मुटुमा विद्यमान छ । यो अन्तिम घडीमा पनि विधाताले पुनः मलाई आफ्नो मार्ग रोज्ने अधिकार दिए भने राइटरबाजेको प्रेमको आशीर्वाद पाउने बाटो, मैले हिंडिसकेको- त्यही पुरानो बाटोमात्र छ भने त्यसैलाई रोज्छु र पुनः त्यो मार्गमा हिंड्दा अभिशापको रूपमा मैले भोग्नुपरेको कुष्ठको व्यथालाई

> दोस्रोचोटि पनि अङ्गीकार गरेर यस हिमलोकमा सेलाउन आउनेछु । अब धेरै समय छैन । दृष्टि मलिन हुँदै आयो । गण्डकीको ध्वनि कानमा क्षीणतर हुँदैछ । धवलागिरिको छायाको टुप्पोको स्पर्श मेरो कुष्ठ शरीरले गरिसक्यो ।
>
> हे संसार ! बिदा । राइटरबाजे !- म आएँ । (पृ. २७)

उल्लिखित कथांशमा आएको पितृसत्तात्मक समाजको प्रभुत्वशाली पात्र राइटरबाजेले यस कथांशमा प्रतिनिधित्व गरेकी अधीनस्थ पात्र उसकी श्रीमतीलाई मानसिक उत्पीडन दिएकाले लैङ्गिक उत्पीडन भएको स्पष्ट हुन्छ ।

### ४.४.१.११ 'श्वेतभैरवी' कथामा लैङ्गिक उत्पीडन

विश्वेश्वरप्रसाद कोइरालाको 'श्वेतभैरवी' कथामा पुरुष (म) पात्रबाट घरमा फगुनी (नारी) पात्र यौनतृप्तिको उत्पीडनमा परेको आख्यानात्मक घटना कथांशबाट पुष्टि हुन्छ :

> त्यस दिन फगुनी फगुनी थिइन- त्यो कोशी नदीको त्यस्तो भङ्गालो भएकी थिई जो बाढीमा प्रलयको वेग लिएर उर्लिन्छ । र उग्र, भयङ्कर प्रलयकारी हुन्छ, जब त्यसले मानिसका प्रति उन्मत्त भएर सबैलाई निल्दै हिंड्छ- हाहाकार मच्चाउँदै । त्यस्तै 'श्वेतभैरवी' जाग्रत भएकी फगुनीको जटा हावामा फैलिएको, आँखा निभेको आगो, चरणमा ताण्डवको शक्ति, कालो-नीलो थियो, वक्षमा शृङ्गाङ्कुर; खुलेको मुखको गुफाबाट तप्त उच्छ्वासको बाफ । 'श्वेतभैरवी' फगनी । म भागिरहेको थिएँ, कातरभीत बालक । उन्मत्त यौनको अँध्यारो भीरबाट तर्सेर 'श्वेतभैरवी' मेरो खेदो गरिरहेकी थिई । लाग्यो, भागिरहेका मेरा गोडा भासिइरहेछन् र भीरमाथिको गर्त मलाई निल्न झन्-झन् ठूलो मुख बाउँदै आइरहेछ- कोशीको असंयमित बाढीजस्तै । उसको हात गोबर र हिलोले कुहिनासम्म मुछिएका छन् र त्यसलाई बार-बार माथि उठाउँथी ऊ, खड्गबाहु कालीजस्ती । कहिले हो कुन्नि भुइँमा राखेको बाल्टिन उसको गोडाले ढलेछ; बाल्टिनबाट निस्केको काँटीले उसको गोडा चिरेछ । रगत र हिलो मिस्सिएको गोडाको डाम भुइँभरि थियो । उसको नयाँ धोती पनि काँटीले च्यातेछ । तर ऊ सुद्धि हराएजस्ती भएर पलाई खेदिरहेकी थिई । म भागिरहेको थिएँ । (पृ. ४५)

उल्लिखित कथांशमा आएको 'म' पात्र यस कथांशमा प्रतिनिधित्व गरेकी नारी पात्र फगुनीबाट यौनतृप्तिका दृष्टिले उत्पीडनमा परेकाले लैङ्गिक उत्पीडन भएको स्पष्ट हुन्छ ।

## ४.५ निष्कर्ष

विश्वेश्वरप्रसाद कोइरालाका अधिकांश कथामा एउटा निम्नवर्गीय नारी वा पुरुषले उच्चवर्गका व्यक्तिबाट भोग्नुपरेको पीडालाई देखाइएकोछ, वर्गीय उत्पीडनका रूपमा लिन सकिन्छ। समाजमा उच्चवर्गको पहुँचका कारण निम्नवर्गका व्यक्तिहरू उनीहरूबाट तिरस्कृत हुनुपरेको छ। अर्कोतर्फ नारीलाई आफ्नै भनाउँदा व्यक्तिहरूले विभिन्न प्रलोभनमा फसाएर अथवा गरिबीको फाइदा उठाएर उल्टै यौन र श्रमको शोषण पनि गरेको देखिन्छ। हाम्रो समाजका महिलाहरू यौन शोषणको वर्गीय उत्पीडनको चरम पीडा भोग्न विवश रहेका छन्।

कोइरालाका कथाका पात्रहरू कतै न कतै प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वर्गीय उत्पीडनको सिकार भएको देखिन्छ। यिनका कथामा देखापरेका पात्रहरू गरिबीकै कारणले गर्दा शारीरिक र मानसिक यातना भोग्न विवश छन्। महिलालाई यौन चाहना तृप्ति गर्ने पुरुष मानसिकताका कारण अनमेल/बाल वा बहुविवाह हुनु पनि गरिबीकै कारणले हो। नारी गरिब हुनुकै नियतिको फाइदा उठाएर नारीबाट यौनतृष्णा मेटेका उदाहरणहरू पनि उनका कथामा देख्न सकिन्छ। यिनका कथामा पुरुषबाट महिला मात्र शोषणमा परेको नभएर उच्चवर्गका महिलाबाट निम्नवर्गका महिलाहरू पीडित भएको देखिन्छ भने उच्चवर्गका पुरुषबाट निम्नवर्गका पुरुष पनि पीडित भएको देखिन्छ। यसरी समग्रमा विश्लेषण गर्दा कोइरालका कथामा जसको आर्थिक अवस्था उच्च छ त्यस व्यक्तिबाट आर्थिक अवस्था कमजोर भएका पुरुष वा महिलाहरू वर्गीय उत्पीडनको सिकार हुन पुगेको पाउन सकिन्छ।

# पाँचौँ परिच्छेद

# सारांश र निष्कर्ष

## ५.१ सारांश

'विश्वेश्वरप्रसाद कोइरालाका कथामा लैङ्गिकता' शीर्षकको प्रस्तुत शोध विश्वेश्वरप्रसाद कोइरालाका कथाहरूमा केन्द्रित भई गरिएको शोधकार्य हो । यस शोधपत्रमा कोइरालाका *दोषी चश्मा* र *श्वेतभैरवी* गरी दुईवटा कथासङ्ग्रहमा रहेका कथाहरूलाई विश्लेषणको आधार बनाइएको छ । यो शोधपत्र पाँचवटा परिच्छेदमा सङ्गठित छ । पहिलो परिच्छेदमा शोधपरिचय रहेको छ जसमा विषयपरिचय, समस्याकथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, सीमाङ्कन, शोधविधि र शोधप्रबन्धको रूपरेखा रहेको छ ।

यस शोधको दोस्रो परिच्छेदमा लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धको सैद्धान्तिक स्वरूप प्रस्तुत गरिएको छ। यसक्रममा शक्तिसम्बन्धको परिचय दिई कोइरालाका कथाहरूको विश्लेषणको प्रारूपलाई तीनवटा शक्तिसम्बन्धका आधारमा पुरुष र महिला, उच्च र निम्नवर्ग, उच्च जाति र सीमान्तकृत जातिको पँहुचका आधारमा देखिएको शक्तिसम्बन्धलाई समग्र रूपमा विश्लेषण गरिएको छ ।

यस शोधको तेस्रो परिच्छेदमा कोइरालाका कथामा देखापरेका नारी र पुरुष पात्रहरूको पहिचानको सैद्धान्तिक स्वरूपको बारेमा उल्लेख गरी कोइरालाका कथालाई लैङ्गिक, वर्गीय र जातीय पहिचानका कोणबाट विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ । कथाकार कोइरालाका कथासङ्ग्रहमा सङ्गृहीत जम्मा बिसवटा कथाको अध्ययनपश्चात् नारी र पुरुष बिचमा देखापरेका पात्रहरूको लैङ्गिक, वर्गीय र जातीय पहिचानका स्वरूपका दृष्टिले सशक्त देखिएका कथाहरूलाई सोद्देश्यमूलक विश्लेषणका लागि छनोट गरिएको छ । कोइरालाका कथालाई लैङ्गिक, वर्गीय र जातीय पहिचानका आधारमा विश्लेषण गरिएको छ ।

यस शोधको चौथो परिच्छेदमा यही विश्लेषण र छनोटमा केन्द्रित रही सम्बद्ध कथालाई लैङ्गिक उत्पीडन र वर्गीय उत्पीडनका आधारमा गहन विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

यस शोधको पाँचौं परिच्छेदमा सबै परिच्छेदको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

विश्वेश्वरप्रसाद कोइरालाका कथाहरूमा उच्च, निम्न र मध्यमवर्गीय पात्रहरू रहेका छन् । ती पात्रहरूले आफ्नो पहुँच पुग्नेबित्तिकै निम्नवर्गका व्यक्तिहरूलाई आफ्नो वर्चस्वमा पारी दुःख दिने गरेको कुरालाई आफ्ना कथामा देखाएका छन् । उनका कथामा श्रमजीवी वर्गका मानिसहरू उच्चवर्गका व्यक्तिहरूले आफूमाथि गरिएको दमन र शोषणलाई सहेर बस्न विवश भएका छन् । कोइरालाले नारीलाई उत्पीडित चरित्र र पुरुषलाई उत्पीडक चरित्रका रूपमा प्रस्तुत गरेका छन् । उनका कथामा पित्तृसत्ताले मात्तृसत्तालाई दमित गरेको देखिन्छ । पित्तृसत्ताको आडमा लिङ्ग, जाति, वर्ग र राजनीतिक क्षेत्रका हरेक तहमा तिनले निम्नवर्गका व्यक्तिलाई चरम शोषण गरेका छन् । नारीलाई भोग्य वस्तु ठान्ने परपीडक व्यक्तिहरूबाट महिलाहरू सबैभन्दा बढी यौन शोषणको सिकार भएको देखिन्छ । उनका कथामा एकातिर महिलाहरूले वर्गीय र लैङ्गिक उत्पीडन भोगिरहेको देखिन्छ भने पुरुषहरूको वर्गीय विभेदले सताएको कुरा देख्न सकिन्छ । यस कथामा वर्गीय र लैङ्गिक पहुँचका कारणले गर्दा निम्नवर्गका महिला, पुरुष दुवै पात्रहरू तड्पिएको देखिन्छ । उनका कथामा नारीहरू नारी भएकै कारणले गर्दा शारीरिक र मानसिक यातना भोग्न र आफ्नो जीवनलाई जीवन-मरणको दोसाँधमा जिउन विवश रहेको स्पष्ट रूपमा बताएको छ । कोइरालाका कथामा देखापरेका पात्रहरूलाई लैङ्गिक, वर्गीय र जातीय क्षेत्रमा उभ्याई हेर्दा नारी र पुरुष पात्रको पहिचान फरक-फरक रहेको पाइन्छ । पित्तृसत्तात्मक संरचनाका कारण सृजित पुरुषको एकछत्र शासन, शोषण, उत्पीडन र नियन्त्रणका कारण नारी पात्रको सामाजिक पहिचान विद्रुप र कहालीलाग्दो देखिन्छ । यिनका कथामा अधिकांश पात्रहरू शैक्षिक चेतनाका दृष्टिले अनपढ, लैङ्गिक दृष्टिले उत्पीडित, सीमान्तकृत, वर्गीय दृष्टिले निम्न, मध्यम र उच्चवर्ग, भौगोलिकताका आधारमा ग्रामीण, कार्यका आधारमा कर्मशील, साहसी र सङ्घर्षशील पात्रका रूपमा देख्न सकिन्छ । उनका कथामा पुरुषलाई स्वअस्तित्वलाई विद्रुप बनाउन खोज्ने, यौनपिचासु, शोषक र शक्तिशाली व्यक्तिको पहिचानका रूपमा देखाइएको छ, अर्कोतर्फ महिलाहरू कर्तव्यनिष्ठ, पराश्रित नभई आर्जनशील र सहनशील नारीका रूपमा चिनाइएको छ ।

कोइरालाका कथामा देखापरेका नारी पात्रहरू जातीय, वर्गीय र लैङ्गिक कोणबाट हेर्दा पित्तृसत्तात्मक सोचका कारणले गर्दा लैङ्गिक उत्पीडनमा परेको पाइन्छ। पुरुषप्रधान समाजमा महिलाहरूलाई भोग्य वस्तुका रूपमा चरम यौनशोषणमा पारेको पाइन्छ, अर्कोतर्फ महिलाहरूलाई पुरुषको दासी बनाएर घरभित्रको मात्रै काममा लगाएर अर्थात् अल्झाएर राखी बढी मात्रामा पित्तृसत्तात्मक सामन्तवादी समाजले महिलाहरूलाई उत्पीडनमा पार्ने काम गरेका छन्। हाम्रो समाजका पुरुषहरूलाई जे जस्तो काम गर्न पनि छुट रहेको तर उनीहरूकै कारणले गर्दा महिलाहरूको अवस्था विद्रूप रहेको छ। उनका कथामा महिलाले बिहानैदेखि घरबाहिर काम गरी श्रीमान्लाई पाल्नुपर्ने अवस्था एकातिर देखिएको छ भने अर्कोतर्फ शोषक पुरुषहरूबाट महिलाहरू अत्यन्त पीडित भई बसेको कुरालाई स्पष्ट पारिएको छ।

विश्वेश्वरप्रसाद कोइराला मनोवैज्ञानिक यथार्थवादी कथाकार हुन्। उनका कथामा पुरुषप्रधान समाजले गर्ने लैङ्गिक विभेदका कारण नारीहरू पुरुषको शक्तिसत्ताको अधीनमा रहनुपरेका अवस्थाको चित्रण पाइन्छ। उनका कथामा नारीहरूले आफ्नो लैङ्गिक पहिचानको खोजीको सङ्घर्ष गरेका छन्। कोइरालाका कथामा नारीहरू लैङ्गिक उत्पीडनमा परेको चित्रण गरिएको छ। लैङ्गिकताका दृष्टिकोणले हेर्दा कोइरालाका कथाका पात्रहरूमा देखिने खास वैशिष्ट्य यिनै हुन्।

प्रस्तुत शोधकार्यबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा तल स्पष्ट पारिएको छ :

(१) कथाकार विश्वेश्वरप्रसाद कोइरालाका *दोषी चश्मा* र *श्वेतभैरवी* कथासङ्ग्रहमा सङ्गृहीत बीसवटा कथालाई लैङ्गिक, वर्गीय र जातीय शक्तिसम्बन्धका कोणबाट विश्लेषण गर्दा उनका कथाका पात्रहरू वर्गीय, जातीय र लैङ्गिक उत्पीडनमा परेका छन्। वर्गीय दृष्टिकोणले महिलाको तुलनामा पुरुषले कम उत्पीडन भोग्नुपरेको देखिन्छ। कोइरालाका कथामा पितृसत्ताको आडका कारण महिलाभन्दा पुरुष उच्च र प्रभुत्वशाली रहेको देखिन्छ।

विश्वेश्वरप्रसाद कोइरालाका कथामा नारी पात्रहरू पितृसत्ताको आडमा पुरुषको भोग्या साधनको रूपमा मात्र देखापरेका छन्। नेपाली समाजमा घरदेखि लिएर समाजका हरेक क्षेत्रमा महिलालाई शक्तिशाली पुरुष वर्गले होच्याउने, तुच्छ व्यवहार गर्ने र समाजबाटै अपमानित बनाइने प्रवृत्ति देखिन्छ। कोइरालाका कथाहरूमा कतै

उच्चवर्गले निम्नवर्गका मानिसमाथि आफ्नो अधिकार जमाएको पाइन्छ भने कतै प्रभुत्वशाली पुरुषहरूबाट अधिकांश महिला उत्पीडनमा परेको पाइन्छ। यो हुनुको मुख्य कारक तत्त्व पितृसत्ताको आडमा महिलाभन्दा पुरुष उच्च र शक्तिशाली हुन रहेको पाइन्छ। जातीयताका दृष्टिकोणले हेर्दा उनका कथामा निम्नवर्गीय सीमान्तकृत वर्गका महिलाहरूले प्रभुत्वशाली उच्चवर्गका पुरुषहरूबाट अनेक किसिमका उत्पीडनमा पर्नुपरेको चित्रण गरिएको छ। समग्रमा भन्नुपर्दा जुन ठाउँमा जसको पहुँच बढी हुन्छ त्यस ठाउँमा उसैको शक्ति बढी रहेको हुन्छ। जाती, वर्ग, लिङ्गर राजनीतिका जुनसुकै क्षेत्रमा पनि जसको वर्चस्व जहाँ बढी हुन्छ त्यहाँ उसैको शक्ति उच्च रहेको हुन्छ। कोइरालाका कथामा कतै लैङ्गिक शक्तिसम्बन्ध बढी रहेको देखिन्छ भने कतै वर्गीय र जातीय शक्तिसम्बन्ध बढी रहेको देखिन्छ।

(२) कथाकार विश्वेश्वरप्रसाद कोइरालाले समाजमा घटेका घटनाहरूलाई यथार्थपरक शैलीमा आफ्ना कथामा उतारेका छन्। उनले अधिकांश नेपाली महिलाहरूले भोगेका समस्या र व्यथाहरूलाई आफ्ना कथाहरूमा उजागर गरेका छन्। यसरी हेर्दा प्रभुत्वशाली पुरुषहरूबाट महिलाहरू उत्पीडित हुन पुगेकाले उनीहरूको पहिचान विद्रूप र कहालीलाग्दो भएको छ। पितृसत्तात्मक संरचनाका कारण सिर्जित पुरुषको एक मात्र अधिकारका कारणले गर्दा महिलामाथि गरिएका शोषण र नियन्त्रणका कारण नारी पात्रको यस किसिमको पहिचान निर्माण भएको हो। वर्गीय दृष्टिले हेर्दा निम्नवर्गीय नेपाली नारीको जीवन अत्यन्त दयनीय र सीमान्तकृत रूपमा रहेको देख्न सकिन्छ।

कथाकार कोइरालाका कथामा देखापरेका पात्रहरू लैङ्गिक दृष्टिले उत्पीडित, वर्गीय दृष्टिले उच्च, मध्यम र निम्न तथा जातीय दृष्टिले सीमान्तकृत रूपमा देख्न सकिन्छ। कतैकतै शिक्षित देखिएका पात्रहरूलाई पनि शक्ति र सत्ताको आडकै कारण पछाडि पारिएको छ। वैचारिक दृष्टिले हेर्दा सचेत, आत्मनिर्भर, साहसी, सङ्घर्षशील र मेहनती पात्रको पहिचानका रूपमा चिन्न सकिन्छ। उनका कथामा देखापरेका केही पात्रहरू साहसी भएकै कारणबाट आफूमा आइपरेका समस्याहरूलाई तुरुन्तै प्रतिकार गर्न सक्षम निडर व्यक्तिका रूपमा देखापरेका छन्।

(३) विश्वेश्वरप्रसाद कोइरालाका अधिकांश कथामा समाजमा एउटा निम्नवर्गीय नारी वा पुरुषले उच्चवर्गका व्यक्तिबाट भोग्नुपरेको पीडालाई वर्गीय उत्पीडनका रूपमा लिन

सकिन्छ । समाजमा उच्चवर्गको पहुँचका कारण निम्नवर्गका मानिसहरू अपमानित र तिरस्कृत हुनुपरेको छ । अर्कोतर्फ नारीलाई आफ्नै भनाउँदा व्यक्तिहरूले विभिन्न प्रलोभनमा फसाएर अथवा गरिबपनको फाइदा उठाएर उल्टै यौन र श्रम शोषण गरेको देखिन्छ । हाम्रो समाजका महिलाहरू यौन शोषण र वर्गीय उत्पीडनको चरम पीडा भोग्न विवश रहेका छन् ।

विश्वेश्वरप्रसाद कोइरालाका कथामा कतै न कतै पात्रहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वर्गीय उत्पीडनको सिकार भएको देखिन्छ । यिनका कथामा देखापरेका पात्रहरू गरिबीकै कारणले गर्दा शारीरिक र मानसिक यातना भोग्न विवश छन् । महिलालाई आफ्नो यौन चाहना पुरा गर्ने साधनका रूपमा मात्र हेर्ने पुरुष मानसिकताका कारण समाजमा बालविवाह, अनमेल विवाह र बहुविवाह हुने गरेको पाइन्छ । गरिबी र कमजोर शक्तिसम्बन्धका कारण नै नारी लैङ्गिक, वर्गीय र जातीय उत्पीडनमा परेको पनि उनका कथामा देख्न सकिन्छ । यिनका कथामा महिलामात्र नभएर उच्चवर्गका महिलाबाट निम्नवर्गका महिलाहरू उत्पीडित भएको देखिन्छ भने उच्चवर्गका पुरुषहरूबाट निम्नवर्गका पुरुषहरू उत्पीडित भएको देखिन्छ । यसरी समग्रमा विश्लेषण गर्दा उनका कथामा जसको आर्थिक अवस्था उच्च छ त्यस व्यक्तिबाट निम्न आर्थिक अवस्था भएका पुरुष र महिलाहरू वर्गीय उत्पीडनको सिकार हुन पुगेको कुरा स्पष्टतः देखिन्छ ।

(४) विश्वेश्वरप्रसाद कोइराला मनोवैज्ञानिक यथार्थवादी कथाकार हुन् । उनका कथामा पुरुषप्रधान समाजले गर्ने लैङ्गिक विभेदका कारण नारीहरू पुरुषको शक्तिसत्ताको अधीनमा रहनुपरेका अवस्थाको चित्रण पाइन्छ । उनका कथामा नारीहरूले आफ्नो लैङ्गिक पहिचानको खोजीको सङ्घर्ष गरेका छन् । कोइरालाका कथामा नारीहरू लैङ्गिक उत्पीडनमा परेको चित्रण गरिएको छ । लैङ्गिकताका दृष्टिकोणले हेर्दा कोइरालाका कथाका पात्रहरूमा देखिने खास वैशिष्ट्य यिनै हुन् ।

# सन्दर्भ सामग्रीसूची


अर्याल, भोजेन्द्र, *लैङ्गिक अध्ययन,* काठमाडौँ : दीक्षान्त पुस्तक प्रकाशन, २०६२ ।

कोइराला, विश्वेश्वरप्रसाद, *दोषी चश्मा,* दसौँ संस्क., ललितपुर : साझा प्रकाशन, २०७२ ।

---, *श्वेतभैरवी,* सातौँ संस्क., ललितपुर : साझा प्रकाशन, २०७३ ।

गुरागाईं, राधिका, 'प्रेमपिण्ड नाटकको लैङ्गिक अध्ययन', अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०७० ।

गौतम, ध्रुवराज, 'कोइरालाका कथामा पात्रहरूको वर्गीय विभाजन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०७१ ।

चौधरी, विजेता, 'विश्वेश्वरप्रसाद कोइरालाका कथामा मधेस चिन्तन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०७१ ।

निराकार, वनमाली, 'विश्वेश्वरप्रसाद कोइरालाका कथामा प्रकृति चित्रण', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०७१ ।

पन्त, टङ्क, 'विश्वेश्वरप्रसाद कोइरालाका कथामा निहित पात्रमा मानसिक द्वन्द्व', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०७१ ।

पाण्डे, ज्ञानू, *नेपाली उपन्यासमा लैङ्गिकता,* काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान, २०६९ ।

पाण्डेय, ताराकान्त, *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* ललितपुर : साझा प्रकाशन, २०७३ ।

पोखरेल, दीपककुमार, 'रूपमती उपन्यासको लैङ्गिकता', अप्रकाशित दर्शनाचार्य तह शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०७१ ।

भद्रा, चन्दा (सम्पा.) *लैङ्गिक अध्ययन,* काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि, २०६७ ।

मिश्र, मिरा र पोखेल, बिन्दु, *लैङ्गिक अध्ययन,* काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि., २०६७ ।

लुइटेल, खगेन्द्रप्रसाद र शर्मा, मोहनराज, *शोधविधि,* तेस्रो संस्क., काठमाडौँ : साझा प्रकाशन, २०६२ ।

---, *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* चौथो.संस्क., काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०७२ ।

श्रेष्ठ, तारालाल, *शक्ति स्रष्टा र सबाल्टर्न,* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन, २०६८ ।